नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९

पौष, २०७९

{ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०७९/०९/०३ मा स्वीकृत}

# नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९

**प्रस्तावनाः** नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तार गर्न विभिन्न नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीहरु तथा ऊर्जाको उत्पादनमुलक उपयोगका लागि उपलब्ध गराइने अनुदान परिचालन कार्यलाई सरल, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले "नवीकरणीय ऊर्जा अनुदान नीति २०७८" को दफा १६.१ ले दिएको अधिकारको प्रयोग गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनुदान नीति" भन्नाले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ सम्झनुपर्छ ।

(ख) "अनुदान परिचालन कार्यविधि" भन्नाले नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ सम्झनुपर्छ

(ग) "अधिकतम लागत मूल्य (एम.आर.पि. वा सन्दर्भ मूल्य)" भन्नाले दफा ५.४ बमोजिम तय गरिएको प्रविधिको प्रति इकाई अधिकतम लागत मूल्य सम्झनुपर्छ ।

(घ) "आयोजना विकासकर्ता" भन्नाले नवीकरणीय ऊर्जा प्रणालीको कार्यक्रम सञ्चालनको लागि प्रचलित कानून बमोजिम स्थापित संस्था, सहकारी संस्था, सामुदायिक संस्था, उपभोक्ता समिति र व्यावसायिक तथा निजी संस्था सम्झनुपर्छ ।

(ङ) "आयोजना प्रवर्द्धक" भन्नाले स्थानीय तह आफै वा स्थानीय तहको अधिकांश स्वामित्व हुने गरी स्थानीय तहले तोकेको आयोजनाबाट लाभान्वित घरधुरी सम्मिलित सामुदायिक संस्था मार्फत् मिनीग्रिड आयोजना निर्माण तथा सञ्चालन गर्ने संस्था सम्झनुपर्छ ।

(च) "उत्पादनमूलक ऊर्जा प्रयोग" भन्नाले नवीकरणीय ऊर्जाको प्रयोग गरी प्रचलित कानून वमोजिम स्थापित लघु, साना तथा मझौला व्यवसाय तथा उद्योग सञ्चालनको माध्यमबाट आय, उत्पादकत्व, सेवा वा वस्तुको गुणस्तर तथा संख्या वढाउन सहयोग पुऱ्याउने कार्यलाई सम्झनुपर्छ ।

(छ) "उत्पादन क्षमता" भन्नाले आयोजनाको निर्माण सम्पन्न भई सकेपछि उत्पादित विद्युत शक्ति परीक्षणको आधारमा यकिन हुने विद्युत क्षमता (किलोवाट) सम्झनुपर्छ ।

(ज) "उपलब्ध उत्तम प्रविधि" भन्नाले निश्चित क्षेत्रमा निश्चित ऊर्जा सेवा प्रदान गर्नको लागि उपलब्ध हुने सबैभन्दा उपयुक्त र मितव्ययी नवीकरणीय ऊर्जा प्रविधि सम्झनुपर्छ ।

(झ) "उपभोक्ता" भन्नाले प्रवर्द्धन गरिएको नवीकरणीय ऊर्जा प्रविधिहरूको प्रयोगकर्ता वा लाभग्राही सम्झनुपर्छ ।

(ञ) "उपभोक्ता समिति" भन्नाले लक्षित घरधुरीको सामुहिक निर्णयवाट छनौट भई नवीकरणीय ऊर्जा आयोजनाको स्थापना एवं संचालनको लागि परस्पर लाभ एवं फाइदाको आधारमा गठन गरी सम्बन्धित निकायमा दर्ता भएका संस्था सम्झनुपर्छ ।

(ट) "ऊर्जा सेवा प्रदायक कम्पनी" भन्नाले ऊर्जा सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको कम्पनी वा सहकारी सम्झनुपर्छ ।

(ठ) "कम्पनी" भन्नाले केन्द्रलाई सेवा तथा वस्तु प्रदान गर्नका लागि केन्द्रले तोकेका आवश्यक सबै मापदण्ड तथा योग्यता पूरा गरेका मान्यता प्राप्त निजी संस्था सम्झनुपर्छ र सो शव्दले शुल्क लिई उपभोक्तालाई ऊर्जा सेवा प्रदान गर्ने तथा ऊर्जा प्रणालीको जडान र सुपरिवेक्षणको लागि तोकिएका आधिकारिक निजी कम्पनी (एकलौटी व्यवसाय, साझेदारी संस्था वा कम्पनी) समेतलाई जनाउँछ ।

(ड) "केन्द्र" भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनुपर्छ ।

(ढ) "कोष" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष सम्झनुपर्छ ।

(ण) "खरिद ऐन तथा नियमावली" भन्नाले नेपालको प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली सम्झनुपर्छ ।

(त) "घरायसी प्रणाली" भन्नाले घरायसी प्रयोजनको लागि जडान भएका नवीकरणीय ऊर्जा प्रणाली सम्झनुपर्छ । यस अन्तर्गत सोलार ड्रायर तथा कुकर, बायोग्यास प्लान्ट, फलामे कोठा तताउने र खाना पकाउने चुलो, फलामे रकेट चुलो, ग्याँसिफायर चुलो, सौर्य विद्युत प्रणाली, धार्मिक स्थलको लागि सौर्य ऊर्जा प्रणाली, घरेलु सौर्य फोटोभोल्टिक पानी तान्ने प्रणाली (सिंचाइ प्रयोजनका लागि) र सुधारिएको पानीघट्ट (कुटानी, पिसानी तथा अन्य परिप्रयोगको लागि) लगायतका अन्य नवीकरणीय ऊर्जा प्रणाली सम्झनुपर्छ ।

(थ) "घरायसी बायोग्यास प्लान्ट" भन्नाले दुई देखि बाह्र घन मिटर सम्मका गाई भैंसीको गोबर मुख्य पदार्थको रुपमा प्रयोग गरी अन्य पशुपंक्षी लगायत मानव मलमुत्रमा आधारित बायोग्यास प्लान्ट सम्झनुपर्छ ।

(द) "घरेलु सौय प्रणाली" भन्नाले ब्याट्री, सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्ब समेतको पचास वाट वा सो भन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको सौर्य घरेलु विद्युत प्रणाली सम्झनुपर्छ ।

(ध) "जडित क्षमता" भन्नाले आयोजनाको डिजाइन अनुसार जडान भएको विद्युत उत्पादन क्षमता (किलोवाट) सम्झनुपर्छ ।

(न) "तापीय ग्यासिफायर प्रणाली" भन्नाले ठोस जैविक वस्तुहरूलाई तापीय रासायनिक प्रतिक्रियाबाट प्रज्वलनशील ग्यासमा परिणत गरी उक्त ग्यासलाई विभिन्न कृषिजन्य वस्तुलाई तताउने वा अन्य प्रयोजन गर्ने उद्देश्यले प्रयोग गर्न ग्यासिफायर प्रविधिमा आधारित ऊर्जा प्रणाली सम्झनुपर्छ ।

(प) "नगरपालिकाबाट निस्कने फोहरबाट बायोग्यास ऊर्जा प्रणाली" भन्नाले नगरपालिका क्षेत्र भित्र उत्पादित कुहिने ठोस फोहरलाई प्रयोग गरी निर्माण भएका बायोग्यास प्लान्ट सम्झनुपर्छ ।

(फ) “निजी संस्था” भन्नाले नवीकरणीय ऊर्जाको सेवा वा वस्तु उपलब्ध गराउने उद्देश्यले प्रचालित कानून बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ ।

(ब) “परीक्षण केन्द्र” भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्न्तगत रहेको नवीकरणीय ऊर्जा परीक्षण केन्द्र सम्झनुपर्छ ।

(भ) “पिको जलविद्युत आयोजना” भन्नाले दश किलोवाट सम्म जडित क्षमता भएको जलविद्युत आयोजना सम्झनुपर्छ ।

(म) “प्रतिस्पर्धी कम्पनी” भन्नाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वा प्रतिस्पर्धा (रिभर्स अक्सन) बमोजिम खरिद बिधि मार्फत् ऊर्जा प्रणालीको जडान तथा सञ्चालनको लागि छनौट भएका निजी कम्पनी सम्झनुपर्छ ।

(य) “प्राविधिक पुनरावलोकन समिति” भन्नाले आयोजनाको प्राविधिक, आर्थिक, सामाजिक, वातावरणीय पक्षको मूल्याङ्कन गर्ने समिति सम्झनुपर्छ ।

(र) “बैंक” भन्नाले नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट “क” वा “ख” वर्गको इजाजत प्राप्त बैंक सम्झनुपर्छ ।

(ल) “भायबिलिटी ग्याप फण्डिङ्ग (भि.जि.एफ.)” भन्नाले नवीकरणीय ऊर्जाको उत्पादन र सम्मिश्रण तथा ऊर्जाको किफायती उपयोगमा वृद्धि गरी ऊर्जाको पहुँच र ऊर्जा सुरक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिने आयोजनालाई सम्भाव्य बनाउन प्रतिस्पर्धात्मक विधिबाट उपलब्ध गराइने लागत परिपुरण सहयोग सम्झनुपर्छ । यस प्रयोजनको लागि नेपाल सरकार तथा विभिन्न विकास साझेदारबाट च्यालेञ्ज फण्डको रुपमा प्राप्त हुने रकम समेत प्रयोग गरिनेछ ।

(व) “मन्त्रालय” भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनुपर्छ ।

(स) “रकेट चुलो” भन्नाले घरमा खाना पकाउने प्रयोजनको लागि पूर्ण वा आंशिक रुपमा रकेट सिद्धान्तमा आधारित धातुको पाताबाट बनेको एक वा दुई मुखे किफायती चुलो सम्झनुपर्छ । र सो शब्दले रकेट सिद्धान्तमा आधारित ग्यासिफायर चुलोलाई समेत जनाउँछ ।

(ष) “लघु जलविद्युत आयोजना” भन्नाले दश किलोवाट देखि एकसय किलोवाट सम्म जडित क्षमता भएको जलविद्युत आयोजना सम्झनुपर्छ ।

(श) “लगानी समिति” भन्नाले प्रचलित केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका बमोजिम गठित लगानी समिति सम्झनुपर्छ ।

(ह) “लक्षित लाभान्वित वर्ग” भन्नाले बालबालिका समेत पालनपोषण गर्नुपर्ने घरमूली महिला, भूकम्पबाट प्रभावित जिल्लाहरुका भूकम्पबाट पिडित, आर्थिक तथा सामाजिक दृष्टिले पछि परेका, नेपाल सरकारले पहिचान गरेका लोपोन्मुख आदिवासी जनजाति तथासम्झनुपर्छ ।

(क्ष) “व्यावसायिक संस्था” भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ ।

(त्र) "व्यावसायिक प्रणाली" भन्नाले व्यावसायिक प्रयोजन तथा नाफामूलक उद्देश्यको लागि स्थापित तथा सञ्चालित नवीकरणीय ऊर्जा प्रणाली सम्झनुपर्छ ।

(ज्ञ) "व्यावसायिक बायोग्यास प्लान्ट" भन्नाले निजी क्षेत्रको लगानीमा स्थापित पशुपंक्षी फर्म, पोल्ट्रीफर्म, दुग्ध प्रशोधन केन्द्र, विद्यालय, अस्पताल, मासु उत्पादन गर्ने वधशाला तथा उद्योग लगायतका निजी तथा व्यवसायिक संस्थाको स्वामित्व भएका बायोग्यास प्लान्ट सम्झनुपर्छ ।

(कक) "विकास साझेदार" भन्नाले नवीकरणीय ऊर्जा कार्यक्रम तथा परियोजना कार्यान्वयनको लागि केन्द्र मार्फत आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउने वैदेशिक सरकार वा निकाय सम्झनुपर्छ ।

(कख) "स्थानीय तह" भन्नाले प्रचलित कानून वमोजिम गठित गाँउपालिका, नगरपालिका वा जिल्ला सभा सम्झनुपर्छ । सो शव्दले स्थानीय तह अन्तर्गतको वडा कार्यालयलाई समेत जनाउँछ ।

(कग) "स्वतन्त्र परामर्शदाता" भन्नाले कुनै निश्चित कार्य गर्नका लागि केन्द्र वा अनुदान परिचालन कार्यविधिमा तोकिए बमोजिम सम्झौता गरी काममा लगाइएको व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(कघ) "सम्बन्धित निकाय" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा स्थापित भएको संस्था सम्झनुपर्छ ।

(कङ) "सामुदायिक संस्था" भन्नाले समुदायमा भएका घरधुरीको साझा उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधारमा गठित सम्वन्धित निकायमा दर्ता भएका संस्था सम्झनुपर्छ ।

(कच) "सामुदायिक प्रणाली" भन्नाले समुदायले व्यवस्थापन एवं संचालन गर्ने नवीकरणीय ऊर्जा प्रणाली तथा परियोजना सम्झनुपर्छ ।

(कछ) "साना जलविद्युत आयोजना" भन्नाले एकसय किलोवाट देखि एक हजार किलोवाटसम्म जडित क्षमता भएको जलविद्युत आयोजना सम्झनुपर्छ ।

(कज) "साना घरेलु सौय प्रणाली" भन्नाले ब्याट्री, सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्ब समेतको दश देखि वीस वाटपिक क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको सौर्य घरेलु विद्युत प्रणाली सम्झनुपर्छ ।

(कझ) "सामुदायिक बायोग्यास प्लान्ट" भन्नाले चार वा सो भन्दा बढी घरधुरीलाई ऊर्जा प्रदान गर्ने गरी स्थापना भएका बायोग्यास प्लान्ट सम्झनुपर्छ र सो शव्दले स्थानीय समुदायमा आधारित संस्था, सामुदायिक उपभोक्ता समूह, आमा समूह, टोल विकास संस्था, स्थानीय समुदायको फोहर व्यवस्थापनमा कार्य गर्ने गैरसरकारी संस्था वा कृषक समूहद्वारा स्थापित बायोग्यास प्लान्ट समेतलाई जनाउँछ ।

(कञ) "सार्वजनिक संस्था" भन्नाले समुदायको परस्पर लाभ एवं हितका लागि समान पहुँचको आधारमा संगठित संस्था सम्झनुपर्छ र सो शव्दले सरकारी तथा सामुदायिक विद्यालय, स्थानीय तह, सरकारी तथा सामुदायिक अस्पताल, प्रहरी तथा सैनिक व्यारेक, स्वास्थ्य चौकी, धार्मिक स्थल, साँस्कृतिक तथा पुरातात्विक संघसंस्था र ट्रष्ट समेतलाई जनाउँछ ।

(कट) "फलामे सुधारिएको चुलो" भन्नाले खाना पकाउन तथा कोठा तताउने प्रयोजनका लागि फलामका पाताबाट बनाईएका निश्चित मापदण्डका एक मुखे, दुई मुखे र तीन मुखे फलामको किफायती चुलो सम्झनुपर्छ ।

(कठ) "सौर्य खानेपानी प्रणाली" भन्नाले समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने सौर्य पम्पिङ्गमा आधारित खानेपानी प्रणाली सम्झनुपर्छ । यस्तो प्रणालीमा इलेक्ट्रो–मेकानिकल उपकरण जस्तै सौर्य प्रणाली, पानी तान्ने पम्प सेट, मुहान संगको पानी ट्याङ्की, मुहान संगैको फिल्टर, पानी जम्मा गर्ने ट्याङ्की, पाईपको लाइन, वितरण ट्याङ्की एवं धाराका साथै न्यूनतम सिभिल संरचना समावेश हुन्छन् ।

(कड) **"सौर्य सिंचाइ प्रणाली"** भन्नाले समुदाय वा निजी क्षेत्रद्वारा व्यवस्थित सौर्य पम्पिङ्गमा आधारित सिँचाइ आयोजना सम्झनुपर्छ । यस्तो प्रणालीमा  सौर्य विद्युत प्रणाली, इलेक्ट्रो–मेकानिकल उपकरण जस्तै पानी तान्ने मोटर/पम्प, सिभिल संरचना तथा कुलो आदि पर्दछन् ।

(कढ) "संस्थागत प्रणाली" भन्नाले सार्वजनिक संस्था वा स्थान वा निजी संस्थामा जडान तथा निर्माण हुने नवीकरणीय ऊर्जा प्रणाली सम्झनुपर्छ ।

(कण) "संस्थागत बायोग्यास प्लान्ट" भन्नाले शैक्षिक तथा प्राज्ञिक संस्था, अस्पताल, प्रहरी वा सैनिक ब्यारेक, धार्मिक क्षेत्र, गौशाला, बृद्धाश्रम, अनाथालय र ट्रष्ट सहितको पुरातात्विक क्षेत्र लगायतका सार्वजनिक संस्थामा निर्माण गरिएका बायोग्यास प्लान्ट सम्झनुपर्छ ।

(कत) "संस्थागत सौर्य विद्युत प्रणाली" भन्नाले सार्वजनिक संस्थामा सौर्य ऊर्जाको प्रयोगबाट विभिन्न विद्युतीय उपकरण सञ्चालन गर्न प्रयोग हुने प्रणाली सम्झनुपर्छ । यस्तो प्रणालीमा सौर्य विद्युत प्रणाली सेट र सौर्य विद्युतबाट सञ्चालन हुने उपकरण जस्तै ल्यापटप, कम्प्युटर तथा शैक्षिक सफ्टवेयर, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, फ्याक्स, इन्टरनेटको लागि प्रयोग हुने उपकरण, प्रोजेक्टर, भ्याक्सिन राख्ने फ्रिज आदि समेत समावेश हुन्छन् ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था तथा माग संकलन

३. **संस्थागत व्यवस्था :** केन्द्र मार्फत उपलब्ध हुने अनुदान परिचालनको लागि देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

**(क)** **केन्द्र**: केन्द्रले नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तारका लागि आवश्यक प्राविधिक र आर्थिक सहयोग पुर्‍याउनेछ ।

**(ख)** **कोषः** नवीकरणीय ऊर्जा प्रविधि/सेवाको प्रवर्द्धनका लागि स्थापित केन्द्रीय नवीकरणीय ऊर्जा कोषले देहाय बमोजिमका कार्य गर्नेछ :-

**(अ)** केन्द्रको सिफारिसमा नवीकरणीय ऊर्जा आयोजना/प्रणालीको जडानकर्ता र अन्य अनुदान प्राप्तकर्तालाई अनुदानको भुक्तानी गर्ने ।

**(आ)** केन्द्रबाट प्राविधिक रुपमा उपयुक्त ठहर गरिएका नवीकरणीय ऊर्जा प्रविधिहरू निर्माण तथा जडान गर्न इच्छुक घरधुरी, संस्था तथा समुदायलाई आवश्यक कर्जा सुविधा उपलब्ध गराउने ।

**(इ)** भायाबिलिटी ग्याप फण्डिङ्गको व्यवस्थापन गर्ने ।

कोषको सञ्चालन तथा व्यवस्थापन प्रचलित केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका बमोजिम हुनेछ ।

४. **माग संकलन** : (१) केन्द्रले प्रत्येक वर्ष वार्षिक कार्यक्रम तथा बजेट अनुसार अनुदान उपलब्ध हुने प्रविधिको लागि सार्वजनिक सूचना मार्फत माग संकलन गर्नेछ।

(२) इच्छुक उपभोक्ताबाट माग संकलन गर्दा सम्बन्धित स्थानीय तहसँगको समन्वय र सहकार्यमा गरिनेछ।

## परिच्छेद- ३
## प्रविधि र आपूर्तिकर्ता छनौट तथा अनुदान परिचालन

### ५. ऊर्जा प्रणालीको उपयुक्तता, जडान/निर्माण र गुणस्तर मापन

### ५.१ उपलब्ध उत्तम प्रविधिको छनौट

उपलब्ध उत्तम प्रविधिको सिद्धान्त अनुसार कुनै खास नवीकरणीय ऊर्जा प्रविधिको उपयुक्तता सरलीकृत मूल्याङ्कनको माध्यमबाट प्रविधिको लागत अन्य उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिहरूको उपलब्धता र लागतसँग तुलना गरी मूल्याङ्कन गरिनेछ। समुदाय/संस्था/घरधुरीको प्राविधिक तथा आर्थिक पक्षको प्रमाणीकरण गर्ने तथा जडान गरिने प्रणालीहरूको कार्यान्वयन तथा अनुगमन गर्ने कार्य उपलब्ध उत्तम प्रविधिको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा गरिनेछ। सम्भाव्यता अध्ययनमा उपलब्ध उत्तम प्रविधिका आर्थिक पक्षको अध्ययनका साथै जोखिम तथा अन्य पक्षहरू समेत समावेश हुनुपर्नेछ।

उपलब्ध उत्तम प्रविधि छनौट गर्न केन्द्रले सोझै वा केन्द्रले तोकेका संस्था मार्फत उपभोक्ता सचेतना र प्रविधि सम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्नेछ। सम्भाव्यता अध्ययन प्रतिवेदनबाट छनौट गरिएको निश्चित प्रविधि कुनै निश्चित संस्था, समुदाय वा भौगोलिक क्षेत्रको लागि उपलब्ध उत्तम प्रविधि रहे वा नरहेको भन्ने विषयमा यकिन गरिनेछ।

### ५.२ प्राविधिक गुणस्तर मापन

केन्द्र मार्फत अनुदानमा उपलब्ध गराइने नवीकरणीय ऊर्जा प्रणाली तथा आयोजनामध्ये परीक्षण केन्द्रमा परीक्षण सुविधा भएका प्रणालीको हकमा परीक्षण केन्द्रबाट राष्ट्रिय मापदण्ड वा अन्य सान्दर्भिक मापदण्ड अनुसारका परीक्षण तथा प्रमाणित गरिनेछ। परीक्षण केन्द्रबाट परीक्षण सुविधा नभएको हकमा अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र प्राप्त गरेका प्रमाणपत्रको प्रमाणीकरण नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रले तोकेको निकायबाट गरिनेछ।

### ५.३ आपूर्तिकर्ताको छनौट

#### ५.३.१ घरायसी प्रणाली

घरेलु ऊर्जा प्रणालीमा प्रयोग हुने उपकरण तथा सामानको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्री पछिको सेवा लगायत अन्य कुनै पनि सेवाहरूको गुणस्तर सुनिश्चित गर्न केन्द्रबाट देहाय बमोजिमका न्यूनतम सूचकहरूको आधारमा कम्पनी छनौट गरिनेछ :-

(क) बाह्य पहुँच सञ्जाल,

(ख) मानव स्रोत,

(ग) कारोबार रकम,

(घ) सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव,

(ङ) समग्र गुणस्तर सुनिश्चतता तथा नियन्त्रण प्रणाली,

(च) कम्पनीको प्रबन्धपत्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्ने उद्देश्य उल्लेख भएको ।

घरायसी प्रणालीको लागि केन्द्रबाट माथि उल्लिखित सूचकको आधारमा प्रत्येक वर्ष सम्बन्धित प्रविधिका क्षेत्रमा मान्यता प्राप्त कम्पनी छनौट गरिनेछ । उपभोक्ताले केन्द्रबाट मान्यता प्राप्त कम्पनी मार्फत मागमा आधारित प्रक्रियाबाट प्रणाली जडान गरी अनुदान आवेदन फाराम केन्द्रमा भूक्तानीका लागि पेश गर्न सक्नेछन् ।

तर एकमुष्ट रुपमा कुनै निश्चित स्थान वा क्षेत्रमा घरेलु ऊर्जा प्रविधिहरूको प्रवर्द्धन गर्दा उपदफा ५.५ बमोजिम सार्वजनिक खरिद प्रक्रियाद्वारा प्रतिस्पर्धा (रिभर्स अक्सन) बाट प्रतिस्पर्धी कम्पनी छनौट गरिनेछ ।

**५.३.२ <u>सामुदायिक र संस्थागत प्रणाली</u>**

सामुदायिक र संस्थागत प्रणालीको लागि वस्तु, सेवा तथा परामर्श सेवाहरूको प्राप्तिको लागि प्रतिस्पर्धी कम्पनीको योग्यताको मापदण्ड खरिद ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार हुनेछ। खरिदको प्रकृति, लागत अनुमान, बोलपत्र आवेदकको उपलब्धता, प्रविधिको उपलब्धता आदिको आधारमा मापदण्ड फरक फरक हुन सक्नेछ ।

**५.४ <u>प्रति इकाई लागत मूल्य निर्धारण</u> :** अनुदान नीतिको दफा १२.४ बमोजिम केन्द्रले घरायसी ऊर्जा प्रविधिको प्रति इकाई लागत मूल्य (एम.आर.पि. वा सन्दर्भ मूल्य) निर्धारण गर्दा देहायका आधारमा गरिनेछ :-

(क) प्रविधिको प्राविधिक मापदण्ड (स्पेसिफिकेसन), क्षमता र गुणस्तर

(ख) अघिल्ला आर्थिक वर्षको वास्तविक लागत रकम,

(ग) प्रचलित स्थानीय बजार दर,

(घ) उद्योग वाणिज्य संघ वा सम्बन्धित व्यावसायिक संगठनले प्रकाशित गरेको अधिकतम खुद्रा मूल्य (एम. आर. पि.),

(ङ) अन्य सार्वजनिक निकायले सार्वजनिक खरिद प्रक्रियाबाट सो प्रणाली खरिद गरेको भए सो को खरिद मूल्य दर,

(च) जिल्ला दररेट प्रकाशित भएको हकमा उक्त दररेट र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च

(छ) उत्पादकले प्रकाशित गरेको बिक्री मूल्य,

(ज) प्रचलित अन्तर्राष्ट्रिय बजार मूल्य ।

**५.५ <u>प्रतिस्पर्धा (रिभर्स अक्सन) विधिबाट खरिद प्रक्रिया</u> :** (१) यस विधिबाट हुने खरिद प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) अनुदान नीतिको दफा १२.५ मा उल्लेख भए अनुसार छनौट भएका क्षेत्रहरूमा सार्वजनिक खरिद प्रक्रियाद्वारा प्रतिस्पर्धाको माध्यमबाट निश्चित परिमाणमा ऊर्जा प्रणाली आपूर्ति गर्न बोलपत्र आह्वान गरिनेछ ।

(ख) केन्द्रबाट मागको मूल्याङ्कन/प्रक्षेपण वा वार्षिक लक्ष्य अनुसार परिमाण निर्धारण गरिनेछ ।

(ग) कम्पनीहरूले प्रणालीको आपूर्ति तथा जडानमा लाग्ने खर्च र उक्त प्रणालीको प्रचलित अनुदान दर वा कूल खर्चको आधारमा बोलपत्र पेश गर्नुपर्नेछ ।

(२) यस विधिबाट हुने खरिद प्रक्रियाको लागि प्रचलित खरिद ऐन नियमावलीको आधारमा प्रस्ताव माग गर्न बोलपत्र कागजात तयार गर्दा देहायका प्रावधान समावेश गरिनेछ :-

(क) तोकिएको भौगोलिक क्षेत्र,

(ख) न्यूनतम कार्यक्षमता मापदण्ड,

(ग) भौतिक लक्ष्य,

(घ) समयसीमा तथा कार्य प्रगतिका चरण,

(ङ) लगानीका अवसरको जानकारी,

(च) मूल्याङ्कन मापदण्ड, आधार र अंकभार

(छ) प्रणालीको वितरण तथा भूक्तानीको तरिका

(ज) खरिद सम्झौताका शर्तहरु

(३) यस विधिबाट खरिदको लागि अवलम्वन गरिने प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले आधारभूत अवस्थाको अध्ययन गरी प्रतिवेदन तयार गर्नेछ ।

(ख) अध्ययन प्रतिवेदनको आधारमा केन्द्रले सार्वजनिक खरिदका लागि उपयुक्त भौगोलिक क्षेत्रको छनौट गर्नेछ ।

(ग) बोलपत्र तयारी र बोलपत्र आह्वान गर्दा खरिद ऐन तथा नियमावलीमा तोकिए बमोजिमको प्रावधान पालना गर्नुपर्नेछ ।

(घ) प्राविधिक मापदण्ड पूरा गरेका बोलपत्रमध्ये सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्य कबूल गरेको बोलपत्र छनौट गर्नुपर्नेछ ।

(ङ) तोकिएको समयमा कार्य सम्पन्न गर्न अनुदान नीति, अनुदान परिचालन कार्यविधि र प्रचलित कानूनको अधिनमा रही सबैभन्दा प्रभावकारी उपाय अवलम्वन गरी लक्ष्य पूरा गर्नुपर्नेछ ।

(च) यस सम्बन्धी अन्य प्रक्रिया खरिद सम्बन्धी कागजातमा तोकिए बमोजिम हुनेछ ।

(४) प्रतिस्पर्धी कम्पनीको योग्यताका सूचक तथा भुक्तानी प्रक्रिया बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

## ६. अनुदान परिचालन

**६.१.घरायसी प्रणाली :** घरायसी प्रणालीको अनुदान प्राप्त गर्नको लागि लक्षित घरपरिवार नेपाली नागरिक हुनुपर्ने र निजले सोही घरमा सोही प्रकारको, सोही क्षमता वा सो भन्दा बढी क्षमताको प्रणाली जडानको लागि यसअघि अनुदान न नलिएको हुनुपर्ने ।

**६.१.१.आधारभूत अवस्था मापन :** नवीकरणीय ऊर्जाको माग तथा सम्बन्धित आधारभूत तथ्याङ्कको मापन देहायको आधारमा गरिनेछ :-

(क) घरायसी प्रणालीबाट विद्युतीकरण गर्नुपर्ने वा खाना पकाउने स्वच्छ ऊर्जा प्रणाली जडान गर्नुपर्ने घरधुरीको संख्या सहित स्थानीय तहको माग,

(ख) केन्द्रमा उपलब्ध तथ्याङ्क ।

उल्लिखित आधारको अलावा केन्द्रले स्थानीय तहसँग सहकार्य गरी घरायसी प्रणाली मागको नक्शाङ्कन तयार गर्न र लक्ष्य निर्धारण गर्न सक्नेछ ।

६.१.२. **अनुदान परिचालन** : विभिन्न भौगोलिक क्षेत्रको माग तथा आपूर्तिमा आधारित भई देहायका मध्ये कुनै एक प्रक्रिया अवलम्वन गरी अनुदान परिचालन गरिनेछ :-

**(क) मान्यता प्राप्त कम्पनी मार्फत परिचालन :** यस अन्तर्गतको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(अ) यस कार्यको लागि केन्द्रले दफा ५.३.१ को प्रावधान अनुसार तोकिएका सूचकहरु पुग्नेसम्बन्धित कम्पनीलाई मान्यता प्रदान गरी सोको सूची प्रकाशित गर्नेछ ।

(आ) मान्यता प्राप्त कम्पनी मार्फत उपलब्ध हुने प्रविधि मध्येबाट उपयुक्त प्रविधिको छनौट कार्य सम्बन्धित घरधुरीले गर्नुपर्नेछ ।

(इ) केन्द्र वा स्थानीय तहबाट उपभोक्ता शिक्षा र जनचेतना अभिवृद्धि गर्ने कार्य सञ्चालन गरिनेछ ।

(ई) मान्यता प्राप्त कम्पनी मार्फत वस्तु तथा सेवाको खरिद गर्न वा नगर्न घरधुरी स्वतन्त्र हुनेछन् ।

(उ) घरधुरीले मान्यता प्राप्त कम्पनीहरूमध्ये उपयुक्त कम्पनी छनौट गरी घरायसी प्रणालीको आपूर्ति/जडान र बिक्री पश्चातको सेवाको लागि केन्द्रले तोकेको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

**(ख) प्रतिस्पर्धी कम्पनी मार्फत परिचालन :** अनुदान नीतिको दफा १२.५ अनुसार माग भई आएका प्रणालीको खरिद, आपूर्ति/जडान तथा भुक्तानी कार्य यस कार्यविधिको दफा ५.५ बमोजिम गरिनेछ ।

६.२. **संस्थागत तथा सामुदायिक प्रणाली** : संस्थागत तथा सामुदायिक प्रणालीको अनुदान प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) प्रणालीको आपूर्ति, जडान तथा निर्माण कार्यको लागि खरिद ऐन तथा नियमावली बमोजिम कम्पनी छनौट गरिनेछ ।

(ख) वित्तीय स्रोतको सुनिश्चितता पश्चात् सम्बन्धित प्रणाली/आयोजनाको कार्यान्वयन गरिनेछ । सो को लागि केन्द्रले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह, प्रदेश सरकार वा अन्य संस्था र सम्बन्धित उपभोक्तासँग समन्वय र सहकार्य गर्नेछ ।

(ग) सम्झौतामा उल्लेख भए बमोजिम लाभग्राही संस्था, आपूर्ति तथा जडानकर्ता कम्पनी वा परामर्शदातालाई विभिन्न किस्तामा तोकिएको अनुदान रकम वा सेवा शुल्क भुक्तानी गरिनेछ ।

६.३ **न्यूनतम योग्यता तथा विस्तृत प्रक्रिया :** (१) नवीकरणीय ऊर्जा प्रणाली तथा उत्पादनमूलक ऊर्जा प्रयोगमा अनुदान तथा कर्जा परिचालनका लागि न्यूनतम योग्यता तथा विस्तृत प्रक्रिया देहाय बमोजिम हुनेछ :

| क्र.सं. | विवरण | विस्तृत प्रक्रिया |
|---|---|---|
| (क) | सुधारिएको पानी घट्टबाट विद्युतीकरण, पिको/लघु/साना जलविद्युत आयोजना | अनुसूची १ |
| (ख) | सुधारिएको पानीघट्ट | अनुसूची २ |
| (ग) | सौर्य ऊर्जा | अनुसूची ३ |
| (घ) | बायोग्यास | अनुसूची ४ |
| (ङ) | जैविक ऊर्जा | अनुसूची ५ |
| (च) | वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणाली | अनुसूची ६ |
| (छ) | उत्पादनमूलक ऊर्जा प्रयोग | अनुसूची ७ |
| (ज) | कर्जा परिचालन प्रक्रिया | अनुसूची ८ |

(२) लक्षित लाभान्वित वर्गलाई उपलब्ध हुने अनुदानको हकमा सम्बन्धित निकायबाट जारी गरिएको प्रमाणपत्र वा सिफारिस समेतलाई आधार मानी अनुदान उपलब्ध गराइनेछ ।

## परिच्छेद- ४
## अनुगमन मूल्यांकन, उपभोक्ता हित संरक्षण तथा गुनासो समाधान

७. **अनुगमन र मूल्याङ्कन** : अनुगमन तथा मूल्याङ्कन संयन्त्र सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) जडित नवीकरणीय ऊर्जा प्रणालीको स्थलगत अनुगमन र मूल्याङ्कन केन्द्र वा सम्बन्धित स्थानीय तहबाट गरिनेछ ।

(ख) जडित नवीकरणीय ऊर्जा प्रणालीको बिक्रीपछिको सेवा अवधि समाप्त भएपछि संस्थागत र सामुदायिक प्रणालीको हकमा सम्पूर्ण प्रणाली र घरायसी प्रणालीको हकमा कम्तीमा १० प्रतिशत प्रणाली (हरेक कम्पनीको कम्तीमा १० प्रतिशत प्रणाली पर्नेगरी) नमूना छनौट (र्‍याण्डम स्याम्प्लिङ्ग) को आधारमास्थलगत अनुगमन गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम स्थलगत अनुगमन गर्दा सम्भव भएसम्म सबै प्रविधिको भौगोलिक क्षेत्रगत प्याकेज बनाई एकीकृत विधिबाट गरिनेछ ।

(घ) नमूना छनौटको आधारमा गरिएको अनुगमनबाट कुनै विचलन फेला परेमा देहायको आधारमा हिसाब ( एक्स्ट्रापोलेसन) गरी सम्बन्धित कम्पनीलाई बिगो तथा क्षतिपूर्ति भराइनेछ :

बिगो तथा क्षतिपूति (रु.मा) = (भारित औसत अनुदान भुक्तानी) × (अनुदानको क्षतिपूर्ति प्रतिशतमा) × (विचलन फेला परेका प्रणाली नमुनाको अनुपात) × (समय अवधिमा स्वीकृत गरिएका र अनुदानमा जडान गरिएका प्रणालीको संख्या)

(ङ) प्रविधिको अनुगमन, प्रभाव अध्ययन वा उपभोक्ता सर्वेक्षण आवश्यकता अनुसार गर्न सकिनेछ ।

(च) दश प्रतिशत भन्दा बढी ऊर्जा प्रणालीहरुमा गम्भीर विचलन* फेला परेमा त्यस्ता कम्पनीलाई तीन वर्षको लागि केन्द्रको काम गर्न नपाउने गरी निलम्बन गरिनेछ ।

*स्पष्टिकरण : गम्भीर विचलन भन्नाले सम्बन्धित प्रविधिको अनुसूचीमा विचलनको प्रकार अनुसार “अनुदान रकम बराबरको बिगो भराई सो बराबरको रकम क्षतिपूर्ति भराउने” विचलन सम्झनुपर्दछ ।

८. **उपभोक्ताको हित संरक्षण** : उपभोक्ताको हित संरक्षणको लागि देहाय बमोजिमका प्रावधान अवलम्बन गरिनेछ:

(क) उपभोक्ताको हित संरक्षणका लागि केन्द्रले स्थानीय तह र अन्य सम्बन्धित निकायसँगको सहकार्यमा वा आम सञ्चारको माध्यमबाट आवश्यक शिक्षा र सचेतना सम्बन्धी क्रियाकलाप संचालन गर्नेछ ।

(ख) केन्द्रबाट अनुदान प्राप्त गर्ने उपभोक्तालाई नवीकरणीय ऊर्जा प्रविधिका विविध पक्ष जस्तै नवीकरणीय ऊर्जाका फाइदा, लागत, जडान, संचालन विधि, उचित प्रयोग विधि, मर्मत तथा विक्री पछिका सेवा समेतका बारेमा समय समयमा जानकारी प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(ग) केन्द्र मार्फत वितरण, जडान वा निर्माण सम्पन्न भएका नवीकरणीय ऊर्जा प्रविधि प्रयोगकर्तालाई कुनै गुनासो भएमा सो को समाधानको लागि सिकायत गर्ने प्रयोजनको लागि केन्द्रको टेलिफोन नम्बर र इमेल

सहितको सम्पर्क ठेगाना उपलब्ध गराउनुपर्नेछ ।

(घ) केन्द्रको अनुदानमा जडान वा निर्माण सम्पन्न गरिने नवीकरणीय ऊर्जा प्रविधि, उपकरण, निर्माण कार्य र उपलब्ध सेवा तोकिएको गुणस्तर तथा मापदण्ड वमोजिम हुनुपर्नेछ ।

९. **गुनासो समाधानका लागि सहजीकरण** : (१) जडित नवीकरणीय ऊर्जा प्रणालीमा कुनै समस्या आएमा सो को समाधानको लागि कम्पनीलाई सम्पर्क गर्न सम्पर्क व्यक्ति र टेलिफोन नम्बर सहितको सम्पर्क ठेगाना कम्पनीले उपभोक्तालाई उपलब्ध गराउनुपर्नेछ र उपभोक्ताले कुनै समस्या आएमा सम्बन्धित कम्पनीलाई सोही सम्पर्क ठेगानामा सम्पर्क गर्नुपर्नेछ । यसरी प्राप्त गुनासोको सम्बन्धित कम्पनीले सम्झौतामा तोकिएको समयसिमाभित्र समाधान गर्नुपर्नेछ ।

(२) सम्बन्धित कम्पनीले सम्झौतामा तोकिएको समयसिमाभित्र समस्या समाधान नगरेमा केन्द्रले सिकायत गर्ने प्रयोजनको लागि व्यवस्था गरेको टेलिफोन नम्बर र इमेल सहितको सम्पर्क ठेगानामा उपभोक्ताको गुनासो गर्न सक्नेछन् ।

(३) केन्द्रले प्राप्त गुनासो समाधानको लागि सम्बन्धित कम्पनीलाई निश्चित समयसिमा तोकी पत्राचार गर्नेछ र समस्या समाधान भएको प्रमाण सहित केन्द्रमा जानकारी पेश गर्न लगाउनेछ ।

(४) तोकिएको समयसिमाभित्र समस्या समाधान नगर्ने कम्पनीलाई केन्द्रले कम्तीमा एक वर्ष केन्द्रको काम गर्न नपाउने गरी निलम्बन गर्न सक्नेछ ।

(५) अनुदान नीति तथा यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा आईपरेका समस्याको पहिचान तथा समाधानका लागि आवश्यकता अनुसार केन्द्रले सहजीकरण समिति बनाउन सक्नेछ ।

## परिच्छेद- ५
## विविध

### १०. अन्य प्रावधान

**१०.१ कागजात पेश गर्नुपर्ने** : यस कार्यविधि अनुसार अनुदान उपलब्ध हुने नवीकरणीय ऊर्जा प्रविधि/व्यावसायको अनुदानको लागि केन्द्रले निर्धारण गरे बमोजिम कार्यविधिमा उल्लेखित पेश गर्नुपर्ने कागजातको भौतिक प्रति (Hard copy) तथा सोको विद्युतीय प्रति (Soft copy) समेत पेश गर्नुपर्नेछ ।

**१०.२ बैंक जमानतमा रिटेन्सन रकम भूक्तानी** : कार्य सम्पन्न भई रिटेन्सन कट्टी गरी अन्तिम भुक्तानी भईसकेका कार्य वा कम्तिमा ९०% काम सम्पन्न भई सम्झौता बमोजिम कार्य सन्तोषजनक भई चालु अवस्थामा रही निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएका सम्झौताको हकमा कट्टा भएको रिटेन्सन रकम बापत निःशर्त बैंक जमानत पेश गरी रिटेन्सन रकम फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन रकम फिर्ता गर्न सकिनेछ । यसरी पेश गरिने बैंक जमानतको मान्य हुने अवधि वारेन्टी वा त्रुटी सच्याउने अवधि भन्दा कम्तीमा एक वर्ष बढी अवधिको हुनुपर्नेछ ।

**१०.३ सम्झौता बमोजिम हुने** : वैदेशिक अनुदान सहयोगमा सञ्चालित कार्यक्रम/आयोजना अन्तर्गत जडान हुने नवीकरणीय ऊर्जा प्रणाली एवं आयोजनाको हकमा खरिद प्रक्रिया नेपाल सरकार र सम्बन्धित विकास साझेदारबीच

भएको सम्झौता बमोजिम हुनेछ ।

**१०.४ <u>सार्वजनिक खरिद ऐन नियमावली बमोजिम हुने</u>** : आयोजना निर्माण गर्दा छनौट भएको आयोजना विकासकर्ताले सार्वजनिक कोषबाट खर्च गर्ने रकमको हदसम्म प्रचलित सार्वजनिक खरिद ऐन नियमावली बमोजिम र आयोजना विकासकर्ताको आफ्नै स्रोतको हकमा प्रचलित व्यावसायिक अभ्यासको आधारमा हुनेछ ।

**१०.५ <u>मापदण्ड तथा निर्देशिका बमोजिम हुने</u> :** निजी आयोजना विकासकर्ताले प्रणाली खरिद तथा जडान गर्न चाहेमा खरिद ऐन तथा नियमावली अनुसार केन्द्रले तोकेको प्राविधिक मापदण्ड तथा निर्देशिका बमोजिम कार्य गर्न सक्नेछन् ।

**१०.६ <u>बिक्री पछिको सेवाको अनुगमन</u> :** बिक्री पछिको सेवाको अनुगमन सामान्यतया प्रत्याभूति अवधि समाप्त भएको मितिले बढीमा एक वर्षभित्र सम्पन्न गरी बाँकी रकम भुक्तानी दिई सक्नुपर्नेछ ।

**१०.७ <u>स्वच्छ विकास संयन्त्रमा दर्ता भएका प्रणालीको मर्मतसम्भार</u> :** केन्द्रले स्वच्छ विकास संयन्त्रमा दर्ता भएका विभिन्न नवीकरणीय ऊर्जा प्रणाली तथा आयोजनामा विपदबाट क्षति पुग्न गएमा प्राथमिकताका साथ मर्मत संभार तथा पुनर्निर्माण गर्नुपर्नेछ ।

**११. <u>दिग्दर्शन, निर्देशिका र मापदण्ड सम्बन्धी व्यवस्था:</u>** यस कार्यविधि बमोजिम आवश्यक निर्देशिका, दिग्दर्शन, प्राविधिक मापदण्ड, अनुदान आवेदन फाराम लगायतका कागजात कार्यविधिमा उल्लेख भएकोमा सोही वमोजिम र उल्लेख नभएको हकमा केन्द्रले स्वीकृत गरी लागु गर्नेछ ।

**१२. <u>व्याख्या</u> :** यस अनुदान परिचालन कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै अस्पष्टता, अन्यौल वा समस्या उत्पन्न भएमा केन्द्रले व्याख्या गर्नेछ ।

**१३. <u>संशोधन</u> :** मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१४. <u>खारेजी र बचाउ</u>** : (१) नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३, नवीकरणीय ऊर्जा सम्बन्धी विशेष कार्यक्रमको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३ र मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६ खारेज गरिएको छ ।

(२) नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३, नवीकरणीय ऊर्जा सम्बन्धी विशेष कार्यक्रमको प्रवर्द्धनका लागि कार्य सञ्चालन तथा अनुदान परिचालन कार्यविधि, २०७३ र मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि अन्तर्गत भए गरेको मानिनेछ । यस अनुदान परिचालन कार्यविधि स्वीकृत हुनु अघि सम्झौता भई कार्यान्वयनमा रहेका आयोजना/प्रणालीको हकमा तत्कालीन अनुदान परिचालन कार्यविधि बमोजिम हुनेछ ।

## अनुसूची १

## सुधारिएको पानी घट्टबाट विद्युतीकरण, पिको/लघु/साना जलविद्युत आयोजना

## {दफा ६.३ (१) (क) सँग सम्बन्धित}

१. **योग्यताको मापदण्ड** : राष्ट्रिय प्रसारण लाईन नपुगेका वा सौर्य घरेलु विद्युत प्रणाली बाहेक अन्य माध्यमबाट विद्युतीकरण नभएका स्थान अनुदानको लागि योग्य हुनेछन् ।

२. **विद्युतीकरणको लागि माग संकलन :** माग संकलन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

**(क)** आयोजनाको लागि सार्वजनिक सूचना प्रकाशित गरी केन्द्रले तोकेको ढाँचामा पूर्व- सम्भाव्यता अध्ययन सहित माग संकलन गर्नेछ ।

**(ख)** स्थानीय तह, सामुदायिक संस्था, उपभोक्ता समिति वा सहकारी संस्थाले आयोजनाको माग गर्नुपर्नेछ । सुधारिएको पानी घट्टबाट विद्युतीकरणको लागि व्यक्तिले समेत आवेदन दिन सक्नेछ ।

२.१ **पिको जलविद्युत र सुधारिएको पानीघट्ट विद्युतीकरण आयोजनाः** आवेदनको साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) सम्बन्धित स्थानीय तहको सिफारिससाथ केन्द्रले तोकेको ढाँचामा आवेदन ।

(ख) प्रचलित कानून बमोजिम आयोजना निर्माणकर्ताको दर्ता प्रमाण पत्र ।

(ग) सम्बन्धित स्थानीय तह वा निकायबाट प्राप्त गरेको पानीको अग्राधिकार प्रमाण पत्र ।

२.२ **लघु तथा साना जलविद्युत आयोजना** : आवेदनको साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :

(क) सम्बन्धित स्थानीय तहको सिफारिससाथ केन्द्रले तोकेको ढाँचामा आवेदन ।

(ख) प्रचलित कानून बमोजिम आयोजना विकासकर्ताको दर्ता प्रमाण पत्र ।

(ग) स्थायी लेखा दर्ता प्रमाणपत्र (स्थायी लेखा दर्ता हुनु नपर्ने बाहेक) ।

(घ) सम्बन्धित निकायबाट प्राप्त गरेको पानीको अग्राधिकार प्रमाणपत्र ।

(ङ) साना जलविद्युत आयोजनाको हकमा स्थानीय तहको अनुमति र विद्युत विकास विभागको प्राविधिक सहमति (टेक्निकल क्लियरेन्स) पत्र ।

**२.३ आयोजना छनौट**

**२.३.१ आयोजना छनौटको न्यूनतम योग्यताः** आयोजनाको छनौटको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड प्रणालीबाट विद्युत सेवा उपलब्ध नभएको क्षेत्र हुनुपर्ने ।

(ख) आयोजना विकासकर्ताले अनुदान बाहेकको रकम लगानीको प्रतिबद्धता गरेको हुनुपर्ने ।

(ग) आयोजना विकासकर्ताले आयोजनाको लागि आवश्यक जग्गा उपयोग गर्ने प्रतिबद्धताको कागजात प्राप्त भएको हुनुपर्ने ।

**२.३.२ आयोजना छनौट समिति :** (१) प्राप्त हुन आएको आवेदनमध्येबाट उपयुक्त आयोजना छनौट गर्न केन्द्रमा देहाय बमोजिमको आयोजना छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित शाखा | -संयोजक |
| (ख) प्रमुख, योजना शाखा | -सदस्य |

(ग) प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण -सदस्य

(घ) अधिकृत, सम्बन्धित शाखा - सदस्य-सचिव

(२) समितिले मुख्यतया देहायको आधारमा आयोजना छनौट गर्नेछ :

(क) कुनै पनि स्रोतबाट विद्युतीकरण नभएको र निकट भविष्यमा पुग्ने सम्भावना ज्यादै न्यून रहेको ।

(ख) सामुदायिक संस्था, सहकारी, स्थानीय तह वा प्रदेश सरकारले व्यहोर्ने लागतको हिस्सा ।

(ग) आयोजना माग भएको क्षेत्रको भौगोलिक अवस्था ।

(घ) पिछाडिएको वर्ग, क्षेत्र र समुदायको बसोबास भएको ।

(ङ) आयोजनाबाट उपलब्ध हुने ऊर्जाको उत्पादनमूलक क्षेत्रमा समेत उपयोग हुनसक्ने सम्भावना भएको ।

**३. आयोजनाको सम्भाव्यता अध्ययन**

आवेदन छनौट भएपछि सो आयोजनाको सम्भाव्यता अध्ययन केन्द्र वा स्थानीय तह वा प्रदेश सरकार वा आयोजना विकासकर्ताले गर्नेछ । सम्भाव्यता अध्ययन प्रतिवेदनसाथ आयोजना विकासकर्ताले संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ । आयोजनाको क्षमता डिजाइन गर्दा घरायसी प्रयोजनको लागि प्रति किलोवाट न्यूनतम ३ घरधुरी हुनुपर्नेछ । आयोजनाको माध्यमबाट उत्पादनमूलक ऊर्जा उपयोगको हकमा केन्द्रले तोकेको विस्तृत सम्भाव्यता अध्ययन ढाँचा बमोजिम हुनुपर्नेछ ।

**३.१ विस्तृत सम्भाव्यता अध्ययनको मूल्याङ्कन तथा छनौट** : प्राप्त विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई मूल्याङ्कन गरी प्राविधिक पुनरावलोकन समितिले स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

**३.२ प्राविधिक पुनरावलोकन समिति** : (१) लघु तथा साना जलविद्युत आयोजनाको लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समिति रहनेछ :-

(क) प्रमुख, सम्बन्धित महाशाखा - संयोजक

(ख) प्रतिनिधि (प्राविधिक), मन्त्रालय - सदस्य

(ग) केन्द्रले तोकेका सम्बन्धित विषयका बढीमा तीनजना विज्ञ - सदस्य

(घ) प्रतिनिधि, अधिकृतस्तर (प्राविधिक), नेपाल विद्युत प्राधिकरण - सदस्य

(ङ) प्रमुख, सम्बन्धित शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको प्राविधिक पुनरावलोकन समितिमा आवश्यकता बमोजिम थप विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) प्राविधिक पुनरावलोकन समितिले मुख्यतया देहायको आधारमा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कन गर्नेछ :

(क) राष्ट्रिय प्रसारण लाइन नपुगेको र निकट भविष्यमा पुग्ने सम्भावना नभएको ।

(ख) ऊर्जा माग तथा खपत सम्बन्धी विस्तृत लेखाजोखा भएको ।

(ग) ऊर्जा माग तथा खपत सम्बन्धी लेखाजोखाको आधारमा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत प्राविधिक डिजाइन भएको ।

(घ) आयोजनालाई आवश्यक जग्गाको उपलब्धता भएको ।

(ङ) आयोजनाको प्रचलित दर बमोजिमको लागत अनुमान भएको ।

(च) आयोजना निर्माणको लागि आयोजना विकासकर्ताको तर्फबाट ब्यहोर्ने बजेटको सुनिश्चितता भएको ।

(छ) प्रस्तावित आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थाको बिश्लेषण भएको ।

(ज) आयोजनाको अध्ययन प्रतिवेदन तथा विस्तृत प्राविधिक डिजाईन केन्द्रको स्वीकृत निर्देशिका अनुसार भएको ।

(झ) प्रचलित कानून बमोजिम वातावरणीय तथा सामाजिक सुरक्षण सम्बन्धी अध्ययन भएको ।

प्राविधिक पुनरावलोकन समितिले उल्लेखित मापदण्ड बमोजिम आयोजनाको डिजाईन, ऊर्जा उत्पादन, लागत अनुमान, वित्तीय विश्लेषण लगायत सम्पूर्ण पक्षको मूल्याङ्कन गरी स्वीकृतिको लागि केन्द्र समक्ष सिफारिस गर्नेछ ।

**४. अनुदान परिचालन प्रक्रिया**

**४.१ पिको जलविद्युत आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरण :**

पिको जलविद्युत आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरणको लागि अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनुपर्नेछ :-

(क) प्राविधिक पुनरावलोकन समितिले पेश गरेको प्रतिवेदनको आधारमा केन्द्रले सिफारिस सहित आयोजनाको स्वीकृति एवं खरिद प्रक्रियाको लागि सम्बन्धित स्थानीय तहमा पठाउनेछ ।

(ख) आयोजना सम्पन्न भई शत प्रतिशत घरधुरीमा विद्युत जडानको सुनिश्चितता भएपछि जडानकर्ता कम्पनी, आयोजना विकासकर्ता र स्थानीय तहको प्राविधिक प्रतिनिधिको उपस्थितिमा विद्युत उत्पादन परीक्षण तथा हस्तान्तरण गरी केन्द्रबाट प्राप्त हुने अनुदान भूक्तानीको लागि पेश गर्नुपर्नेछ ।

(ग) आयोजना परीक्षण र हस्तान्तरण गरेको मितिले एक वर्षपछि नब्बे दिनभित्र जडानकर्ता कम्पनीले विकासकर्ता र स्थानीय तहका प्रतिनिधिको रोहवरमा एक वर्षे प्रत्याभूति जाँच गर्नुपर्नेछ ।

**४.२ स्थानीय तहका साथै सामुदायिक संस्था मार्फत गरिने लघु तथा साना जलविद्युत आयोजना :**

**४.२.१ आयोजना निर्माण तथा सञ्चालन :** केन्द्रले आयोजनाको निर्माण आयोजना प्रवर्द्धकसँगको लागत साझेदारीमा गर्नेछ ।

**४.२.२. लागत साझेदारी गर्न सक्ने** : (१) केन्द्रले राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड आयोजनाबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा आयोजना प्रवर्द्धक मार्फत निर्माण गरिने लघु तथा साना जलविद्युत आयोजनाको लागि कूल लागत, आवश्यकता, प्राथमिकता, उपलब्धी, दिगोपना समेतको आधारमा आयोजनाको कूल लागतको नब्बे प्रतिशतसम्म रकम उपलब्ध गराउनेछ ।

(२) केन्द्र मार्फत उपलब्ध हुने रकम बाहेकको कूल लागतको नपुग कम्तीमा दश प्रतिशत रकम सम्बन्धित आयोजना प्रवर्द्धकले लगानी गर्नुपर्नेछ ।

(३) केन्द्रले उपलब्ध गराउने अनुदान रकम आयोजनाको कार्य प्रगतिको आधारमा उपलब्ध गराउनेछ ।

(४) केन्द्रले उपलब्ध गराउने रकमको अन्तिम किस्ता आयोजनाको कार्य सम्पन्न प्रतिवेदन पेश गरी आयोजना राम्रोसँग संचालन भएपछि मात्र उपलब्ध गराउनेछ ।

(५) लागत साझेदारी सम्बन्धी थप व्यवस्था आयोजना सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

**४.२.३. आयोजनाको माग संकलन :** माग संकलन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको लागि सार्वजनिक सूचना प्रकाशित गरी केन्द्रले तयार गरेको ढाँचामा आयोजना प्रवर्द्धकले तयार गरेको प्रारम्भिक अध्ययन सहित माग संकलन गरिनेछ ।

(ख) आयोजनाको माग गर्दा स्थानीय तहले कार्यान्वयन गर्ने यकिन गरी आयोजनाको माग गर्नुपर्नेछ ।

४.२.४ **न्यूनतम योग्यता**: माग भई आएका आयोजनाको छनौटको न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड प्रणालीबाट विद्युत सेवा उपलब्ध नभएको क्षेत्र हुनुपर्ने ।

(ख) सम्बन्धित स्थानीय तहबाट आयोजनाको माग भई आएको हुनुपर्ने ।

(ग) आयोजना प्रवर्द्धकले व्यहोर्ने कम्तीमा दश प्रतिशत लागत साझेदारीको प्रतिबद्धता प्राप्त भएको हुनुपर्ने ।

(घ) आयोजना प्रवर्द्धकले आयोजनाको लागि आवश्यक जग्गाको व्यवस्था गर्ने प्रतिबद्धताको कागजात पेश गरेको हुनुपर्ने ।

(ङ) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्ने ।

(च) लघु तथा साना जलविद्युत आयोजनाको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको जल उपयोग सम्बन्धी स्वीकृति पत्र पेश गर्नुपर्ने ।

(छ) अक्षांश तथा देशान्तर सहित आयोजना क्षेत्रको चारकिल्ला खुलेको नक्सा सहित सम्बन्धित स्थानीय तहबाट आयोजना निर्माणको सहमति पेश गर्नुपर्ने ।

(ज) आयोजनाको क्षेत्र एक भन्दा बढी स्थानीय तहमा पर्ने भएमा सम्वन्धित सबै स्थानीय तहको सहमति पेश गर्नुपर्ने ।

(झ) आयोजना राष्ट्रिय निकुञ्ज वा संरक्षण क्षेत्र भित्र परेमा सम्बन्धित निकायको सहमति पत्र पेश गर्नुपर्ने ।

**४.२.५ आयोजना छनौट** : (१) खण्ड २.३.२ बमोजिमको आयोजना छनौट समितिले मापदण्ड पूरा गरेका आयोजनामध्येबाट देहायको आधारमा प्राथमिकीकरण गरी आयोजना छनौट गर्नेछ :

(क) आयोजना माग भएको क्षेत्रको भौगोलिक अवस्था अनुसार विकटतालाई प्राथमिकता दिने ।

(ख) पिछडिएको वर्ग, क्षेत्र र समुदायको वाहुल्यता भएको स्थानलाई प्राथमिकता दिने ।

(ग) आयोजनाबाट उपलब्ध हुने ऊर्जाको उत्पादनमुलक क्षेत्रमा समेत अधिकतम उपयोग हुनसक्ने सम्भावना भएको आयोजनालाई प्राथमिकता दिने ।

(घ) स्थानीय तह वा प्रदेश सरकारले व्यहोर्ने लागतको हिस्सा बढी भएको आयोजनालाई प्राथमिकता दिने ।

(२) आयोजना छनौट सम्बन्धी आवश्यक अन्य आधार आयोजना छनौट समितिको सिफारिसमा केन्द्रले तय गर्नेछ ।

४.२.६. **आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन** : केन्द्रमा उपलब्ध श्रोतको आधारमा प्राथमिकीकरण गरिएका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ :-

(क) आयोजना डिजाइन गर्दा घरायसी प्रयोजनको लागि प्रति किलोवाट कम्तीमा ३ घरधुरी हुनुपर्नेछ । आयोजनाको उत्पादन हुने ऊर्जाको माध्यमबाट उत्पादनशील ऊर्जा उपयोगको हकमा केन्द्रले स्वीकृत गरेको विस्तृत सम्भाव्यता अध्ययन ढाँचा बमोजिम हुनुपर्नेछ ।

(ख) छनौट भएका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन केन्द्र वा स्थानीय तहले केन्द्रको स्वीकृत मापदण्ड बमोजिम गर्नेछ ।

(ग) केन्द्रले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तथा विस्तृत प्राविधिक डिजाईनको मूल्याङ्कन प्राविधिक पुनरावलोकन समितिबाट गर्नेछ ।

४.२.७. **विस्तृत सम्भाव्यता अध्ययनको प्राविधिक पुनरावलोकन** : (१) खण्ड ३.२ बमोजिमको प्राविधिक पुनरावलोकन समितिले देहायको आधारमा वस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कन गर्नेछ :

(क) राष्ट्रिय प्रसारण लाइन नपुगेको र निकट भविश्यमा पुग्ने सम्भावना नभएको

(ख) ऊर्जा माग तथा खपत सम्बन्धी विस्तृत लेखाजोखा भएको

(ग) ऊर्जा माग तथा खपत सम्बन्धी लेखाजोखाको आधारमा मिनीग्रिड आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत प्राविधिक डिजाइन भएको ।

(घ) आयोजनालाई आवश्यक जग्गाको उपलब्धता भएको

(ङ) आयोजनाको प्रचलित दर बमोजिमको लागत अनुमान भएको

(च) आयोजनाको निर्माणको लागि आयोजना प्रर्वद्धक तर्फबाट ब्यहोर्ने बजेटको सुनिश्चितता भएको ।

(छ) प्रस्तावित आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थाको बिश्लेषण भएको ।

(ज) मिनीग्रिड आयोजनाको अध्ययन प्रतिवेदन तथा विस्तृत प्राविधिक डिजाईन केन्द्रको स्वीकृत निर्देशिका अनुसार भएको ।

(झ) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन भएको ।

(२) प्राविधिक पुनरावलोकन समितिले उल्लेखित मापदण्ड बमोजिम आयोजनाको डिजाईन, ऊर्जा उत्पादन, लागत अनुमान लगायत सम्पूर्ण प्राविधिक पक्षको मूल्याङ्कन गरी स्वीकृतिको लागि केन्द्र समक्ष सिफारिस गर्नेछ ।

(३) यस कार्यविधि स्वीकृत हुनु अगावै केन्द्रमा प्राप्त विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भई आएका आयोजना समेत यस कार्यविधि अन्तर्गत भएको मानिनेछ ।

४.२.८. **लागत साझेदारी रकमको सुनिश्चतता गर्नुपर्ने** : (१) आयोजनाको बोलपत्र आव्हान गर्नु अघि आयोजना प्रवर्द्धकले लागत साझेदारी गर्नुपर्ने रकम आयोजनाको नाममा बैंक खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) आयोजना प्रवर्द्धक र केन्द्रबीच आयोजना कार्यान्वयनको लागि आवश्यक शर्त सहित सम्झौता हुनेछ ।

४.२.९. **बोलपत्र आव्हान, मूल्याङ्कन तथा सम्झौता :** (१) स्थानीय तह वा केन्द्रले आयोजना प्रवर्द्धकसंगको समन्वय तथा लिखित अनुरोधमा आयोजना निर्माणको लागि स्वीकृत डिजाईन र प्राविधिक मापदण्ड बमोजिम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही बोलपत्र आव्हान, मूल्याङ्कन, जडान/निर्माणकर्ता छनौट गर्नेछ ।

(२) केन्द्र, आयोजना प्रवर्द्धक र जडान/निर्माणकर्ताबिच आयोजना निर्माण तथा संचालनको लागि त्रिपक्षीय सम्झौता गर्नुपर्नेछ ।

४.२.१०. **भुक्तानी सम्वन्धी ब्यवस्था:** (१) आयोजना सम्बन्धी खरीद प्रक्रिया, भुक्तानी लगायतका कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**(२)** आयोजनाको तीन वर्षसम्म सफल रुपमा सञ्चालन तथा व्यवस्थापनको प्रत्याभूतिको लागि कार्य सम्पादन जमानत (सम्झौता रकमको कम्तीमा पाँच प्रतिशत) को व्यवस्था हुनुपर्नेछ र सो कार्य सम्पादन जमानत फुकुवा

स्थानीय तहको रोहवरमा केन्द्रको अनुगमन/परीक्षण प्रतिवेदन मार्फत हुनेछ ।

४.२.११ **आयोजनाको हस्तान्तरण** : आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भए पश्चात् जडान/निर्माणकर्ताले आयोजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ । केन्द्रले सम्पन्न भएको आयोजनाको कार्य सम्पन्न प्रतिवेदन र आयोजना प्रवर्द्धक समेतको रोहवरमा आयोजनाको ऊर्जा (शक्ति) उत्पादन परीक्षण र स्थलगत निरीक्षण गरी कार्य सम्पन्न प्रतिवेदन त्रिपक्षीय रुपमा प्रमाणित गरी सम्बन्धित स्थानीय तहको रोहवरमा जडान/निर्माणकर्ताले आयोजना प्रवर्द्धकलाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

४.२.१२. **आयोजनाको सञ्चालन, मर्मतसम्भार तथा दिगोपना** : आयोजना हस्तान्तरणको मितिले तीन वर्ष पछि आयोजनाको व्यवस्थापन र नियमित सञ्चालनका लागि आवश्यक पर्ने मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य आयोजना प्रवर्द्धक स्वयंले गर्नुपर्नेछ ।

४.२.१३. **आयोजनाको गुणस्तर** : (१) आयोजनामा प्रयोग हुने उपकरण तथा संरचना केन्द्रद्वारा निर्धारित प्राविधिक मापदण्ड एवं स्वीकृत प्राविधिक स्पेसिफिकेशन, डिजाइन तथा रेखाचित्र बमोजिम हुनुपर्नेछ ।

(२) अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित उपकरणको प्राविधिक स्तर मान्यताप्राप्त अन्तर्राष्ट्रिय प्रयोगशालाको परिक्षण नतिजा र प्रमाणपत्रको मान्यता केन्द्र वा केन्द्रले तोकेको आधिकारीक संस्थाबाट केन्द्रको रोहवरमा समेत गर्न सकिनेछ ।

(३) लघु तथा साना जलविद्युत आयोजनाका उपकरण तथा सामग्रीको आधिकारिक उत्पादकबाट गुणस्तर प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**४.३ सहकारी वा निजी वा सार्वजनिक निजी साझेदारी स्वामित्वमा आधारित लघु तथा साना जलविद्युत आयोजना** : अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) आयोजना विकासकर्ताले आयोजनाको खरिद प्रक्रिया शुरु गर्नु पूर्व शत प्रतिशत लागतको स्रोतको प्रत्याभूति गर्नुपर्नेछ र दश प्रतिशत नगद रकम आयोजना विकासकर्ताको बैंक खातामा जम्मा भएको हुनुपर्नेछ जुन अन्य प्रयोजनका लागि खर्च गर्न पाइने छैन ।

(ख) भुक्तानी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अनुदान नीति अन्तर्गत उपलब्ध हुने रकम बाहेक अन्य लागतको रकम स्थानीय तह, प्रदेश सरकार वा अन्य निकाय वा व्यक्तिबाट जुटाउन सकिनेछ । आर्थिक स्रोत सुनिश्चित भएपछि आयोजना विकासकर्ता, स्थानीय तह र केन्द्रबीच आयोजना कार्यान्वयन सम्झौता हुनेछ ।

(ग) आयोजनाको खरिद प्रक्रिया आयोजना विकासकर्ता वा स्थानीय तह वा आयोजना विकासकर्ताको अनुरोधमा केन्द्रले गर्न सक्नेछ । आयोजनाको सम्पूर्ण प्राविधिक आधारभूत पक्ष र स्पेशिफिकेशन केन्द्रले तोकेको मापदण्ड तथा निर्देशिका अनुसार हुनुपर्नेछ ।

(घ) आयोजना विकासकर्ताले सम्झौतामा उल्लेख भए बमोजिमको कार्य प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ४.४ भुक्तानी प्रक्रिया

**४.४.१ <u>पिको जलविद्युत आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरण</u> :**

स्थानीय तहले जडानकर्तालाई आयोजना विकासकर्ता र जडानकर्ताबीच भएको सम्झौता बमोजिम कार्य सम्पन्न भएपछि अधिकतम ९० प्रतिशत अनुदान भुक्तानी गर्नेछ र बाँकी रकम आयोजना हस्तान्तरण भएको १ बर्ष पछि प्रत्याभूति चेक जाँच गरी भुक्तानी गर्नेछ ।

**४.४.२ <u>लघु तथा साना जलविद्युत आयोजना</u> :**

भुक्तानी प्रक्रिया आयोजना विकासकर्ता र जडानकर्ता कम्पनीबीच भएको सम्झौता बमोजिम गरिनेछ । आयोजना विकासकर्ताले प्राप्त गर्ने अनुदान रकम आयोजना विकासकर्ताको सिफारिस र कार्य प्रगतिको आधारमा जडानकर्ता कम्पनीलाई भूक्तानी गरिनेछ । संझौता बमोजिम सम्पूर्ण कार्य सम्पन्न भए पश्चात् केन्द्र, स्थानीय तहको प्रतिनिधि, आयोजना विकासकर्ता र जडान कर्ता कम्पनीको प्रविधिक सम्मिलित टोलीले आयोजनाको परीक्षण तथा हस्तान्तरण (Testing and Commissioning) गर्नेछ । आयोजना सम्पन्न हुनको लागि सम्झौता बमोजिम शक्ति उत्पादन र शत प्रतिशत घरमा बत्ती जडान सम्पन्न भएको हुनुपर्नेछ ।

(क) २० कि.वा. क्षमता सम्मका आयोजनामा स्वीकृत विद्युत उत्पादन क्षमता र घरधुरीमा १० प्रतिशत सम्म घटबढलाई भुक्तानीको लागि योग्य मानिनेछ ।

(ख) २० देखि १०० क्षमता कि.वा सम्मका आयोजनामा स्वीकृत विद्युत उत्पादन क्षमतामा ५ प्रतिशत र घरधुरीमा १० प्रतिशत सम्म घटबढलाई भुक्तानीको लागि योग्य मानिनेछ ।

(ग) १०० कि.वा.भन्दा माथिका आयोजनामा स्वीकृत विद्युत उत्पादन क्षमतामा ३ प्रतिशत र घरधुरीमा १० प्रतिशत सम्म घटबढलाई भुक्तानीको लागि योग्य मानिनेछ ।

(घ) उत्पादित ऊर्जा तथा घरधुरी संख्याको प्रमाणीकरण केन्द्रको निर्देशिका वमोजिम गरिनेछ । परीक्षण तथा हस्तान्तरण पश्चात् रिटेन्सन बाहेकको रकम आयोजना विकासकर्ता र स्थानीय तहको सिफारिसमा भुक्तानी गरिनेछ । कट्टा भएको रिटेन्सन र कार्य सम्पादन जमानत रकम वारेन्टी अवधि समाप्त भएपछि सम्बन्धित आयोजना विकासकर्ता र स्थानीय तहको सिफारिसमा फिर्ता/फुकुवा गरिनेछ । ३ बर्ष भित्र आयोजनामा कुनै प्राविधिक त्रुटी वा समस्या आएमा जडान कर्ता कम्पनीले गुनासो प्राप्त भएको मितिले ३० दिन भित्र त्रुटी सच्याउनु पर्नेछ ।

**४.५ <u>ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा अनुदानको परिचालन</u> :** (१) कुनै उद्योग, सामुदायिक संस्था, सहकारी तथा स्थानीय तहले ऊर्जा उत्पादन गरी ऊर्जा खपत गरेमा देहाय बमोजिमको (जुन कम हुन्छ) अनुदान रकम उपलब्ध गराइनेछ :-

| विवरण | मुगु, हुम्ला र डोल्पा | क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|---|---|
| अनुदान (रु./किलोवाट घण्टा) | ४४ | ३५ | ३१.५ | २८ |
| किलोबाट घण्टा दरको प्रतिशत | ५५ | ५० | ४५ | ४० |

(२) अनुदान परिचालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको स्वामित्व उद्योग वा सामुदायिक संस्था वा सहकारी वा स्थानीय तहमा भएको हुनुपर्नेछ ।

(ख) आयोजनाबाट उत्पादित ऊर्जा बिक्रीको व्यावसायिक योजना तथा आयोजनाको इकाई लागत मूल्य प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(ग) आयोजनाको माग संकलन, आयोजना छनौट, विस्तृत सम्भाव्यता अध्ययन तथा स्वीकृति प्रक्रिया सम्बन्धित प्रविधिको लागि उल्लेखित प्रक्रिया बमोजिम भएको हुनुपर्नेछ ।

(घ) अनुदान रकम भुक्तानी खपत भएको विद्युत युनिट (किलोवाट घण्टा) को आधारमा केन्द्र वा स्थानीय तहको प्रमाणिकरण पश्चात् पाँच वर्षसम्म बार्षिकरुपमा बढीमा तीन पटक उपलब्ध गराइनेछ ।

(ङ) आयोजनाको निर्माण तथा परीक्षण केन्द्रले तोकेको मापदण्ड बमोजिम हुनेछ । आयोजना विकासकर्ताले नेपाल विद्युत प्राधिकरणले प्रमाणीकरण गरेको ऊर्जा खपत मिटर जडान गर्नुपर्नेछ ।

(च) आयोजनाको निर्माणसँग सम्बन्धित सम्पूर्ण कार्य (जस्तै जडान/निर्माणकर्ता छनौट, निर्माणमा प्रयोग हुने सामग्रीको गुणस्तरीयता आदि) को जिम्मेवारी आयोजना विकासकर्ताको हुनेछ ।

(छ) आयोजना विकासकर्ताको अनुरोधमा आवश्यकता अनुसार केन्द्रले प्राविधिक सहयोग तथा परामर्श सेवा उपलव्ध गराउन सक्नेछ ।

(ज) आयोजनाको लागि अनुदान रकम गणना गरी सो आयोजनाको नाममा खाता खोली केन्द्रीय कोषमा रकम जम्मा गरिनेछ ।

## ५. <u>उत्पादनमूलक ऊर्जा प्रयोगको लागि लघु तथा साना जलविद्युत आयोजनामा अनुदान परिचालन प्रक्रिया</u>

अनुदान नीतिको दफा ११.१.१.१ बमोजिम उत्पादनमूलक ऊर्जा प्रयोगको लागि लघु तथा साना जलविद्युत आयोजनामा अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) केन्द्रले सार्वजनिक सूचना प्रकाशित गरी तोकिएको ढाँचामा पूर्व-सम्भाव्यता अध्ययन सहित आवेदन आव्हान गर्नेछ ।

(ख) आयोजना विकासकर्ताले आयोजना निर्माणको लागि केन्द्रमा तोकिए बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(ग) प्राप्त आवेदन मूल्याङ्कन भई छनौटको सूची प्रकाशित गरिनेछ ।

(घ) छनौट भएका आयोजनाका विकासकर्ताले खरिद तथा जडान प्रक्रिया शुरु गर्नुपूर्व अनुदान बाहेकको लागतको स्रोत सुनिश्चितता गर्नुपर्नेछ ।

(ङ) आयोजना विकासकर्ताले केन्द्रमा सूचीकृत मान्यता प्राप्त कम्पनी मार्फत खरिद तथा जडान प्रक्रिया सम्पन्न गरी प्रतिवेदनसाथ केन्द्रबाट प्राप्त हुने अनुदान रकम जडानकर्ता कम्पनीलाई भुक्तानीको लागि अनुरोध गर्नुपर्नेछ । आयोजनाको सम्पूर्ण प्राविधिक आधारभूत पक्ष र स्पेसिफिकेशन केन्द्रले तोकेको मापदण्ड तथा निर्देशिका बमोजिम हुनुपर्नेछ ।

(च) केन्द्रले प्राप्त प्रतिवेदन तथा कागजात चेकजाँच गरी उपयुक्त देखिएमा अनुदान भुक्तानी गर्नेछ ।

## ६. <u>लक्षित लाभान्वित वर्गलाई थप अनुदान</u>

अनुदान नीतिको दफा ११.१.३ मा उल्लेख भए बमोजिमको थप अनुदान स्थानीय तहले सिफारिस गरेको लक्षित लाभान्वित वर्गको घरधुरी संख्याको आधारमा स्वीकृत गरिनेछ । शक्ति उत्पादन परीक्षण तथा हस्तान्तरण

प्रतिवेदनमा प्रमाणित घरधुरी बापतको अनुदान रकम कूल अनुदान रकममा गणना गरी सम्बन्धित आयोजना निर्माणको लागि भएको सम्झौतामा उल्लेखित शर्तको आधारमा भुक्तानी गर्नुपर्नेछ ।

**७. <u>निर्माण कार्य सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजनाहरूलाई थप अनुदान</u>**

अनुदान नीतिको दफा ११.१.४ अनुसार प्राविधिक तथा आर्थिक कारणले सम्पन्न हुन नसकेका आयोजनालाई थप अनुदान परिचालनको लागि देहाय बमोजिमको प्रक्रिया अपनाइनेछ :-

७.१ **न्यूनतम योग्यता** : आयोजना छनौटको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) अनुदान बाहेकको आर्थिक स्रोत जुटाउन नसकी सम्पन्न नभएका आयोजना वा निर्माणाधीन अवस्थामा विपदबाट क्षति भई थप आर्थिक स्रोत जुटाउन नसकी सम्पन्न हुन नसकेका आयोजना हुनुपर्ने ।

(ख) सम्पन्न हुन बाँकी कामको लागत अनुमान आयोजना विकासकर्ता र केन्द्र तथा आयोजना विकासकर्ता र जडान/निर्माणकर्ताबीच भएको सम्झौता बमोजिम गर्नुपर्ने ।

(ग) प्राप्त आवेदन प्राविधिक पुनरावलोकन समितिबाट चेकजाँच भई देहाय बमोजिमको आयोजना छनौट, स्वीकृति तथा अनुगमन समितिबाट स्वीकृत भएको हुनुपर्ने :

(१) कार्यकारी निर्देशक, केन्द्र - संयोजक

(२) प्रतिनिधि, मन्त्रालय - सदस्य

(३) प्रमुख, योजना महाशाखा, केन्द्र - सदस्य

(४) प्रमुख, आर्थिक प्रशासन शाखा, केन्द्र - सदस्य

(५) प्रमुख, सामुदायिक विद्युतीकरण शाखा, केन्द्र - सदस्य-सचिव

**७.२ आवश्यक कागजात:** आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजात देहाय बमोजिम हुनेछन् :

(क) केन्द्रले तोकेको ढाँचामा आवेदन ।

(ख) स्थानीय तहको सिफारिस ।

(ग) सम्पन्न कामको मूल्याङ्कन र बाँकी कामको केन्द्र वा स्थानीय तहबाट तयार भएको लागत अनुमान ।

(घ) आयोजनाको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।

(ङ) विपदबाट प्रभावितको हकमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस वा प्रहरी मुचुल्का ।

**७.३ भुक्तानीको तालिका :** भुक्तानी तालिका देहाय बमोजिम हुनेछ :-

| क्र.स. | किस्ता | रकम | कार्य प्रगतिको चरण |
|---|---|---|---|
| १ | प्रथम किस्ता | पचास प्रतिशत सम्म | केन्द्रको स्वीकृति पश्चात आयोजना विकासकर्ता वा आयोजना विकासकर्ताको सिफारिसमा जडानकर्ता कम्पनीलाई भुक्तानी गरिनेछ । |
| २ | अन्तिम किस्ता | बाँकी रकम | ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न भएपछि र केन्द्रको स्वीकृति पश्चात आयोजना विकासकर्ता वा आयोजना विकासकर्ताको सिफारिसमा जडानकर्ता कम्पनीलाई भुक्तानी गरिनेछ । |

**८. जिर्ण वा विपदबाट क्षति भएका आयोजना**

**८.१ <u>न्यूनतम योग्यता</u>** : जिर्ण अवस्थामा रहेका दश वर्ष वा सो भन्दा पूराना वा विपदबाट क्षति भएका राष्ट्रिय

प्रसारण लाईनको पहुँच भन्दा बाहिर रहेका आयोजनाको पुनस्थापनाको लागि प्राविधिक तथा आर्थिक सहयोग गर्न सकिनेछ। आयोजना मर्मत संभार गर्नको लागि डिजाइन, ड्रइङ्ग, लागत अनुमानको तयारी तथा खरिद प्रक्रिया केन्द्र वा स्थानीय तहबाट गर्नुपर्नेछ।

८.२ **आवश्यक कागजात :** जिर्ण अवस्थामा रहेका आयोजना वा विपदबाट क्षति भएका आयोजना मर्मतसम्भार/पुनस्थापनाको लागि देहायका कागजात संलग्न गरी केन्द्रमा आवेदन पेश गर्नुपर्नेछ :

(क) केन्द्रले तोकेको ढाँचामा आवेदन।

(ख) स्थानीय तहको सिफारिस।

(ग) विपद प्रभावितको हकमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस वा प्रहरी मुचुल्का।

८.३ **आयोजना छनौट, स्वीकृति तथा भूक्तानी**

(क) प्राप्त आवेदन प्राविधिक पुनरावलोकन समितिबाट मूल्याङ्कन भई केन्द्रबाट स्वीकृत हुनुपर्नेछ।

(ख) मर्मतसम्भार/पुनस्थापनाको लागि सम्बन्धी कार्य आयोजना विकासकर्ता वा आयोजना विकासकर्ताको सिफारिसमा केन्द्र वा स्थानीय तह मार्फत गर्नुपर्नेछ।

(ग) छनौट भएका आयोजना र केन्द्रबीच सम्झौता भई सम्झौता बमोजिम आयोजना मर्मतसम्भार/पुनस्थापना गर्नुपर्नेछ।

(घ) सम्झौतामा उल्लेखित कार्य प्रगतिको आधारमा खरिदकर्ताले जडानकर्ता कम्पनीलाई भूक्तानी गर्नुपर्नेछ।

९. **सम्पन्न हुन नसकेका पुराना लघु तथा साना जलविद्युत आयोजनाको व्यवस्थापन** : जडानकर्ता कम्पनीसँग सम्झौता भएर आर्थिक, प्राविधिक तथा विपदको कारणले सम्झौताको मितिले पाँच वर्षसम्म पनि सम्पन्न हुन नसकेका आयोजनाको समाधान देहाय बमोजिम गरिनेछ :

| क्र.सं. | सम्पन्न हुन नसक्नुको कारण | समाधानका उपाय |
|---|---|---|
| १. | ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण (Power Output and Households Verification, POHV) गरिएको तर सफल नभएको। | केन्द्रले इच्छुक जडानकर्ता कम्पनीलाई पुनः ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरणको लागि आवश्यक समय दिई प्रतिवेदन बमोजिम उत्पादित विद्युतको क्षमता र घरधुरी जडानको आधारमा अनुदानको भुक्तानी गर्नेछ। पुनः ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण सफल नभएका आयोजनाको हकमा ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण प्रतिवेदन बमोजिम उत्पादित विद्युतको क्षमता र जडित घरधुरीको आधारमा अनुदानको भुक्तानी गरी फरफारक गर्ने। |
| २. | जडान/निर्माणकर्ताबाट काम सम्पन्न भइसकेको आयोजनाको विपदबाट क्षति भएको वा उपभोक्ता समितिको विवादले सम्पन्न नभएको। | |
| २.१ | ऊर्जा उत्पादन परीक्षण (Power Output Testing, POT) भइसकेको आयोजनाको विपदबाट क्षति भइ वा उपभोक्ता समितिको विवादले ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण र एक वर्षे प्रत्याभूति जाँच सम्पन्न नभएको। | केन्द्रले ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको उत्पादित बिद्युत क्षमता र जडित घरधुरीको आधारमा बाँकी अनुदानको भुक्तानी गर्ने। |
| २.२ | ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण भइसकेको आयोजनाको विपदबाट क्षति भई एक वर्षे प्रत्याभूति जाँच सम्पन्न नभएको। | केन्द्रले ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण प्रतिवेदनको उत्पादित बिद्युत क्षमता र जडित घरधुरीको आधारमा बाँकी अनुदानको भुक्तानी गर्ने। |
| ३. | निर्माणाधीन अवस्थामा वा काम सम्पन्न भई राष्ट्रिय प्रसारण लाइन पुगेको कारण रोकावट आएमा। | |
| ३.१ | जडानकर्ताबाट काम सम्पन्न भई राष्ट्रिय प्रसारण लाइन पुगेको कारण रोकावट आएमा। | केन्द्रले जडानकर्ता कम्पनीसगँको सम्झौता अनुसारको सम्पन्न कामको मूल्याङ्कन गरी आयोजना फरफारक गर्ने। केन्द्रबाट राष्ट्रिय प्रसारण |

| | | |
|---|---|---|
| | | लाइनमा जडान गर्न सहयोग गर्ने । |
| ३.२ | आयोजनालाई आवश्यक पर्ने सम्पूर्ण उपकरण निर्माण स्थलमा पुगेको तर निर्माणाधीन अवस्थामा राष्ट्रिय प्रसारण लाइन पुगेको कारण रोकाबट आएमा । | उपकरण हस्तान्तरण प्रतिवेदनको आधारमा आयोजना फरफारक गर्ने । |
| ४ | सबै उपकरण जडान तथा परीक्षण गरिएको तर उपभोक्ता/निर्माणकर्ताको कमजोरीका कारण डिजाइन अनुसारको बहाब वा उचाइ नभई पूर्ण क्षमतामा विद्युत उत्पादन नभएको | • केन्द्र मार्फत डिजाइन अनुसारको कुलोमा वा पाइपमा पानीको बहाब र उचाइ उपलब्ध भए, नभएको यकिन गर्ने ।<br>• डिजाइन अनुसार कुलोमा वा पाइपमा पानीको बहाब वा उचाइ उपलब्ध नभएको अवस्थामा डिजाइन क्षमताको आधारमा आयोजना फरफारक गर्ने ।<br>• डिजाइन अनुसार कुलोमा वा पाइपमा समस्याको कारण पानीको बहाब वा उचाइ उपलब्ध नभएको अवस्थामा केन्द्रबाट आयोजनाको अध्ययन प्रतिवेदन अनुसार स्थानीय तहसँग सहकार्य गरी पुर्ण क्षमतामा सञ्चालन गर्न केन्द्रबाट प्राविधिक तथा आर्थिक सहयोग गर्ने । |
| ५. | निर्माण संरचना र पानीको बहाब डिजाईन अनुसार भएको तर उपकरणमा समस्या उत्पन्न भएको । | |
| ५.१ | निर्माण संरचना र पानीको बहाब डिजाईन अनुसार नै भएको तर उपकरणमा समस्या भएको कारण ऊर्जा उत्पादन परीक्षण (POT) सफल नभएको । | • केन्द्रबाट उपकरणको चेकजाँच गरी त्रुटी देखिएका उपकरणको त्रुटी जडानकर्ता कम्पनीले सच्याई वा परिवर्तन गरी डिजाइन अनुसारको उपकरण उपलब्ध गराउने ।<br>• उपकरणको त्रुटी नसच्याई वा परिवर्तन नगरेसम्म थप भूक्तानी रोक्का गरी सम्झौताको शर्तमा उल्लेख भए बमोजिम वा प्रचलित कानून बमोजिम कारवाही गरी आयोजना फरफारक गर्ने ।<br>• विद्युत उत्पादन तथा घरधुरी जडानको प्रमाणीकरण गरी उत्पादित क्षमता तथा घरधुरीको आधारमा आयोजना फरफारक गर्ने । यसरी फरफारक गर्दा उपकरण जडान मिति देखि हालसम्म वार्षिक २ प्रतिशत दक्षतामा ह्रास कट्टा गरी विद्युत क्षमता निर्क्यौल गर्ने र सोही अनुसार आयोजना फरफारक गर्ने । |
| ५.२ | निर्माण संरचना र पानीको बहाब डिजाईन अनुसार नै भएको तर समयमा ऊर्जा उत्पादन परीक्षण (POT) नभएको । | ऊर्जा उत्पादन परीक्षण नहुनुको कारण यकिन गरी जडानकर्ताको कारण यकिन भएमा भूक्तानी रोक्का गरी सम्झौताको शर्तमा उल्लेख भए बमोजिम वा प्रचलित कानून बमोजिम कारवाही गरी आयोजना फरफारक गर्ने । आयोजना विकासकर्ताको कारण यकिन भएमा यथाशिघ्र ऊर्जा उत्पादन परीक्षण गरी उत्पादित क्षमता र घरधुरी प्रमाणिकरणको आधारमा आयोजना फरफारक गर्ने । |
| ६. | निर्माणाधीन अवस्थामा रहेको आयोजनाको निर्माण सम्पन्न गर्ने सुनिश्चितता गर्न नसकेको । | |
| ६.१ | जडान/निर्माणकर्ता वा आयोजना विकासकर्ताले उपकरण निर्माण स्थलमा पुऱ्याइ उपकरण हस्तान्तरण कार्य सम्पन्न भएको तर आयोजना विकासकर्ताले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा इच्छुक नभएको । | उपकरण हस्तान्तरण प्रतिवेदनको आधारमा आयोजना फरफारक गर्ने । |
| ६.२ | आयोजना विकासकर्ताले उपकरण कम्पनीबाट नलिएको वा आंशिक वा सम्पूर्ण उपकरण निर्माण स्थलमा पुगेको तर उपकरण हस्तान्तरण कार्य सम्पन्न नभएको र आयोजना विकासकर्ता वा जडानकर्ताले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा इच्छुक नभएको । | भुक्तानी भएको पेश्की रकम असुल गरी फरफारक गर्ने । आयोजना स्थलमा उपलब्ध उपकरण जडानकर्ता कम्पनीले फिर्ता लैजान सक्ने । |
| ६.३ | जडानकर्ता कम्पनीले आंशिक वा सम्पूर्ण उपकरण आयोजना विकासकर्तालाई हस्तान्तरण गरेको तर जडानकर्ता कम्पनीले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा इच्छुक नभएको । | भुक्तानी भएको पेश्की रकम असुल गरी फरफारक गर्ने । आयोजना स्थलमा उपलब्ध उपकरण जडानकर्ता कम्पनीले फिर्ता लैजान सक्ने । |
| ६.४ | जडानकर्ता कम्पनीले आंशिक वा सम्पूर्ण उपकरण आयोजना विकासकर्तालाई हस्तान्तरण गरेको तर आयोजना विकासकर्ताले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा इच्छुक | उपकरण हस्तान्तरण प्रतिवेदनको आधारमा आयोजना फरफारक गर्ने । |

| | | |
|---|---|---|
| | नभएको । | |
| ७. | आयोजना विकासकर्ता र जडानकर्ताबीच सम्झौता भएपनि आयोजना विकासकर्ताको आर्थिक अवस्था कमजोर भएको कारण जडानकर्ता कम्पनीले सम्झौता अनुसारको रकम भूक्तानी नपाएको । | ● भुक्तानी योग्य बाँकी रकम यकिन गर्न आयोजनाको प्राविधिक र आर्थिक लेखा परीक्षण वा सार्बजनिक लेखा परीक्षण गर्ने ।<br>● लेखा परीक्षण गर्न नसकिने आयोजनाको हकमा केन्द्र मार्फत आयोजनाको बाँकी रकम सम्बन्धित आयोजना विकासकर्ताका प्रतिनिधि सम्मिलित बैठकबाट यकिन गर्ने ।<br>● प्रतिवेदन अनुसार जडानकर्ता कम्पनीलाई सम्झौता अनुसार भूक्तानी गर्नु पर्ने बाँकी रकम केन्द्रबाट भूक्तानी गरी आयोजनाको फरफारक गर्ने । |
| ८. | निर्माणाधीन अवस्थामा रहेका आयोजनाको विपद (जस्तै भुकम्प, बाढी, पहिरो आदि) बाट पूर्ण वा आंशिक क्षति भएको । | |
| ८.१ | उपकरण हस्तान्तरण सम्पन्न भई निर्माणाधीन अवस्थामा रहेका आयोजनाको विपदबाट पूर्ण वा आंशिक क्षति भएको । | उपकरण हस्तान्तरण प्रतिवेदनको आधारमा आयोजना फरफारक गर्ने । |
| ८.२ | उपकरण हस्तान्तरण सम्पन्न नभई निर्माणाधीन अवस्थामा रहेका आयोजनाको विपदबाट पूर्ण वा आंशिक क्षतिग्रस्त भएको । | भुक्तानी भएको पेश्की रकम असुल गरी फरफारक गर्ने । आयोजना स्थलमा उपलब्ध उपकरण जडानकर्ता कम्पनीले फिर्ता लैजान सक्ने । |

## १०. राष्ट्रिय प्रसारण लाइनमा जडान गर्ने लघु तथा साना जलविद्युत आयोजना

**१०.१ <u>न्यूनतम योग्यता :</u>** आयोजना छनौटको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) ऊर्जा परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न भएका आयोजना ।

(ख) राष्ट्रिय प्रसारण लाईनको पहुँच भएको क्षेत्रमा सञ्चालनमा रहेका आयोजना ।

(ग) राष्ट्रिय प्रसारण लाईनको पहुँच पश्चात् बन्द भएका आयोजना ।

(घ) २० किलोवाट क्षमता भन्दा माथिका आयोजना ।

**१०.२ <u>आवश्यक कागजात :</u>** आवेदनसाथ पेश गर्नुपर्ने आवश्यक कागजात देहाय बमोजिम हुनेछन् :

(क) आयोजना विकासकर्ताको निर्णय सहित केन्द्रले तोकेको ढाँचामा आवेदन ।

(ख) स्थानीय तहको सिफारिस ।

(ग) केन्द्र वा स्थानीय तहबाट तयार गरिएको लागत अनुमान सहितको प्राविधिक प्रतिवेदन ।

(घ) नेपाल विद्युत प्राधिकरणसँग पि.पि.ए. वा नेट मिटरिङ्गको लागि भएको सम्झौताको प्रतिलिपी ।

## ११. <u>प्रत्याभूति अवधि</u>

जडान/निर्माणकर्ता कम्पनीले इलेक्ट्रो-मेकानिकल उपकरणमा विद्युत उत्पादन परीक्षण भएको मितिले एक वर्षको प्रत्याभूति दिनु पर्नेछ । जडान/निर्माणकर्ताले प्रत्याभूति अवधिमा कम्तीमा एक पटक स्थलगत जाँच गरी आयोजना विकासकर्तालाई सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सुझाव दिनुपर्नेछ ।

## १२. <u>आयोजना सञ्चालन तथा मर्मतसम्भार</u>

जडान/निर्माणकर्ताले आयोजनासँग सम्बन्धित सरोकारवाला (व्यवस्थापक, सञ्चालक तथा इलेक्ट्रिसियन) लाई आयोजना सञ्चालन तथा मर्मतसम्भार सम्बन्धी प्रशिक्षण दिनुपर्नेछ । जडान/निर्माणकर्ताले एक वर्षसम्म आयोजना सञ्चालन तथा मर्मतको लागि आवश्यक पर्ने जनशक्ति, उपकरण तथा सामग्री उपलब्ध गराउनु पर्नेछ । सो पश्चात् निर्माणकर्ताले बाह्य श्रोतबाट ऊर्जा सेवा कम्पनी (ESCO) मोडेल बमोजिम सञ्चालन र मर्मत कार्य गर्न सक्नेछ ।

**१३. अनुगमन तथा मूल्याङ्कन :** अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) जडित सम्पूर्ण आयोजनाको केन्द्र वा स्थानीय तहबाट अनुगमन गर्नुपर्नेछ ।

(ख) केन्द्रबाट समय समयमा आयोजनाको प्रभाव र उपभोक्ताको सन्तुष्टि सम्बन्धी अध्ययन गर्नुपर्नेछ ।

(ग) आयोजना विकासकर्ताले आयोजनाको निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । साथै सो आयोजना सम्पन्न भएपछि सार्वजनिक र आर्थिक लेखा परीक्षण गरी सो को प्रतिवेदन केन्द्र र स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

**१४. बिगो तथा क्षतिपूर्ति :** बिगो तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) खण्ड ४.४.२ (क), (ख) र (ग) मा उल्लेख भए भन्दा आयोजनाको विद्युत उत्पादन क्षमता घटेको अवस्थामा सम्बन्धित जडानकर्ता वा आपूर्तिकर्ताले घटेको क्षमता बराबर हुन आउने रकम भूक्तानी दिने निकायलाई फिर्ता गर्नुपर्नेछ ।

(ख) आयोजनाको उपकरण र सामग्री लगायत सम्पूर्ण संरचना केन्द्रले तोकेको मापदण्डभन्दा फरक परेमा जडान/निर्माणकर्ता कम्पनीले मापदण्ड अनुसारको उपकरण र सामग्री प्रतिस्थापन गर्नुपर्नेछ ।

(ग) प्रत्याभूति अवधिभित्र आयोजनामा कुनै समस्या देखिएमा वा जडान गरिएको इलेक्ट्रो-मेकानिकल उपकरणमा मर्मत गर्नुपर्ने भएमा सम्बन्धित उपकरण जडानकर्ताले सम्झौतामा तोकिएको समयावधिभित्र मर्मत वा प्रतिस्थापन गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम प्रत्याभूति सेवा उपलब्ध नगराएमा आयोजना विकासकर्तालाई कट्टा भएको रिटेन्सन वा कार्यसम्पादन जमानत वा दुबैबाट क्षतिपूर्ति रकम उपलब्ध गराइनेछ ।

(ङ) बिगो तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## अनुसूची २ : सुधारिएको पानीघट्ट

**{दफा ६.३ (१) (ख) सँग सम्बन्धित}**

१. **माग संकलन, प्रणाली जडान तथा अनुदान परिचालन :** प्रणालीको माग संकलन, जडान तथा अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

**(क)** सुधारिएको पानीघट्ट जडानको लागि केन्द्रले सार्वजनिक सूचना प्रकाशित गरी माग संकलन गर्नेछ ।

(ख) इच्छुक उपभोक्ताले केन्द्रले तोके बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस र आवश्यक कागजात सहित आवेदन दिनुपर्नेछ ।

(ग) प्राप्त आवेदनको मूल्याङ्कन गरी छनौट भएका आवेदन केन्द्रले सूचनापाटी तथा वेवसाइट मार्फत प्रकाशित गर्नेछ ।

(घ) छनौट भएका आवेदनकर्ताले केन्द्रले तोकेको मापदण्ड बमोजिम मान्यता प्राप्त कम्पनी मार्फत प्रणाली जडान गर्नुपर्नेछ ।

(ङ) जडानकर्ता कम्पनीले मापदण्ड बमोजिमका सुधारिएको पानीघट्ट आपूर्ति र जडान सम्पन्न गरी घट्टधनीको तर्फबाट आवश्यक कागजात संलग्न गरी अनुदान रकम माग गर्नुपर्नेछ ।

(च) प्राप्त अनुदान आवेदन फाराम चेकजाँच गरी उपयुक्त देखिएमा केन्द्रले स्वीकृत अनुदान रकमको पञ्चानब्बे प्रतिशत भुक्तानी गर्नेछ ।

(छ) केन्द्रको प्राविधिक सहयोगमा केन्द्रले तोकेको मापदण्ड अनुसार स्थानीय तहले चाहेमा प्रणाली जडान तथा अनुगमन गरी अनुदान भूक्तानीको लागि केन्द्रमा पेश गर्न सक्नेछन् ।

२. **अनुगमन तथा मूल्याङ्कन :** अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) प्रत्याभूति अवधि समाप्त भएपछि केन्द्र वा स्थानीय तहले कम्तीमा दश प्रतिशत जडित प्रणालीको स्थलगत अनुगमन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्दा प्रणालीले सन्तोषजनक रुपमा काम गरेको र उपभोक्ताको कुनै गुनासो नभएको पाइएमा कट्टा भएको रिटेन्सन रकम केन्द्रले भुक्तानी गर्नेछ ।

(ग) प्रणालीले सन्तोषजनक रुपमा काम गरेको नपाइएमा जडानकर्तालाई सुधारको लागि जानकारी गराउनुपर्नेछ र जडानकर्ता कम्पनीले तोकिएको अवधिभित्र आवश्यक सुधार गरी केन्द्रमा प्रमाण पेश गरेपछि रिटेन्सन रकम भुक्तानी गर्नुपर्नेछ ।

(घ) विपदका कारण पूर्ण वा आंशिक क्षति भएका प्रणालीको हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा रिटेन्सन रकम भुक्तानी गर्न सकिनेछ ।

(ङ) अनुगमन गर्दा जडानकर्ता कम्पनीले आवेदन साथ पेश गरेको विवरणमा विचलन देखिएमा जडानकर्ता कम्पनीबाट देहाय बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ :-

| क्र.सं. | विचलनको प्रकार | बिगो र क्षतिपूर्ति ( अनुदानको आधारमा) |
|---|---|---|
| १. | जडान बिना अनुदान रकमको दाबी गरेमा (घट्टधनी भेटिएको तर जडान नभएको) वा सम्बन्धित ठेगानामा घट्ट नभेटिएमा | अनुदान रकम बराबरको बिगो भराई सो बराबरको रकम क्षतिपूर्ति भराउने |
| २. | जडित सुधारिएको पानीघट्ट केन्द्रद्वारा निर्धारित मापदण्ड/निर्देशिका भन्दा फरक भएमा | |
| ३. | *फर्जी कागजात पेश गरेमा | |
| ४. | एउटै घट्टधनीको लागि एक भन्दा बढी पटक अनुदान रकम दाबी गरेमा | अनुदान रकम बराबरको बिगो भराउने |
| ५. | केन्द्र र अन्य संस्थाबाट प्राप्त आर्थिक सहयोग केन्द्रद्वारा निर्धारित अधिकतम आधार मूल्य भन्दा बढी हुने गरी अनुदान दाबी गरेमा | |
| ६. | सुधारिएको पानीघट्ट फरक घट्टधनीको नाममा जडान भएमा | अनुदान रकमको पचास प्रतिशत बराबरको बिगो भराउने |
| ७. | सुधारिएको घट्टको अनुदान आवेदन फाराममा उल्लेखित कोड मानीमा खोपिएको पहिचान नम्बरसँग नमिलेमा | |
| ८. | जडानकर्ता कम्पनीको कार्यक्षेत्रभित्र परेका कार्यको त्रुटी नसच्याएमा र बिक्री पछिको सेवा उपलब्ध नगराएमा | |
| ९. | अनुदान आवेदन फाराममा भरिएको उपभोक्ताको विवरण त्रुटीपूर्ण भएमा ( जस्तै नाम, नागरिकता नम्बर आदि भर्दा गल्ती भएमा) | दुई पटकसम्म चेतावनी दिई सो भन्दा बढी पटक चेतावनी पाएमा तीन महिनाको लागि निलम्बन गरिनेछ |

*फर्जी विवरण तयार गरी पेश गरेको पाइएमा अनुसन्धान तथा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

## अनुसूची ३

## सौर्य ऊर्जा

**{दफा ६.३ (१) (ग) सँग सम्बन्धित}**

**१. सौर्य ऊर्जा- राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा नपुगेका क्षेत्र**

**१.१ अनुदानको लागि न्यूनतम योग्यता :** सौय ऊर्जा अन्तर्गत विद्युतीकरण नभएको क्षेत्रमा अनुदानको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) कुनै पनि माध्यमबाट विद्युत सेवा नपुगेको घरधुरी, संस्था वा स्थान ।

(ख) आंशिक रुपमा विद्युत सेवा पुगेको वडा रहेछ भने विद्युत जडान नभएको घरधुरी, संस्था वा स्थान ।

(ग) कुनै पनि माध्यमवाट विद्युत वितरण सेवा उपलब्ध स्थानबाट ३०० मिटर.भन्दा टाढा रहेका स्थान (विस्तृत सम्भाव्यता अध्ययन हुने प्रणालीको हकमा प्रतिवेदनमा प्रमाणीकरण भएको हुनु पर्ने) ।

**१.२ माग संकलन** : माग संकलन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

**(क)** प्रणाली जडानको लागि केन्द्रले सार्वजनिक सूचना प्रकाशित गरी माग संकलन गर्नुपर्नेछ ।

(ख) उपभोक्ताले केन्द्रले तोके बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस र आवश्यक कागजात सहित आवेदन पेश गर्नुपर्नेछ ।

**१.३ प्राविधिक पुनरावलोकन समिति :** (१) सौर्य तथा वायु ऊर्जा प्रविधि अन्तर्गतका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कनको लागि देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समिति रहनेछ :-

(क) प्रमुख, सम्बन्धित शाखा – संयोजक

(ख) प्राविधिक प्रतिनिधि (इञ्जिनियर), मन्त्रालय – सदस्य

(ग) प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण – सदस्य

(घ) केन्द्रले तोकेको प्राज्ञिक संस्थाको प्रतिनिधि – सदस्य

(ङ) प्रतिनिधि, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र – सदस्य

(च) अधिकृत, सम्बन्धित शाखा – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विषयगत विज्ञ वा सम्बन्धित संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

**१.४ प्रविधिको गुणस्तर** : सौर्य ऊर्जा प्रणालीमा प्रयोग हुने उपकरण तथा सामग्रीको वारेण्टी तथा ग्यारेण्टी प्रचलित नेपाल सौर्य विद्युत गुणस्तर मापदण्ड बमोजिम हुनेछ ।

**१.५ सौर्य घरेलु विद्युत प्रणाली**

**१.५.१ अनुदान परिचालन प्रक्रिया :** सौर्य घरेलु विद्युत प्रणाली (साना घरेलु सौर्य प्रणाली तथा घरेलु सौर्य प्रणाली) का लागि अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रबाट मान्यता प्राप्त कम्पनीले केन्द्रको मापदण्ड अनुसार मागको सिर्जना गरी सौर्य घरेलु विद्युत प्रणाली जडान गर्नुपर्नेछ वा केन्द्रले विद्युतीकरण नभएका स्थानका लागि सम्बन्धित स्थानीय तहबाट संकलित मागको आधारमा सूची प्रकाशन गर्नुपर्नेछ ।

(ख) कम्पनीले उपभोक्ताको घरमा सौर्य घरेलु विद्युत प्रणाली जडान पश्चात् अनुदानको लागि केन्द्रले निर्धारण गरेको अनुदान आवेदन फाराम साथ आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ग) आवेदन फाराम साथ सम्बन्धित स्थानीय तहको सिफारिस, सौर्य विद्युत प्रणाली धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक तथा प्रणाली सहित घर र घरधनीको फोटो संलग्न गरी पेश गर्नु पर्नेछ । तर प्रणालीधनी स्वयं उपस्थित हुन नसक्ने अवस्थामा परिवारको अन्य सदस्यको फोटो तथा यस्तो अवस्थामा मुचुल्का उठाई नाता प्रमाणित गराई सोको कागजात पेश गर्नुपर्नेछ ।

(घ) केन्द्रले अनुदान आवेदन फारामको चेकजाँच गरी उपयुक्त देखेमा भुक्तानीको लागि कोषमा सिफारिस गर्नेछ र कोषले केन्द्रको सिफारिसको आधारमा पाँच प्रतिशत रिटेन्सन कट्टा गरी अनुदान भूक्तानी गर्नेछ ।

(ङ) प्रणाली जडान सम्पन्न पश्चात जडानकर्ता कम्पनीले केन्द्रको प्राविधिक मापदण्ड तथा निर्देशिका अनुसार कम्तीमा एक वर्षसम्म बिक्री पछिको सेवा उपलव्ध गराउनु पर्नेछ । उपभोक्ताको गुनासो कम्पनीले सोझै सम्बोधन नगरेमा केन्द्रले उपलब्ध गराएको टोल फ्रि नम्बरमा उपभोक्ताले गुनासो टिपाउन सक्नेछन् । गुनासोको जानकारी केन्द्रले सम्बन्धित कम्पनीलाई गराउनेछ र सम्बन्धित कम्पनीले तोकिएको समयभित्र गुनासो सम्बोधन नगरेमा अनुगमन मापदण्ड बमोजिम केन्द्रले कारबाही गर्नेछ ।

(च) बिक्री पछिको सेवा उपलव्ध गराउने अवधि समाप्त भएपछि केन्द्रले न्यूनतम १० प्रतिशत नमूना छनौट गरी प्रणालीको स्थलगत अनुगमन गर्नेछ । यस्तो अनुगमन सम्बन्धित स्थानीय तहबाट समेत गराउन सकिनेछ ।

(छ) अनुगमन प्रतिवेदनको आधारमा केन्द्रको सिफारिसमा कोषले रिटेन्सन रकम भुक्तानी गर्नेछ ।

(ज) ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमबाट कट्टा गरी कोषको छुट्टै खातामा जम्मा गरिनेछ र प्रणालीमा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

(झ) उपभोक्ताले आफ्नो आवश्यकता अनुसार कम्तीमा पाँचवर्ष अगाडि साना घरेलु सौर्य प्रणाली वा घरेलु सौर्य प्रणालीको प्रयोग गरिरहेको र हाल आवश्यकता वृद्धि भई असी वाटपिक वा सोभन्दा ठूला प्रणाली जडान गर्न चाहेमा अनुदान नीतिको अधिनमा रही अनुदान रकम उपलब्ध हुनेछ ।

(ञ) कुनै निश्चित स्थान वा क्षेत्रमा धेरै संख्यामा प्रणालीको प्रवर्द्धन गर्दा खरिद ऐन तथा नियमावाली वमोजिम प्रतिस्पर्धी कम्पनी छनौट गर्नुपर्नेछ । प्रतिस्पर्धी कम्पनीको योग्यताका सूचक बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

**१.६ <u>संस्थागत सौर्य विद्युत तथा सौर्य खानेपानी प्रणाली</u> :**

**१.६.१. <u>अनुदान परिचालन प्रक्रिया</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले आयोजना छनौटका आधार तय गर्नुपर्नेछ ।

(ख) केन्द्रले प्रत्येक वर्ष सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सार्वजनिक सूचना मार्फत आवेदन आव्हान गर्नेछ ।

(ग) संस्थागत सौर्य विद्युतको हकमा सम्बन्धित संस्थाले स्थानीय तहको सिफारिस सहित आवेदन पेश गर्नुपर्नेछ । सौर्य खानेपानी प्रणालीको हकमा व्यक्तिगत भएमा सम्बन्धित व्यक्तिले र सामुदायिक भएमा

सम्बन्धित निकायमा प्रचलित कानून वमोजिम दर्ता भएका उपभोक्ता समिति वा सामुदायिक संस्थाले स्थानीय तहको सिफारिस प्रणालीको कूल लागतमध्ये अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गर्ने प्रतिबद्धता पत्र सहित आवेदन पेश गर्नुपर्नेछ ।

(घ) प्राप्त आवेदनको मूल्याङ्कन गरी केन्द्रबाट स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाको सूची त्रैमासिक रुपमा वा आवश्यकता अनुसार प्रकाशन गर्नुपर्नेछ ।

(ङ) छनौट भएका आवेदनको सम्भाव्यता अध्ययन केन्द्रले गर्नेछ । संस्थागत सौर्य ऊर्जा प्रणालीको लागि २ किलोवाट पिकको प्रणाली जडान गरिनेछ । सम्बन्धित संस्थाले २ किलोवाट पिकभन्दा ठूलो प्रणाली जडान गरेको हकमा २ किलोवाट पिकको लागि मात्र अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

(च) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई खण्ड १.३ बमोजिमको प्राविधिक पुनरावलोकन समितिले मूल्याङ्कन गरी सिफारिस भएबमोजिम केन्द्रले स्वीकृत गर्नेछ ।

(छ) स्वीकृत आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको हकमा सम्बन्धित संस्थाले स्रोत सुनिश्चितता गरी आवश्यक कागजात सहित केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ज) स्वीकृत आयोजनाको खरिद प्रक्रिया प्रचलित खरिद ऐन नियमावली बमोजिम हुनेछ ।

(झ) आयोजनाको निर्माण पश्चात जडानकर्ता कम्पनीले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ट) जडान सम्पन्न प्रतिवेदनको चेकजाँच गरी केन्द्रले प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ठ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले अनुदान रकम भुक्तानीको लागि कोषलाई सिफारिस गरी कोषले सम्झौता बमोजिम दश प्रतिशत रिटेन्सन रकम कट्टा गरी भुक्तानी गर्नेछ ।

(ड) प्रणाली जडान गरेको दुई वर्षपछि केन्द्र वा स्थानीय तहले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा रिटेन्सन रकम भूक्तानी र कार्य सम्पादन जमानत फुकुवा गर्नेछ । अनुगमन कार्यको लागि केन्द्रले नयाँ प्रविधिमा आधारित रिमोट मोनिटरिङ्ग समेत प्रयोग गर्न सक्नेछ ।

## १.७ <u>समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने सौर्य सिँचाइ प्रणाली</u>

**१.७.१ <u>न्यूनतम योग्यता</u> :** अनुदानको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछन् :

(क) निजी तवरबाट (व्यक्ति वा कम्पनीद्वारा) सञ्चालित प्रणालीको हकमा सम्बन्धित उपभोक्ताले कृषि योग्य जमिनको जग्गाधनी पूर्जाको प्रतिलिपी पेश गर्नु पर्नेछ । निजी कम्पनीबाट सञ्चालित प्रणालीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई कम्पनीको नाममा रहेको वा भाडामा लिइएको कृषि योग्य जमिन भएको हुनुपर्नेछ ।

(ख) समुदायबाट सञ्चालित प्रणालीको हकमा उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको हुनुपर्नेछ । उपभोक्ता समितिका सदस्यको आफ्नो वा लिजमा लिइएको कृषि योग्य जमिन भएको हुनुपर्नेछ र सिंचाइ गर्ने जमिनको जग्गाधनी पूर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(ग) सम्बन्धित उपभोक्ता जग्गाधनी नभएको हकमा भने जग्गाको भोगाधिकार स्थानीय तहले सिफारिस गरेको हुनुपर्नेछ ।

**१.७.२ अनुदान परिचालन प्रक्रिया:** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले सम्बन्धित निकायसंग समन्वय गरी प्रत्येक वर्ष सार्वजनिक सूचना मार्फत आवेदन आव्हान गर्नेछ ।

(ख) इच्छुक आवेदकले केन्द्रले तोके बमोजिमको ढाँचामा सम्भाव्यता अध्ययन फाराम भरी सम्बन्धित स्थानीय तहको सिफारिस सहित आवेदन पेश गर्नुपर्नेछ ।

(ग) प्राप्त आवेदनको मूल्याङ्कन गरी छनौट भएका आवेदन केन्द्रले सूचनापाटी तथा वेवसाइट मार्फत प्रकाशित गर्नेछ ।

(घ) निजी तवरबाट सञ्चालित प्रणालीको हकमा सूचीकृत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन आवेदक स्वयंले गरी केन्द्रले प्रमाणीकरण तथा मूल्याङ्कन गर्नेछ । तर ५ लाखसम्मका आयोजनालाई भने प्रारम्भिक सम्भाव्यता अध्ययनको आधारमा अघि बढाउन सकिनेछ । समुदायबाट सञ्चालित प्रणालीको हकमा केन्द्र वा उपभोक्ता समितिबाट प्रणालीको विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ ।

(ङ) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन केन्द्रले मूल्याङ्कन गरी स्वीकृत गर्नेछ ।

(च) निजी तवरबाट सञ्चालित प्रणालीको हकमा स्वीकृत आयोजनाको अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गरी उपभोक्ता स्वयंले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम केन्द्रबाट मान्यताप्राप्त कम्पनीबाट प्रणाली जडान गर्नुपर्नेछ । समुदायबाट सञ्चालित प्रणालीको हकमा खरिद प्रक्रिया उपभोक्ता समिति वा उपभोक्ता समितिको अनुरोधमा केन्द्र वा स्थानीय तहले गर्न सक्नेछन् ।

(छ) जडानकर्ता कम्पनीले मापदण्ड बमोजिमका प्रणाली आपूर्ति र जडान सम्पन्न गरी केन्द्रले निर्धारण गरेको ढाँचामा उपभोक्ताको तर्फबाट कार्य सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ज) केन्द्रले कार्य सम्पन्न प्रतिवेदनको आधारमा तोकिएको अवधिभित्र अनुगमन गरी परीक्षण तथा हस्तान्तरण गर्नुपर्नेछ ।

(झ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा रिटेन्सन बापतको दश प्रतिशत रकम कट्टा गरी बाँकी अनुदान रकम कम्पनीलाई भूक्तानी गरिनेछ ।

(ञ) प्रणाली जडान गरेको दुई वर्षपछि केन्द्रले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा बाँकी दश प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ ।

## १.८ सौर्य मिनीग्रिड प्रणाली

### १.८.१ स्थानीय तहको स्वामित्वमा निर्माण हुने सौर्य मिनीग्रिड आयोजना

**१.८.१.१ आयोजनाको माग संकलन** : माग संकलन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको लागि सार्वजनिक सूचना प्रकाशित गरी केन्द्रले तयार गरेको ढाँचामा पूर्व- सम्भाव्यता अध्ययन सहित माग संकलन गरिनेछ ।

(ख) स्थानीय तहले आयोजनाको माग गर्दा स्थानीय तह आफैंले वा स्थानीय तहले तोकेको सहकारी वा कम्पनी मार्फत कार्यान्वयन गर्ने यकिन गरी आयोजना माग गर्नुपर्नेछ ।

**१.८.१.२ आयोजना छनौटको मापदण्ड:** आयोजनाको छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड प्रणालीबाट विद्युत सेवा उपलब्ध नभएको क्षेत्र हुनुपर्ने ।

(ख) सम्बन्धित स्थानीय तहबाट आयोजनाको माग भइ आएको हुनुपर्ने ।

(ग) आयोजना प्रवर्द्धकले व्यहोर्ने कम्तीमा दश प्रतिशत लागत साझेदारीको प्रतिबद्धता प्राप्त भएको हुनुपर्ने ।

(घ) आयोजना प्रवर्द्धकले आयोजनाको लागि आवश्यक जग्गाको व्यवस्था गर्ने प्रतिबद्धताको कागजात प्राप्त भएको हुनुपर्ने ।

**१.८.१.३ आयोजना छनौट समिति :** (१) प्राप्त हुन आएको प्रस्तावमध्येबाट उपयुक्त आयोजना छनौट गर्न केन्द्रमा देहाय बमोजिमको आयोजना छनौट समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित शाखा | -संयोजक |
| (ख) प्रमुख, योजना शाखा | -सदस्य |
| (ग) प्रतिनिधी, नेपाल विद्युत प्राधिकरण | -सदस्य |
| (घ) अधिकृत, सम्बन्धित शाखा | -सदस्य सचिव |

(२) समितिले देहायको आधारमा आयोजना छनौट गर्नेछ :

(क) जलविद्युत वा अन्य माध्यमबाट विद्युतीकरण नभएको र निकट भविश्यमा पुग्ने सम्भावना नरहेको ।

(ख) स्थानीय तह वा प्रदेश सरकारले व्यहोर्ने लागतको हिस्सा ।

(ग) आयोजना माग भएको क्षेत्रको भौगोलिक अवस्था ।

(घ) पिछाडिएको वर्ग र समुदायको बसोबास भएको स्थान ।

(ङ) आयोजनाबाट उपलब्ध हुने ऊर्जाको उत्पादनमूलक क्षेत्रमा समेत उपयोग हुनसक्ने सम्भावना भएको ।

**१.८.१.४ आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन :** छनौट भएका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आयोजना डिजाइन गर्दा घरायसी प्रयोजनको लागि प्रति किलोवाट कम्तीमा ३ घरधुरी हुनुपर्नेछ । आयोजनाको माध्यमबाट उत्पादनशील ऊर्जा उपयोगको हकमा केन्द्रले स्वीकृत गरेको विस्तृत सम्भाव्यता अध्ययन ढाँचा बमोजिम हुनेछ ।

(ख) छनौट भएका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन केन्द्रले गर्नेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक आर्थिक सहयोग केन्द्रले व्यहोर्नेछ ।

**१.८.१.५ आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको मूल्याङ्कन:** प्राविधिक पुनरावलोकन समितिले देहायको आधारमा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कन गर्नेछ :

(क) ऊर्जा माग तथा खपत सम्बन्धी विस्तृत लेखाजोखा भए/नभएको ।

(ख) माग तथा खपत सम्बन्धी लेखाजोखाको आधारमा मिनीग्रिड प्रणाली डिजाइन भए/नभएको ।

(ग) आयोजनालाई आवश्यक जग्गाको उपलब्धता भए/नभएको ।

(घ) आयोजनाको प्रचलित दर बमोजिमको लागत अनुमान भए/नभएको ।

(ङ) आयोजनाको सम्पूर्ण वित्तीय व्यवस्थाको सुनिश्चितता भए/नभएको ।

(च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ।

(छ) वातावरणीय तथा सामाजिक सुरक्षणका आधारभूत उपाय समावेश भए/नभएको ।

प्राविधिक पुनरावलोकन समितिले उल्लेखित मापदण्ड बमोजिम आयोजनाको डिजाइन, उत्पादन, लागत अनुमान लगायत सम्पूर्ण प्राविधिक पक्षको मुल्यांङ्कन गरी स्वीकृतिको लागि केन्द्र समक्ष सिफारिस गर्नेछ । यसरी सिफारिस भएका आयोजनाको प्राविधिक तथा लागत अनुमान सहितको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन केन्द्रले स्वीकृत गरेपछि आयोजना स्वीकृत भएको मानिनेछ ।

**१.८.१.६ आयोजना निर्माण तथा सञ्चालन** : केन्द्रले आयोजनाको निर्माण तथा सञ्चालन आयोजना प्रवर्द्धक मार्फत गर्नुपर्नेछ ।

**१.८.१.७ लागत साझेदारी गर्न सक्ने** : (१) केन्द्रले राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड आयोजनाबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा आयोजना प्रवर्द्धक मार्फत निर्माण गरिने मिनीग्रिड आयोजनाको लागि कूल लागत, औचित्य, प्राथमिकता, आयोजनाबाट हुनसक्ने उपलब्धी, दीगोपना समेतको आधारमा आयोजनाको कूल लागतको नब्बे प्रतिशतसम्म रकम उपलब्ध गराउनेछ ।

(२) केन्द्रले उपलब्ध गराउने बाहेकको रकम सम्बन्धित स्थानीय तह वा स्थानीय तह र प्रदेश सरकारले संयुक्त साझेदारीमा उपलब्ध गराउन सक्नेछन् ।

(३) केन्द्रले उपलब्ध गराउने रकम स्थानीय तहबाट उक्त आयोजनामा भएको कार्य प्रगतिको आधारमा उपलब्ध गराउनेछ ।

(४) केन्द्रले उपलब्ध गराउने रकमको अन्तिम किस्ता आयोजनाको कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र उपलब्ध गराउनेछ ।

**१.८.१.८ लागत साझेदारी रकमको सुनिश्चतता गर्नुपर्ने** : आयोजनाको बोलपत्र आव्हान गर्नु अघि आयोजना प्रवर्द्धकले लागत साझेदारी गर्नुपर्ने रकम आयोजनाको नाममा बैंक खाता खोली जम्मा गर्नुपर्नेछ ।

**१.८.१.९ बोलपत्र आव्हान तथा मूल्याङ्कन :** केन्द्रबाट स्वीकृत आयोजनाको निर्माणका लागि बोलपत्र आव्हान गर्दा केन्द्रले तोकेको डिजाइन र प्राविधिक मापदण्ड बमोजिम सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ । केन्द्रको प्राविधिक सहयोगमा प्राप्त बोलपत्रको मूल्याङ्कन गरी जडान/निर्माणकर्ता छनौट गर्नुपर्नेछ । तर स्थानीय तहबाट अनुरोध भइ आएमा बोलपत्र आव्हान तथा मूल्याङ्कन कार्य केन्द्रले गर्न सक्नेछ ।

**१.८.१.१० सम्झौता तथा भुक्तानी** : (१) आयोजनाको निर्माणको लागि आयोजना प्रवर्द्धक र जडान/निर्माणकर्ताबीच सम्झौता गर्नुपर्नेछ । तर स्थानीय तहबाट अनुरोध भइ आएमा केन्द्रले जडान/निर्माणकर्तासँग सम्झौता गरी कार्यान्वयन गर्नेछ ।

(२) केन्द्रले आयोजना प्रवर्द्धकलाई आयोजनाको निर्माण, सञ्चालन र दीगोपना समेतलाई ध्यान दिई सम्झौतामा समेट्नुपर्ने सम्पूर्ण पक्ष खुलाई नमूना सम्झौता तयार गरी पठाउनेछ ।

(३) जडान/निर्माणकर्तालाई सम्झौता बमोजिमको रकमको भुक्तानी कार्य प्रगतिको आधारमा गरिनेछ ।

**१.८.१.११ सार्वजनिक खरीद ऐन/नियमावली लागू हुने** : आयोजना सम्बन्धी खरीद प्रक्रिया, भुक्तानी लगायतका कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**१.८.१.१२. आयोजनाको हस्तान्तरण**: आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजना प्रवर्द्धकले कार्य सम्पन्न प्रतिवेदन केन्द्र र स्थानीय तहमा बुझाउनुपर्नेछ । केन्द्रले उक्त प्रतिवेदनको आधारमा स्थलगत निरीक्षण

गरी आयोजना सम्पन्न भएको प्रमाणित गर्नुपर्नेछ । सो पश्चात् जडान/निर्माणकर्ताले आयोजना प्रवर्द्धकलाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

**१.८.१.१३ <u>आयोजनाको सञ्चालन, मर्मतसम्भार तथा दीगोपना</u>** : आयोजना हस्तान्तरण पश्चात् नियमित सञ्चालनका लागि आवश्यक पर्ने मर्मतसम्भार सम्बन्धी सम्पूर्ण कार्य आयोजना प्रवर्द्धकले गर्नुपर्नेछ ।

**१.८.१.१४ <u>मिनीग्रिड आयोजनाको गुणस्तर</u>** : (१) आयोजनामा उपयोग हुने उपकरण नेपाल फोटोभोल्टेक गुणस्तर, नेपाल विद्युत प्राधिकरणको मापदण्ड र केन्द्रद्वारा निर्धारित प्राविधिक मापदण्ड बमोजिम हुनुपर्नेछ ।

(२) उपकरण परीक्षण केन्द्रद्वारा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ । परीक्षण केन्द्रमा परीक्षण सुविधा नभएका प्रणालीको हकमा आधिकारिक अन्तर्राष्ट्रिय परीक्षण केन्द्रमा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(३) अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित सामग्रीको प्राविधिक स्तर र प्रमाणपत्रको प्रमाणीकरण केन्द्रबाट वा  परीक्षण केन्द्र वा केन्द्रले तोकेको आधिकारिक निकायबाट समेत गर्न सकिनेछ ।

**१.८.२ निजी वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा सामुदायिक स्वामित्वका सौर्य मिनीग्रिड आयोजना**

**१.८.२.१ <u>आयोजना पहिचान, माग संकलन तथा सम्भाव्यता अध्ययन :</u>** आयोजनाको पहिचान, माग संकलन तथा सम्भाव्यता अध्ययन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको लागि सार्वजनिक सूचना प्रकाशित गरी केन्द्रले तयार गरेको ढाँचामा पूर्व-सम्भाव्यता अध्ययन सहित माग संकलन गर्नेछ ।

(ख) प्राप्त आवेदनको केन्द्रले मूल्याङ्कन गरी खण्ड १.८.१.२ को मापदण्ड बमोजिम आयोजनाको छनौट गर्नेछ ।

(ग) छनौट भएका आयोजनाको केन्द्रले विस्तृत सम्भाव्यता अध्ययन गर्नेछ । ऊर्जा सेवा प्रदायक कम्पनीले स्वलगानीमा विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेछ ।

**१.८.२.२ <u>आयोजना छनौटको मापदण्ड</u>**: आयोजना छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड प्रणालीबाट विद्युत सेवा उपलब्ध नभएको क्षेत्र हुनुपर्ने ।

(ख) सम्बन्धित स्थानीय तहबाट आयोजनाको सिफारिस भइ आएको हुनुपर्ने ।

(ग) आयोजना निर्माणकर्ता प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने ।

(घ) लागत साझेदारीको प्रतिबद्धता प्राप्त भएको हुनुपर्ने ।

(ङ) आवश्यक जग्गाको व्यवस्था गर्ने प्रतिबद्धताको कागजात प्राप्त भएको हुनुपर्ने ।

**१.८.२.३ <u>अनुदान परिचालन प्रक्रिया :</u>** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) आयोजनामा उपयोग हुने उपकरणहरू केन्द्रले तोकेको मापदण्ड बमोजिम परीक्षण वा प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(ख) निर्माणकर्तासंग सम्झौता गर्नु अघि अनुदान बाहेक आयोजनाको वित्तीय स्रोत सुनिश्चित भएको हुनुपर्नेछ ।

(ग) बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने हकमा कर्जा स्वीकृति पत्र र स्थानीय तह वा अन्य संस्थाको आर्थिक सहयोगको हकमा प्रत्याभूति पत्र समेत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(घ) प्राप्त विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कन गरी खण्ड ३ (१) बमोजिमको सौर्य ऊर्जा प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले स्वीकृत गर्नेछ ।

(ङ) स्वीकृत आयोजनाको खरिद तथा भुक्तानी प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वा विकास साझेदारको खरिद निर्देशिका वा आयोजना सम्बन्धी सम्झौता बमोजिम हुनेछ । खरिद प्रक्रिया केन्द्र वा ऊर्जा सेवा प्रदायक मार्फत गरिनेछ ।

(च) आयोजना निर्माण पश्चात निर्माणकर्ताले जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ ।

(छ) आयोजना जडान सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले आयोजना परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ज) आयोजनाको परिक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा केन्द्रले अनुदान रकमको भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र कोषले सम्झौता अनुसारको अनुदान रकम आयोजना निर्माणकर्ता वा निजको सिफारिसमा जडानकर्तालाई भुक्तानी गर्नेछ ।

**१.८.२.४ <u>सम्झौता बमोजिम हुने</u> :** खण्ड १.८.२.१ देखि १.८.२.३ सम्म उल्लिखित व्यवस्था बाहेक लागत साझेदारी, निर्माण, सञ्चालन र मर्मत सम्भार लगायतका अन्य विषय केन्द्र र सम्बन्धित संस्थाबीच हुने सम्झौता बमोजिम हुनेछ ।

### १.९ सौर्य तापीय प्रणाली

### १.९.१ <u>घरेलु सौर्य ड्रायर र कुकर</u>

**१.९.१.१ <u>अनुदान वितरण प्रक्रिया</u> :** अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) ८५ वर्ग फिट क्षमता सम्मका ड्रायर र कुकरलाई घरायसी प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइनेछ । कम्पनीहरूले अनुदानको लागि निर्धारित अनुदान आवेदन फाराम, सम्बन्धित स्थानीय तहको जडान सम्पन्न सिफारिस र आवश्यक कागजात संलग्न गरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ख) अनुदान आवेदन फाराम प्राप्त भएपछि केन्द्रले त्यसको मूल्याङ्कन गरी प्रकृया अनुरूप भएमा कोषलाई अनुदान रकमको पन्चानब्बे प्रतिशत रकम भुक्तानीको लागि सिफारिस गर्नेछ ।

(ग) सामान्यतया आवेदन फाराम प्राप्त भएको तीस दिनभित्र केन्द्रले सम्पुर्ण प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(घ) कोषले अनुदान परिचालन कार्यविधि अनुसार चेक जाँच गरी सम्बन्धित कम्पनीलाइ अनुदान रकम सामान्यतया पन्ध्र दिन भित्र भुक्तानी गर्नपर्नेछ ।

(ङ) बिक्री पछिको सेवा प्रदान गर्ने जिम्मेवारी जडान गर्ने कम्पनीको हुनेछ ।

(च) केन्द्रले उपलब्ध गराएको टोल फ्रि नम्बरमा उपभोक्ताले बिक्री पछिको सेवाको गुनासो टिपाउन सक्नेछन् । सो को जानकारी केन्द्रले सम्बन्धित कम्पनीलाई तोकिएको समयावधीभित्र सेवा प्रदान गर्नुपर्नेछ । सो बमोजिम सेवा नगरेमा अनुगमन मापदण्ड बमोजिम केन्द्रले कारबाही गर्नेछ ।

### १.९.२ संस्थागत सौर्य ड्रायर र कुकर

**१.९.२.१ <u>अनुदान वितरण प्रक्रिया</u> :** अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) संस्थागत सौर्य ड्रायर र कुकर जडान हुने सार्वजनिक संस्था प्रचलित कानून बमोजिम दर्ता वा स्थापित भएको हुनुपर्नेछ । यस अन्तर्गत ८५ वर्ग फिट भन्दा ठूलो क्षमताका सौर्य ड्रायर र कुकर लाई अनुदान

उपलब्ध गराइनेछ

(ख) केन्द्रबाट संस्थागत सौर्य ड्रायर र कुकरको लागि छनौट मापदण्ड बनाइनेछ।

(ग) केन्द्रले आयोजनाको लागि सार्वजनिक सूचना प्रकाशित गरी माग संकलन गर्नेछ।

(घ) इच्छुक आवेदक संस्थाले केन्द्रको वेवसाइटमा उपलब्ध आवेदन फाराम भरी पेश गर्नु पर्नेछ।

(ङ) केन्द्रले स्वीकृत मापदण्डको आधारमा संभाव्य ड्रायर वा कुकर जडान हुने संस्थाको सूची आवश्यकता अनुसार वा त्रैमासिक रुपमा प्रकाशन गर्नेछ।

(च) छनौट गरिएका आवेदनहरूलाई आवश्यक मूल्याङ्कन गरी केन्द्रले स्वीकृत गर्न सक्नेछ।

(छ) छनौट भएका संस्थाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार केन्द्रबाट मान्यता प्राप्त कम्पनीमध्येबाट ड्रायर वा कुकर खरिद तथा जडान गरी कार्य सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ।

(ज) कार्य सम्पन्न प्रतिवेदनको आधारमा केन्द्रले ड्रायर वा कुकर परीक्षण तथा हस्तान्तरण गर्नेछ।

(झ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा अनुदान रकमको नव्वे प्रतिशत छनौट भएका संस्थाको सिफारिसमा कम्पनीलाई भुक्तानी गरिनेछ।

(ञ) बिक्रीपछिको प्रत्याभूतिको एक वर्षको अवधि पूरा भए पश्चात् केन्द्रले सामान्यतया छ महिनाभित्र अनुगमन गर्नुपर्नेछ र अनुगमन प्रतिवेदन अनुसार केन्द्रले बाँकी दश प्रतिशत रकम छनौट भएको संस्थाको अनुरोधमा कम्पनीलाई भुक्तानी गर्न सक्नेछ।

### १.१०. सौर्य ऊर्जा प्रविधिको अनुगमन

**१.१०.१ <u>घरेलु सौर्य विद्युत प्रणालीको अनुगमन</u> :** घरेलु सौर्य ऊर्जा प्रविधिको अनुगमन देहाय बमोजिम हुनेछ :-

(क) अनुदान भुक्तानी भएको एक वर्षपछि जडान गरिएको सौर्य प्रणालीबाट फाटफूट (र्‍याण्डम) नमूना छनौट पद्धतिबाट न्यूनतम दश प्रतिशत प्रणाली छनौट गरी स्वतन्त्र परामर्शदाताबाट स्थलगत अनुगमन गरिनेछ। प्रणालीको नमूना सौर्य ऊर्जा व्यवस्थापन सूचना तथ्याङ्कको कम्प्युटर प्रणालीबाट छनौट गरिनेछ।

(ख) स्थलगत अनुगमनबाट प्राप्त तथ्याङ्क व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कको आधारमा मूल्याङ्कन गरिनेछ।

(ग) दण्ड र सजायको अधिकतम हद कम्पनीको मान्यता खारेजी सम्म हुनेछ।

(घ) स्वतन्त्र परामर्शदाताले गर्नुपर्ने स्थलगत निरीक्षण बाहेक केन्द्र, कोष, स्थानीय तहले उजुरीको आधारमा नियमित रुपमा वा आवश्यकता अनुसार स्थलगत अनुगमन र परीक्षण गर्न सक्नेछन्।

(ङ) परीक्षण केन्द्रले सौर्य प्रणालीको प्राविधिक पक्षहरूको स्थलगत अध्ययन गरी आवश्यक सुधारको लागि केन्द्रलाई प्रतिवेदन पेश गर्नेछ।

(च) प्राप्त प्रतिवेदन र नियमित उजुरीको आधारमा आवश्यकता अनुसार कोष र केन्द्रबाट स्थलगत अनुगमन तथा निरीक्षण गरिनेछ।

(छ) स्थलगत अनुगमन गर्दा जडानकर्ता कम्पनीले आवेदन साथ पेश गरेको विवरणमा विचलन देखिएमा

जडानकर्ता कम्पनीबाट देहाय बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ :-

| क्र.सं. | विचलनको प्रकार | बिगो र क्षतिपूर्ति (अनुदानको आधारमा) |
|---|---|---|
| १ | जडानबिना अनुदान दाबी गरेमा | अनुदान रकम बराबरको बिगो भराई सो बराबरको रकम क्षतिपूर्ति भराउने |
| २. | अनुदान आवेदन फाराममा उल्लेखित ठेगानामा सम्बन्धित उपभोक्ताको पहिचान नभएमा | |
| ३. | एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गरेमा | |
| ४. | अन्य व्यक्ति वा संस्थाले पूर्ण आर्थिक सहयोग गरेको प्रणालीको लागि अनुदान दावी गरेमा | |
| ५ | तोकिएको मापदण्डभन्दा कम गुणस्तरीय उपकरण जडान गरेको भेटिएमा । | |
| ६. | विद्युतीकरण भएको घरधुरीमा अनुदान दावी गरेमा | |
| ७. | *फर्जी कागजात पेश गरेमा | |
| ८. | प्रणाली क्षमता अनुसार सञ्चालन नभएमा वा प्रत्याभूति (वारेन्टी) नदिएमा वा लिखित निवेदन दिएको मितिले तोकिएको अवधिभित्र जडानपछिको सेवा नदिएमा | अनुदान रकम बराबरको बिगो भराउने |
| ९. | नमूना प्रणाली बाहेक अन्य प्रणाली अनुगमन गर्दा त्रुटी भेटिएमा | |
| १०. | सम्बन्धित उपभोक्ता बाहेक अन्य व्यक्तिको नाममा प्रणाली जडान गरेमा | अनुदान रकमको पचास प्रतिशत बराबरको बिगो भराउने |
| ११. | एकै परिवारको नाममा एकपटक भन्दा बढी अनुदान दाबी गरेमा | |
| १२. | तोकिएको स्थानभन्दा फरक स्थानमा प्रणाली जडान गरेमा | |
| १३. | केन्द्रलाई जानकारी नगराई अन्य व्यक्ति वा संस्थाबाट आंशिक आर्थिक सहयोग प्राप्त गरी प्रणाली जडान गरेमा । | अनुदान रकमको दश प्रतिशत बराबरको बिगो भराउने |
| १४. | कम्पनीले पेस गरेको फोटोमा देखाइएको घर वास्तविक घरसँग नमिलेमा | |
| १५. | उपकरणको गुणस्तर प्रमाणित भएको तर केन्द्रमा पेश भएको सिरियल नम्बर नमिलेको अवस्थामा । | |
| १६. | अनुदान आवेदन फाराममा भरिएको उपभोक्ताको विवरण त्रुटीपूर्ण भएमा (जस्तै नाम, नागरिकता नम्बर आदि भर्दा गल्ती भएमा) | दुई पटकसम्म चेतावनी दिई सो भन्दा बढी पटक चेतावनी पाएमा तीन महिनाको लागि निलम्बन गरिनेछ । |
| यस कार्यविधिमा उल्लेखित त्रुटी बाहेक अन्य त्रुटीको हकमा प्रचलित कानून बमोजिम हुनेछ । | | |

*फर्जी विवरण तयार गरी पेश गरेको पाइएमा अनुसन्धान तथा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

**१.१०.२ संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य सिंचाइ प्रणाली तथा सौर्य खानेपानी प्रणालीको अनुगमन**

(क) स्थलगत अनुगमन तथ्याङ्कलाई व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट (इन्ट्री) गरी मूल्याङ्कन गरिनेछ । कम्पनीले बिक्री पश्चात्को सेवा प्रदान नगरेमा वा अन्य किसिमले अनियमितता गरेको पाइएमा तथ्यको आधारमा बिगो तथा क्षतिपूर्ति भराइनेछ । बिगो तथा क्षतिपूर्तिको अधिकतम हद केन्द्रको मान्यता प्राप्त कम्पनीको सूचीबाट खारेज हुनेछ ।

(ख) प्रणालीको क्षमता अनुसार सञ्चालन नभएमा वा प्रत्याभूति (वारेन्टी) नदिएमा वा लिखित निवेदन दिएकोमा तोकिएको अवधिभित्र जडानपछिको सेवा नदिएमा अनुदान रकमको पचास प्रतिशत बिगो तथा क्षतिपूर्ति भराइनेछ ।

**१.१०.३ सौर्य तापीय प्रणालीको अनुगमन :** केन्द्रले सौर्य तापीय प्रणालीको अनुगमन तथा निरीक्षण स्वतन्त्र

परामर्शदाताद्वारा गर्नेछ । यस अन्तर्गत तीन किसिमको अनुगमन गरिनेछ ।

(क) **कार्य सम्पन्न अनुगमन :** सामुदायिक संस्थाहरूमा प्रणालीको जडान सम्पन्न प्रतिवेदन प्राप्त भएपछि दोस्रो किस्ता रकमको भुक्तानी गर्नु अघि स्थलगत अनुगमन गरिनेछ ।

(ख) **उजुरीको आधारमा अनुगमन :** जुनसुकै माध्यमबाट प्राप्त उजुरीको आवश्यकता अनुसार अनुगमन गर्न सकिनेछ ।

(ग) **प्रत्याभूति अवधि पछिको अनुगमन :** प्रत्याभूति अवधि समाप्त भएपछि घरेलु प्रणालीको हकमा न्यूनतम दश प्रतिशत र संस्थागत प्रणालीको हकमा शत प्रतिशत अनुगमन गरिनेछ ।

**१.१०.४ बिगो तथा क्षतिपूर्ति :** बिगो तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) स्थलगत अनुगमन तथ्याङ्कलाई व्यवस्थापन सूचना प्रणाली तथ्याङ्कमा राखी मूल्याङ्कन गरिनेछ । कम्पनीले बिक्री पश्चातको सेवा प्रदान नगरेमा वा अन्य किसिमले अनियमितता गरेको फेला परेमा तथ्याङ्कको आधारमा बिगो तथा क्षतिपूर्ति भराइनेछ । बिगो तथा क्षतिपूर्तिको अधिकतम हद केन्द्रको मान्यता प्राप्त कम्पनीको सूचीबाट खारेज हुनेछ ।

(ख) बिगो तथा क्षतिपूर्ति यसै अनुसूचीको खण्ड १.१०.१ (छ) (क्र.स. ६ र ९ बाहेक) बमोजिम हुनेछ ।

## २. सौर्य ऊर्जा -राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा पुगेका तर विद्युत आपूर्ति नियमित नभएका क्षेत्र

यस अन्तर्गत अनुदान प्राप्त गर्न नेपाल विद्युत प्राधिकरणको सम्बन्धित वितरण केन्द्र र सम्बन्धित स्थानीय तहबाट विद्युत आपूर्ति नियमित नभएको सिफारिस हुनुपर्नेछ ।

### २.१ सौर्य सडक बत्ती

**२.१.१ अनुदान प्राप्त गर्नको लागि न्यूनतम योग्यता :**

(क) सौर्य सडकबत्ती जडान गर्ने स्थान सांस्कृतिक/ऐतिहासिक/पर्यटकीय महत्वको क्षेत्र, सुरक्षाको दृष्टिकोणले संवेदनशील क्षेत्र, बजार क्षेत्र लगायतको सार्वजनिक स्थल हुनुपर्नेछ ।

(ख) अनुदान नीतिको दफा ११.३.१ बमोजिम प्राप्त हुने अनुदान बाहेक लागत साझेदारीको रकम सम्बन्धित स्थानीय तहले सुनिश्चित गर्नुपर्नेछ ।

(ग) प्रणालीको स्वामित्व स्थानीय तह वा स्थानीय तहले मान्यता दिएको सामुदायिक संस्थाको हुनुपर्नेछ ।

**२.१.२ अनुदान परिचालन प्रक्रिया :**

(क) सम्बन्धित स्थानीय तहले अनुदानको लागि केन्द्रले तोकेको ढाँचामा पूर्वसम्भाव्यता अध्ययन सहित माग पेश गर्नुपर्नेछ ।

(ख) छनौट भएका स्थानका लागि केन्द्र वा स्थानीय तहले सम्भाव्यता अध्ययन गर्नेछ ।

(ग) सम्भाव्यता अध्ययन प्रतिवेदनलाई अनुसूची ३ को दफा ३ बमोजिमको प्राविधिक पुनरावलोकन समितिले मूल्याङ्कन गरी केन्द्रको स्वीकृति पश्चात् सम्बन्धित स्थानीय तहसँग सम्झौता गरिनेछ ।

(घ) केन्द्र वा स्थानीय तह मार्फत प्रणाली खरिद तथा जडान कार्य हुनेछ ।

(ङ) केन्द्रले स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(च) छनौट गरिएको कम्पनीले जडान सम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तह र केन्द्रमा पेश गर्नुपर्नेछ ।

(छ) जडान सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात केन्द्रले प्रणालीको चेक जाँच तथा हस्तान्तरण गर्नेछ ।

(ज) सम्बन्धित स्थानीय तह र केन्द्रले व्यहोर्नुपर्ने रकम सम्झौता बमोजिम जडानकर्ता कम्पनीलाई भुक्तानी गर्नुपर्नेछ ।

२.२. **धार्मिक तथा आध्यात्मिक स्थलका लागि सौर्य प्रणाली**

२.२.१ **योग्यताको मापदण्ड :** धार्मिक तथा आध्यात्मिक स्थलमा सौर्य प्रणाली जडान गर्न देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ :-

(क) धार्मिक तथा आध्यात्मिक स्थल सार्वजनिक हुनुपर्नेछ ।

(ख) अनुदान बाहेकको रकम व्यहोर्ने प्रतिबद्धतापत्र उपलब्ध गराउनुपर्नेछ ।

(ग) स्थानीय तहको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

२.२.२ **अनुदान परिचालन प्रक्रिया:** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले प्राप्त आवेदनको मूल्याङ्कन गरी छनौट भएका स्थलको सूची प्रकाशन गर्नेछ ।

(ख) छनौट भएका स्थलहरूले केन्द्रबाट मान्यता प्राप्त कम्पनीमध्येबाट प्रणाली जडान गर्नुपर्नेछ ।

(ग) प्रणाली जडान गरे पश्चात केन्द्रले तोके बमोजिमको अनुदान आवेदन फारामको साथ देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ :

(अ) जडानस्थल र प्रणालीको स्पष्ट फोटो,

(आ) ब्याट्री र चार्ज कन्ट्रोलरको फोटो,

(इ) जारी गरिएको बिल/बिजकको प्रतिलिपी,

(ई) बिक्रीपछिको सेवा प्रदान गर्ने सम्बन्धी सम्झौता पत्र र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि,

(उ) जडान सम्पन्न सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस ।

(घ) प्राप्त अनुदान आवेदन र कागजातको चेकजाँच गरी उपयुक्त देखिएमा केन्द्रले अनुदान रकमको पन्चानब्बे प्रतिशत रकम भुक्तानी गर्नेछ ।

(ङ) प्रणाली जडान भएको एक वर्ष पछि केन्द्रले स्थलगत अनुगमन गर्दा प्रणाली सञ्चालन सन्तोषजनक पाइएमा बाँकी रहेको पाँच प्रतिशत अनुदान रकम भुक्तानी गर्नेछ ।

२.३ **घरायसी सौर्य ऊर्जा प्रणाली :**

२.३.१ **अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने न्यूनतम योग्यता :** घरायसी प्रयोजनको लागि जडान गरिने २०० वाटपिक वा सो भन्दा बढि क्षमताका सौर्य विद्युत प्रणालीमा अनुदान प्राप्त गर्न न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) उपभोक्ता नेपाली नागरिक हुनुपर्ने ।

(ख) नेपाल विद्युत प्राधिकरणबाट नियमितरुपमा विद्युत सेवा लिएको हुनुपर्ने ।

(ग) आफ्नै स्वामित्वको घर हुनुपर्ने । यदि भाडामा बसेको व्यक्तिले प्रणाली राख्न चाहेमा घरधनी सँगको सम्झौता, घरधनीले विद्युतको महसुल तिरेको बिलको प्रतिलिपि हुनुपर्नेछ ।

(घ) यस भन्दा अगाडि नै सौर्य ऊर्जा प्रणाली जडान गरी अनुदान प्राप्त नगरेको हुनुपर्ने ।

**२.३.२ अनुदान परिचालन :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित उपभोक्ताले केन्द्रबाट मान्यता प्राप्त कम्पनीबाट आवश्यकता अनुसारको प्रणालीको डिजाइन र लागत अनुमान तयार गरी जडानको लागि सम्झौता गर्नुपर्नेछ ।

(ख) कम्पनीले प्रणाली जडान पश्चात् उपभोक्ताले पाउने अनुदान प्राप्त गर्न देहाय बमोजिमका कागजातहरू सहित अनुदान आवेदन फाराम भरी केन्द्रमा पेश गर्नुपर्नेछ :

(१) उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) बिल एवं कर बिजकको प्रतिलिपि,

(३) विद्युत महसुल तिरेको बिलको प्रतिलिपि,

(४) घरधनी र प्रणाली स्पष्ट देखिने गरी खिचिएको फोटो र ब्याट्री र चार्ज कन्ट्रोलरको फोटो,

(५) बिक्री पछिको सेवा प्रदान गर्ने सम्झौता पत्रको र वारेन्टी/ग्यारेन्टीको प्रतिलिपि ।

(ग) प्राप्त अनुदान आवेदन फाराम र कागजातको चेकजाँच गरी उपयुक्त देखिएमा केन्द्रले अनुदान रकम भुक्तानी गर्नेछ ।

**२.४ व्यावसायिक सौर्य ऊर्जा प्रणाली र घरायसी सौर्य ऊर्जा प्रणालीमा ब्याज अनुदान :**

**२.४.१. न्यूनतम योग्यता :** व्यावसायिक प्रयोजनको लागि खासगरी कम्पनी, उद्योग, कारखाना, व्यावसायिक भवन तथा निजी कार्यालय आदिमा जडान गरिने १,५०० वाटपिक क्षमता भन्दा ठूला सौर्य विद्युत प्रणाली तथा घरायसी प्रयोजनका लागि जडान गरिने ५०० वाटपिक क्षमता भन्दा ठूला सौर्य ऊर्जा प्रणालीको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) घरायसी प्रयोजनका लागि जडान गरिने सौर्य ऊर्जा प्रणालीको हकमा दफा ११.३.१ बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(ख) व्यावसायिक प्रयोजनका लागि जडान गरिने सौर्य ऊर्जा प्रणालीको हकमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ :

(अ) प्रचलित कानून बमोजिम दर्ता र नवीकरण भएको व्यावसाय हुनुपर्ने ।

(आ) आयकर दर्ता भएको हुनुपर्ने ।

(इ) कर चुक्ता भएको हुनुपर्ने ।

(ई) नेपाल विद्युत प्राधिकरणबाट विद्युत सेवा लिएको हुनुपर्ने ।

(उ) यस भन्दा अगाडि सोही प्रयोजनको लागि ब्याज अनुदान प्राप्त नगरेको हुनुपर्ने ।

**२.४.२ अनुदान परिचालन प्रक्रिया :**

(क) सम्बन्धित उपभोक्ताले केन्द्रबाट मान्यता प्राप्त कम्पनीसँग प्रस्ताव वा दरभाउ लिई बैंकमा सरल कर्जाको लागि आवेदन दिनु पर्नेछ ।

(ख) बैंकले सरल कर्जा स्वीकृत गरी उपभोक्तासँग ऋण सम्झौता गर्नुपर्नेछ । ऋण चुक्ता गर्ने अवधि बढीमा पाँच वर्षको हुनेछ ।

(ग) बैंकले कर्जा स्वीकृत गरे पश्चात उपभोक्ताले कम्पनी परिर्वतन गर्न पाउने छैन । कम्पनीले जडान गरी

प्रतिवेदन बैंक र केन्द्रमा पेश गर्नुपर्नेछ । यस्तो प्रणालीको जडान बैंकबाट ऋण स्वीकृत पश्चात हुनेछ ।

(घ) बैंकले उपभोक्ताबाट जडान सम्पन्न प्रतिवेदन प्राप्त गरेपछि ऋण सम्झौता बमोजिम उपभोक्ता वा जडानकर्ता कम्पनीलाई कर्जा भुक्तानी गर्नेछ ।

(ङ) बैंकले उपभोक्तालाई प्रवाह गरेको कर्जामा केन्द्रले तोकेको ब्याजदर भन्दा बढी हुने गरी ब्याजदर कायम गर्न तथा अन्य कुनै प्रकारको सेवा शुल्क लिन पाउने छैन ।

(च) बैंकले नियमित रुपमा उपभोक्ताबाट सम्झौता बमोजिमको किस्ता तथा केन्द्रबाट पाउने ब्याजको अनुदान रकम संकलन गर्नेछ र सो को प्रतिवेदन केन्द्रबाट निर्धारित ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ ।

(छ) यस बमोजिम प्रवाह हुने कर्जा र सो को असुली सम्बन्धी कार्यका लागि सम्बन्धित बैंक पूर्ण रुपमा जिम्मेवार र जवाफदेही हुनेछ ।

**२.५. सार्वजनिक शिक्षण संस्था, सार्वजनिक स्वास्थ्य केन्द्र र सामुदायिक अस्पतालमा सौर्य ऊर्जा प्रणाली**

**२.५.१ <u>न्यूनतम योग्यता</u>** : अनुदान प्राप्त गर्नको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) आवेदकले नेपाल विद्युत प्राधिकरणबाट विद्युत सेवा लिएको हुनुपर्ने ।

(ख) आवेदक संस्थाले अनुदान बाहेक बाँकी रकम व्यहोर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्ने ।

(ग) सम्बन्धित स्थानीय तहको सिफारिसको साथ निवेदन दिनुपर्ने ।

**२.५.२ <u>अनुदान परिचालन</u> :** अनुदान परिचालन प्रक्रिया दफा ४.१ बमोजिम हुनेछ ।

**३. <u>वारेण्टी तथा गुणस्तर सम्वन्धी व्यवस्था</u>:** सौर्य ऊर्जा प्रणालीमा प्रयोग हुने उपकरण तथा सामग्रीको वारेण्टी तथा गुणस्तर सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सौर्य ऊर्जा प्रणालीमा प्रयोग हुने उपकरण तथा सामग्रीको वारेण्टी अवधि कम्तीमा प्रचलित नेपाल फोटोभोल्टाइक गुणस्तर सुनिश्चितता मापदण्ड बमोजिम हुनुपर्नेछ ।

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सौर्य/विद्युत प्राविधिक तह एक उत्तिर्ण गरेका वा ईलेक्ट्रोनिक्स, ईलेक्ट्रिकल तथा मेकानिकल विषयमा प्रमाणपत्र तह हासिल गरेका वा सो भन्दा माथिको योग्यता हासिल गरेका प्राविधिकले मात्र प्रणाली जडान गरेको हुनुपर्नेछ ।

(ग) केन्द्रले जडान सम्पन्न प्रणालीको अनुगमन गर्नेछ र तोकिएको मापदण्ड अनुसार नपाइएमा जडानकर्तालाई नियमानुसार कारबाही हुनेछ ।

(घ) कम्पनीले जडान गरेका प्रणालीमा जडान मितिबाट दुई वर्षसम्म बिक्री पछिको सेवा तथा मर्मत सम्भार सेवा प्रदान गर्नुपर्नेछ ।

(ङ) जडित प्रणालीमा प्रयोग हुने उपकरण तथा सामग्रीबाट वातावरण प्रदुषण हुन नदिन विद्यमान वातावरण संरक्षण ऐन र नियमावलीले तोके बमोजिमका मापदण्ड, नियमको पालना सम्बन्धित व्यावसायी, कम्पनी र उपभोक्ताले गर्नुपर्नेछ ।

## अनुसूची ४
## बायोग्यास
## {दफा ६.३ (१) (घ) सँग सम्बन्धित}

**१. <u>माग संकलन तथा छनौट</u> :** माग संकलन तथा छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) इच्छुक आवेदकले तोकिए बमोजिमको ढाँचामा केन्द्रमा उपलब्ध सम्भाव्यता अध्ययन फाराम भरी सम्बन्धित स्थानीय तहको सिफारिस र आवश्यक कागजात सहित आवेदन दिनु पर्नेछ ।

(ख) प्राप्त आवेदनको मूल्याङ्कन गरी छनौट भएका आवेदन केन्द्रले सूचनापाटी तथा वेवसाइट मार्फत प्रकाशित गर्नेछ ।

(ग) छनौट भएको आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ । तर घरायसी बायोग्यासको हकमा केन्द्रले सार्वजनिक सूचना प्रकाशन गरे पश्चात् केन्द्रबाट मान्यता प्राप्त जडान/निर्माणकर्ता कम्पनीले मागका आधारमा निर्माण तथा जडान गर्न सक्नेछन् ।

**२. <u>सम्भाव्यता अध्ययन</u>**

**२.१ <u>ठूला क्षमताका बायोग्यास प्लान्ट</u>** : (१) १२.५ घनमिटर देखि १०० घनमिटर सम्मको प्लान्टको लागि सम्भाव्यता अध्ययन र सो भन्दा ठूला प्लान्टको हकमा विस्तृत सम्भाव्यता अध्ययन गर्नुपर्नेछ ।

(२) सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) आयोजना विकासकर्ताले केन्द्रले तोके बमोजिमको ढाँचामा सम्भाव्यता/विस्तृत सम्भाव्यता अध्ययन गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम अध्ययन भई केन्द्रमा पेश भएका सम्भाव्यता/विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कनका लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित शाखा | –संयोजक |
| (ख) केन्द्रले तोकेको सम्बन्धित विषयको विज्ञ | –सदस्य |
| (ग) केन्द्रले तोकेको वातावरणीय तथा सामाजिक सुरक्षण विज्ञ | – सदस्य |
| (घ) केन्द्रले तोकेको प्राज्ञिक संस्थाको प्रतिनिधि | – सदस्य |
| (ङ) अधिकृत, सम्बन्धित शाखा | – सदस्य सचिव |

(५) उपदफा (४) बमोजिमको प्राविधिक पुनरावलोकन समितिमा आवश्यकता अनुसार थप विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**३ <u>अनुदान परिचालन प्रक्रिया</u>**

**३.१ <u>घरायसी बायोग्यास प्लान्ट</u>** : अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) तोकिए बमोजिमका घरायसी बायोग्यास प्लान्टको हकमा कम्तीमा एक गाईवस्तु भएको घरमा केन्द्रद्वारा मान्यता प्राप्त कम्पनीले जडान वा निर्माण गरेको बायोग्यास प्लान्टलाई मात्र अनुदान उपलब्ध गराइनेछ ।

(ख) कम्पनीले केन्द्रले तोके बमोजिमको मापदण्ड पूरा गरी निर्धारित आवेदन फारामका साथ उपभोक्ताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी प्रतिनिधि, उपभोक्ता, उपभोक्ताको घर र प्लान्टको समेत

संयुक्त फोटो पेश गर्नुपर्नेछ । उपभोक्ता स्वयं उपस्थित हुन नसक्ने अवस्थामा परिवारको अन्य सदस्यको फोटो तथा यस्तो अवस्थामा नाता प्रमाणित कागजात वा मुचुल्का मार्फत नाता पहिचान गरी आवश्यक कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

(ग) भान्छाबाट निस्कने फोहर तथा अन्य घरायसी जैविक वस्तु समेत प्रयोग हुने केन्द्रद्वारा स्वीकृत डिजाइन बमोजिम चार घन मिटर क्षमता सम्मका बायोग्यास प्लान्टको हकमा समेत खण्ड (ख) मा उल्लेखित कागजात पेश गर्नुपर्नेछ ।

(घ) जडान गरिएको प्लान्टको उपकरणमा सम्बन्धित निर्माण/जडानकर्ता कम्पनीले एक वर्ष र सिभिल संरचनाको हकमा तीन वर्ष समय अवधिको प्रत्याभूति (वारेन्टी) प्रदान गर्नु पर्नेछ ।

(ङ) जडान/निर्माणकर्ता कम्पनीले प्लान्ट जडान पश्चात् अनुदान आवेदन फाराम केन्द्रमा पेश गर्नुपर्नेछ ।

(च) पेश भएका कागजातको आवश्यक चेक जाँच गरी तोकिए बमोजिमका शर्तहरू पूरा भएमा केन्द्रले अनुदान भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र सो को आधारमा कोषले भुक्तानी गर्नेछ ।

(छ) जडान/निर्माणकर्ता कम्पनीले जडान गरेको प्लान्टको मूल्य केन्द्रले तोकेको प्रति इकाई लागत मूल्यभन्दा बढी हुनेछैन ।

(ज) कोषले सम्बन्धित कम्पनीलाई अनुदान भुक्तानी गर्दा स्वीकृत अनुदानको पाँच प्रतिशत सुरक्षण जमानत (रिटेन्सन) कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेछ ।

(झ) प्लान्ट निर्माण सम्पन्न पश्चात जडानकर्ता कम्पनीले केन्द्रको प्राविधिक मापदण्ड तथा निर्देशिका अनुसार कम्तीमा एक वर्षसम्म बिक्री पछिको सेवा उपलब्ध गराउनु पर्नेछ ।

(ञ) केन्द्रले जडित प्लान्टको बिक्री पछिको सेवा उपलब्ध गराउने अवधि समाप्त भएपछि प्लान्टको स्थलगत अनुगमन गर्दा कूल जडित संख्याको न्यूनतम १० प्रतिशत नमुना छनौट गरिनेछ । अनुगमन प्रतिवेदनको आधारमा केन्द्रको सिफारिसमा कोषले रिटेन्सन रकम भुक्तानी गर्नेछ ।

(ट) सम्बन्धित कम्पनीले केन्द्रले तोकेको मापदण्ड बमोजिम जडान र बिक्री पछिको सेवा उपलब्ध गराएको नपाइएमा कम्पनीबाट देहाय बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ :-

| क्र.सं. | विचलनको प्रकार | बिगो र क्षतिपूर्ति (अनुदानको आधारमा) |
|---|---|---|
| १. | बायोग्यास प्लान्ट नभेटिएमा वा दोहोरो अनुदान दाबी गरेमा | अनुदान रकम बराबरको बिगो भराई सो बराबरको रकम क्षतिपूर्ति भराउने |
| २. | तोकिएको मापदण्ड भन्दा कम गुणस्तर वा कम क्षमताको प्लान्ट निर्माण गरेमा | |
| ३. | *फर्जी कागजात पेश गरेमा | |
| ४. | निर्माण सम्पन्न नभएको प्लान्ट अनुदानको लागि पेश गरेमा | अनुदान रकम बराबरको बिगो भराउने |
| ५. | अनुदान आवेदन फाराममा भरिएको उपभोक्ताको विवरण त्रुटीपूर्ण भएमा (जस्तै नाम, नागरिकता नम्बर आदि भर्दा गल्ती भएमा) | दुई पटकसम्म चेतावनी दिई सो भन्दा बढी पटक चेतावनी पाएमा तीन महिनाको लागि प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ |
| ६. | **स्लरी खाडल निर्माण नगरेमा | रु. १००० प्रति प्लान्ट बिगो भराउनुको साथै दुई पटकसम्म चेतावनी दिई सो भन्दा बढी पटक चेतावनी पाएमा तीन महिनाको लागि प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ |
| ७. | बिकी पछिको सेवा उपलब्ध नगराएमा | रिटेन्सन बापतको रकम जफत गरिनेछ र सम्बन्धित कम्पनीले प्लान्टको आवश्यक मर्मत सम्भार केन्द्रले तोकेको समयभित्र गर्नुपर्नेछ । अन्यथा सम्बन्धित कम्पनीसँग मर्मत सम्भारको लागि आवश्यक रकम असुल उपर गरिनेछ । |

*फर्जी कागजात तयार गरी पेश गरेको पाइएमा अनुसन्धान तथा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।
**स्लरी खाडल खन्ने कार्य उपभोक्ताको दायित्व भित्र रहनेछ तर निर्माणकर्ता कम्पनीले सो निर्माण पुरा गरेको प्रत्याभूति गर्नुपर्नेछ ।

## ३.२ फोहरबाट ऊर्जामा आधारित बायोग्यास

### ३.२.१ व्यावसायिक, संस्थागत र सामुदायिक बायोग्यास प्लान्ट

**३.२.१.१ अनुदानको लागि न्यूनतम योग्यता :** जैविक फोहरबाट बायोग्यास उत्पादन गर्ने प्लान्ट निर्माणमा अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको न्यूनतम योग्यता पूरा भएको हुनुपर्नेछ :

(क) सम्बन्धित संस्था प्रचलित कानून बमोजिम दर्ता भएको ।

(ख) सम्बन्धित संस्थाले प्रचलित कानून बमोजिम आवश्यक जग्गाको व्यवस्था गरेको ।

(ग) अनुदान बाहेकको रकम सुनिश्चितता गरेको ।

(घ) व्यावसायिक संस्थाको हकमा स्थायी लेखा नम्बर दर्ता र कर चुक्ता गरेको ।

**३.२.१.२ अनुदान परिचालन प्रक्रिया :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

**(क)** बायोग्यास निर्माण गर्न इच्छुक संस्था/समुदाय/व्यावसायिक संस्थाले संस्थाको निर्णय र स्थानीय तहको सिफारिस सहित तोकिएको ढाँचामा आवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ख) केन्द्रले प्राप्त आवेदनको मूल्याङ्कन गरी उपयुक्त देखिएका आवेदन छनौट गरी केन्द्र वा सम्बन्धित संस्थाले सम्भाब्यता अध्ययन गराउन सक्नेछ । १२.५ घनमिटर देखि १०० घनमिटरसम्मका प्लान्टको सम्भाव्यता अध्ययन केन्द्रले तोकेको मापदण्ड बमोजिम सम्बन्धित संस्था वा निकायले गर्नुपर्नेछ । १०० घन. मी. भन्दा माथिका बायोग्यास प्लान्टको हकमा विस्तृत सम्भाब्यता अध्ययनको लागि छनौट गरिएको परामर्शदाताबाट नै गराउनु पर्नेछ ।

(ग) सम्भाव्यता अध्ययन/विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरे पश्चात् प्राविधिक पुनरावलोकन समितिले त्यस्ता प्रतिवेदनको जाँच र मूल्याङ्कन गर्नेछ । प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रबाट स्वीकृत भए पश्चात् बायोग्यास प्लान्ट निर्माणको लागि केन्द्र र सम्बन्धित संस्थाबीच सम्झौता गरिनेछ ।

(घ) सम्बन्धित संस्थाले जडानकर्ता कम्पनी छनौट गरी जडान/निर्माण कार्य सम्पन्न गर्नेछ ।

(ङ) बायोग्यास प्लान्ट निर्माण सम्पन्न गरी सम्बन्धित उपभोक्ताको तर्फबाट निर्माण कम्पनीले अनुदान आवेदन फाराम सहित प्लान्टको परीक्षण तथा हस्तान्तरण (Testing and Commissioning) का लागि अनुरोध गर्नुपर्नेछ ।

(च) परीक्षण तथा हस्तान्तरण सम्पन्न भए पश्चात् केन्द्रले कूल अनुदान रकमको १० प्रतिशत सुरक्षण जमानत (रिटेन्सन) कट्टा गरी भुक्तानी गर्नेछ ।

(छ) भूक्तानी प्रक्रिया सम्झौता बमोजिम हुनेछ ।

**३.२.२ नगरपालिकाबाट निस्कने फोहरबाट बायोग्यास ऊर्जा प्रणाली निर्माण :** नगर क्षेत्रबाट निस्कने जैविक फोहरबाट आयोजना विकासकर्ता मार्फत निर्माण गरिने बायोग्यास प्लान्टको लागि अनुदान प्राप्त गर्न देहाय बमोजिमका प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) बायोग्यास प्लान्ट निर्माणको लागि सम्बन्धित इच्छुक स्थानीय तहले केन्द्रमा तोकिए बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्नेछ ।

(ख) प्राप्त आवेदनमध्ये उपयुक्त आवेदन छनौट गरी सम्बन्धित स्थानीय तह र केन्द्रबीच बायोग्यास प्लान्टको निर्माण गर्न दुवै संस्थाको भूमिका र लगानीका स्रोत समेत स्पष्ट उल्लेख गरी समझदारी (एम.ओ.यु.) गरिनेछ ।

(ग) केन्द्र वा सम्बन्धित स्थानीय तह वा आयोजना विकासकर्ताले सम्भाव्यता अध्ययन प्रचलित व्यवस्था बमोजिम गराउन सक्नेछन् ।

(घ) सम्भाव्यता अध्ययन प्रतिवेदनलाई केन्द्रको प्राविधिक पुनरावलोकन समितिले मूल्याङ्कन गरी उपयुक्त भएमा केन्द्रले सम्बन्धित स्थानीय तहलाई परियोजना विकासकर्ता छनौटको लागि अनुरोध गर्नेछ । आयोजना विकासकर्ता छनौट गर्दा स्थानीय तहले सम्बन्धित आयोजना विकासकर्ताको योग्यता, प्रदान गरिने सेवा सुविधा तथा शर्त समेत निर्धारण गर्नुपर्नेछ । यसको लागि केन्द्रले सम्बन्धित स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(ङ) सम्बन्धित स्थानीय तहले आयोजना विकासकर्ता छनौटको लागि केन्द्रद्वारा निर्धारित नमूना पूर्व योग्यता सम्बन्धी कागजातको आधारमा इच्छुक आयोजना विकासकर्ताबाट आवेदन पेश गर्न सूचना आह्वान गर्नु पर्नेछ ।

(च) योग्य ठहरिएका आवेदकमध्ये उत्कृष्ठ आवेदकबाट स्थानीय तहले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सहितको विस्तृत प्रस्ताव आह्वान गर्नेछ । छनौट गरिएको आयोजना विकासकर्ताले प्रचलित कानून बमोजिम निर्धारित समय सिमा भित्र आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सहित विस्तृत प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ । आयोजना विकासकर्तालाई आवश्यक लागेमा उपयुक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताको छनौट गरी विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्न सक्नेछ ।

(छ) सम्बन्धित स्थानीय तहले प्राप्त विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राविधिक मूल्याङ्कन तथा स्वीकृतिको लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ज) प्राप्त प्रतिवेदन केन्द्रको प्राविधिक पुनरावलोकन समितिबाट मूल्याङ्कन भई सम्भाव्य भएमा केन्द्रले प्रतिवेदन स्वीकृत गरी सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनेछ ।

(झ) स्वीकृत आयोजना निर्माणको लागि केन्द्र, स्थानीय तह र आयोजना विकासकर्ता बीच त्रिपक्षीय सम्झौता गरिनेछ । सम्झौतामा सम्बन्धित संस्थाको काम, कर्तव्य, अधिकार, भूमिका तथा जिम्मेवारी उल्लेख गरिनेछ । उक्त सम्झौतामा संकलित फोहर, प्लान्ट निर्माणका लागि आवश्यक जग्गा, नगर फोहर तथा फोहर संकलन सेवाको निमित्त उपलब्ध औजार/उपकरण/साधन, आदिको उपयोग, अनुदान रकम र आर्थिक स्रोत समेतको बारेमा उल्लेख गर्नुपर्नेछ

(ञ) भुक्तानी प्रक्रिया सम्झौता बमोजिम हुनेछ ।

**३.३ <u>परीक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन, बिगो तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>**

३.३.१ <u>परीक्षण तथा हस्तान्तरण</u> : आयोजना निर्माण सम्पन्न पश्चात् परीक्षण तथा हस्तान्तरण प्रक्रिया देहाय

बमोजिम हुनेछ :

(क) १२.५ घ.मी. भन्दा माथिका बायोग्यास प्लान्टको सम्पूर्ण निर्माण कार्य तथा भरण र ग्यास उत्पादन भएपछि निर्माणकर्ता कम्पनीले वा आयोजना विकासकर्ताले केन्द्रलाई प्लान्टको परीक्षण तथा हस्तान्तरणको लागि अनुरोध गर्नुपर्नेछ ।

(ख) केन्द्रले आवश्यक चेकजाँच गरी सम्पूर्ण प्रक्रिया पूरा भएको पाइएमा परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ग) केन्द्रको निर्देशिका बमोजिमको प्रत्याभूत सञ्चालन क्षमता [Guarantee Performance Requirement (GPR)] अनुसार ग्यास वा ग्यासबाट उत्पादित विद्युत शक्ति दुवै स्वीकृत विस्तृत सम्भाव्यता अध्ययनमा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

**३.३.२ भूक्तानी तथा अनुगमन :** भूक्तानी तथा अनुगमन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) आयोजनाबाट उत्पादित ग्यास वा विद्युतीय शक्तिलाई स्वीकृत अनुदान दरले गणना गरी कायम हुने अनुदान रकम र कूल योग्य लागत (प्लान्ट, मेशीनरी र सो सँग सम्बन्धित अन्य थप सामग्री, जडान) को ४० प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकमको ९० प्रतिशतसम्म भूक्तानी गरिनेछ ।

(ख) निर्धारित क्षमताभन्दा कम ग्यास वा विद्युत शक्ति उत्पादन भएको प्लान्टको हकमा थप एक पटकको लागि परीक्षण गराउन सकिने र सोको लागि आवश्यक खर्च आयोजना विकासकर्ताले व्यहोर्नुपर्नेछ । तर थप एक पटक परीक्षण गर्दा समेत निर्धारित क्षमताको ८० प्रतिशत भन्दा कम उत्पादन भएमा अनुदानको लागि योग्य हुने छैन ।

(ग) ठूला बायोग्यास प्लाण्टको हकमा प्रत्याभूति अवधि समाप्त भएपछि अनुगमन गरी बिक्री पछिको सेवा प्रदान गरेको र प्लान्ट सन्तोषजनक रुपमा सञ्चालन भएको पाइएमा बाँकी रकम भुक्तानी गरिनेछ ।

## अनुसूची ५

## जैविक ऊर्जा

## {दफा ६.३ (१) (ङ) सँग सम्बन्धित}

१. **<u>प्रविधिको स्तर निर्धारण :</u>** (१) जैविक ऊर्जा प्रविधिको स्तर निर्धारणको लागि सबै प्रकारका सुधारिएको चुलोको मोडल, ग्यासिफायर प्रणाली आदिको छनौट गरी देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले स्वीकृत गर्नेछ :

(क) प्रमुख, सम्बन्धित शाखा –संयोजक

(ख) केन्द्रले तोकेको सम्बन्धित विषयको विज्ञ –सदस्य

(ग) प्रतिनिधि, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र - सदस्य

(घ) अधिकृत, सम्बन्धित शाखा – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता बमोजिम थप विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**२. घरायसी खाना पकाउने चुलो**

घरायसी खाना पकाउने चुलो विशेष गरी फलामे सुधारिएको चुलो, फलामे रकेट चुलो र फलामे ग्यासिफायर चुलोको लागि अनुदान उपलब्ध गराउन योग्यताको आधार र प्रक्रिया देहाय बमोजिम हुनेछ :

२.१ **<u>अनुदानको लागि योग्यताको आधार</u>** : घरायसी खाना पकाउने चुलोको लागि अनुदान प्राप्त गर्न योग्यताको आधार देहाय बमोजिम हुनेछ :-

(क) फलामे रकेट चुलो र ग्यासिफायर चुलोको हकमा नेपालका सबै घरधुरी अनुदानका लागि योग्य हुनेछन्।

(ख) फलामे सुधारिएको चुलोको हकमा पन्ध्र सय मिटरभन्दा माथि उचाईमा रहेका घरधुरी अनुदानको लागि योग्य हुनेछन्।

२.२ **<u>अनुदान परिचालन प्रक्रिया</u>**

(क) केन्द्रको मापदण्ड पूरा गरेका र मान्यता प्राप्त कम्पनीले जडान वा निर्माण गरेको घरायसी सुधारिएको चुलोलाई मात्र अनुदान उपलव्ध गराइनेछ।

(ख) कम्पनीले तोकिए बमोजिमको मापदण्ड पूरा गरी निर्धारित आवेदन फारामका साथ उपभोक्ताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी प्रतिनिधि, उपभोक्ता, उपभोक्ताको घर र जडित चुलोको समेत संयुक्त फोटो पेश गर्नुपर्नेछ। उपभोक्ता स्वयं उपस्थित हुन नसक्ने अवस्थामा परिवारको अन्य सदस्यको फोटो तथा यस्तो अवस्थामा नाता प्रमाणित कागजात वा मुचुल्का मार्फत नाता पहिचान गरी आवश्यक कागजात संलग्न गरी पेश गर्नुपर्नेछ।

(ग) पेश भएका कागजातको आवश्यक चेक जाँच गरी तोकिए बमोजिमका शर्तहरू पूरा भएमा केन्द्रले अनुदान भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ र सो को आधारमा कोषले स्वीकृत अनुदानको पाँच प्रतिशत सुरक्षण जमानत (रिटेन्सन) कट्टा गरी बाँकी रकम भुक्तानी गर्नेछ।

(घ) जडानकर्ता कम्पनीले जडान गरेको चुलोको मूल्य केन्द्रले तोकेको प्रति इकाई लागत मूल्यभन्दा बढी हुनेछैन।

(ङ) जडान गरिएको चुलोको सम्बन्धित जडानकर्ता कम्पनीले एक वर्षको प्रत्याभूति (वारेन्टी) प्रदान गर्नुपर्नेछ ।

**२.३ <u>अनुगमन</u> :** अनुगमन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले जडित चुलोको बिक्री पछिको सेवा उपलब्ध गराउने अवधि समाप्त भएपछि स्थलगत अनुगमन गर्दा कूल जडित संख्याको न्यूनतम १० प्रतिशत नमुना छनौट गर्नेछ । यस्तो अनुगमन स्थानीय तहबाट समेत गर्न गराउन सकिनेछ ।

(ख) केन्द्रले अनुगमन प्रतिवेदन स्वीकृत गरे पश्चात सोको आधारमा केन्द्रको सिफारिसमा कोषले रिटेन्सन रकम भुक्तानी गर्नेछ ।

(ग) सम्बन्धित कम्पनीले केन्द्रले तोकेको मापदण्ड बमोजिम जडान र बिक्री पछिको सेवा उपलब्ध गराएको नपाइएमा कम्पनीबाट देहाय बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ :-

| क्र.सं. | विचलनको प्रकार | बिगो र क्षतिपूर्ति (अनुदानको आधारमा) |
|---|---|---|
| १. | चुलो नभेटिएमा वा दोहोरो अनुदान दाबी गरेमा | अनुदान रकम बराबरको बिगो भराई सो बराबरको रकम क्षतिपूर्ति भराउने |
| २. | केन्द्र र अन्य निकायबाट गरी केन्द्रले निर्धारण गरेको अधिकतम मूल्यभन्दा बढी अनुदान दाबी गरेमा | |
| ३. | तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको चुलो आपूर्ति / जडान गरेमा | |
| ४. | * फर्जी कागजात पेश गरेमा | |
| ५. | आपूर्ति भएको तर जडान/वितरण नगरी अनुदान दावी गरेमा | अनुदान रकम बराबरको बिगो भराउने |
| ६. | चुलोमा खोपेको कोड (Engrave number) नभएमा | |
| ७. | एकाघरको एकभन्दा बढी व्यक्तिको नाममा प्रणाली जडान भएमा (अनुदान आवेदन फाराममा उल्लेखित उपभोक्ताको जानकारी वा जानकारी बिना ) | |
| ८. | अनुदान आवेदन फाराममा भएको कोड चुलोमा खोपेको कोडसँग नमिल्नु | अनुदान रकमको पचास प्रतिशत बराबरको बिगो भराउने |
| ९. | फलामे सुधारिएको चुलोको जडानमा त्रुटी भएको कारणले चुलोको कार्य कुशलता तथा क्षमतामा कमी भएमा | |
| १०. | प्रत्याभूति सहित बिक्री पछिको सेवा उपलब्ध नगराउनु | अनुदान रकमको दश प्रतिशत बराबरको बिगो भराउने |
| ११. | अनुदान आवेदन फाराममा भरिएको उपभोक्ताको विवरण त्रुटीपूर्ण भएमा (जस्तै नाम, नागरिकता नम्बर आदि भर्दा गल्ती भएमा) | दुई पटकसम्म चेतावनी दिई सो भन्दा बढी पटक चेतावनी पाएमा तीन महिनाको लागि चुलो जडान/वितरण गर्नमा बन्देज गरिनेछ |

*फर्जी कागजात तयार गरी पेश गरेको पाइएमा अनुसन्धान तथा कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

**३. संस्थागत सुधारिएको चुलो**

सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ्य केन्द्र, प्रहरी तथा सैनिक ब्यारेक, धार्मिकस्थल तथा अनाथाश्रमहरुमा खाना पकाउनेर कोठा तताउने प्रयोजनका लागि प्रयोग हुने फलामे सुधारिएको चुलोको लागि अनुदान उपलब्ध गराउन योग्यताको आधार र प्रक्रिया देहाय बमोजिम हुनेछ :

**३.१ <u>अनुदानको लागि न्यूनतम योग्यता</u> :**

(क) प्रचलित कानून बमोजिम दर्ता वा स्थापित भएका सार्वजनिक संस्था, शैक्षिक संस्था, धार्मिक संस्था,

अनाथालय, वृद्धाश्रम, ब्यारेक, ट्रष्ट आदि अनुदानका लागि योग्य हुनेछन् ।

(ख) सम्बन्धित संस्थाले अनुदान बाहेकको रकमको सुनिश्चितता गरेको ।

(ग) व्यावसायिक संस्थाको हकमा स्थायी लेखा नम्बर दर्ता र कर चुक्ता गरेको ।

**३.२ <u>अनुदान परिचालन प्रक्रिया</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रको मापदण्ड पूरा गरेका र मान्यता प्राप्त कम्पनीले जडान वा निर्माण गरेको संस्थागत सुधारिएको चुलोलाई मात्र अनुदान प्रदान गरिनेछ ।

(ख) इच्छुक संस्थाले संस्थाको निर्णय र स्थानीय तहको सिफारिस सहित तोकिएको ढाँचामा आवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ग) केन्द्रले प्राप्त आवेदनको मूल्याङ्कन गरी उपयुक्त देखिएका आवेदन छनौट गरी सूची प्रकाशन गर्नेछ ।

(घ) सम्बन्धित संस्थाले केन्द्रबाट मान्यता प्राप्त जडानकर्ता कम्पनीमध्ये कुनै एक कम्पनी छनौट गरी चुलो जडानका लागि केन्द्र, सम्बन्धित संस्था र जडानकर्ता कम्पनीबीच त्रिपक्षीय सम्झौता गरी जडान कार्य सम्पन्न गर्नेछ ।

(ङ) चुलो जडान सम्पन्न गरी सम्बन्धित संस्थाको तर्फबाट जडानकर्ता कम्पनीले तोकिए बमोजिमको मापदण्ड पूरा गरी निर्धारित आवेदन फारामका साथ सम्बन्धित स्थानीय तहको सिफारिस, संस्थाको आधिकारिक प्रमाण तथा कम्पनी प्रतिनिधि, संस्थाको प्रतिनिधि र जडित चुलोको समेत संयुक्त फोटो पेश गर्नुपर्नेछ ।

(च) केन्द्रले प्राप्त कागजातको चेकजाँच पश्चात् सम्पूर्ण प्रक्रिया पूरा भएको पाइएमा कुल अनुदान रकमको १० प्रतिशत सुरक्षण जमानत (रिटेन्सन) कट्टा गरी भुक्तानी गर्नेछ ।

(छ) जडान गरिएको चुलोको सम्बन्धित जडानकर्ता कम्पनीले एक वर्षको प्रत्याभूति (वारेन्टी) प्रदान गर्नुपर्नेछ ।

**३.३ <u>अनुगमन</u>** : अनुगमन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले जडित चुलोको बिक्री पछिको सेवा उपलब्ध गराउने अवधि समाप्त भएपछि स्थलगत अनुगमन गर्दा कूल जडित संख्याको न्यूनतम १० प्रतिशत नमुना छनौट गर्नेछ । यस्तो अनुगमन स्थानीय तहबाट समेत गर्न गराउन सकिनेछ ।

(ख) केन्द्रले अनुगमन प्रतिवेदन स्वीकृत गरे पश्चात सोको आधारमा केन्द्रको सिफारिसमा कोषले रिटेन्सन रकम भुक्तानी गर्नेछ ।

(ग) सम्बन्धित कम्पनीले केन्द्रले तोकेको मापदण्ड बमोजिम जडान र बिक्री पछिको सेवा उपलब्ध गराएको नपाइएमा जडानकर्ता कम्पनीलाई विचलनको आधारमा त्रिपक्षीय सम्झौता बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ ।

## ४. तापीय ग्यासिफायर प्रणाली

**४.१ <u>योग्यता :</u>** तापीय ऊर्जाको प्रयोजनको लागि ग्यासिफायर प्लान्ट अन्तर्गतको अनुदान प्राप्त गर्न प्रचलित कानून बमोजिम दर्ता भएका सबै किसिमका लघु, साना तथा मझौला उद्यमहरू योग्य हुने छन् ।

**४.२ <u>अनुदान परिचालन</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रको स्वीकृत डिजाईन अनुरुप स्वीकृत प्राविधिक मापदण्ड र निर्देशिका बमोजिम जडान भएका

ग्यासिफायर प्रणाली मात्र अनुदानका लागि योग्य हुनेछन् ।

(ख) केन्द्रले इच्छुक लघु, साना तथा मझौला उद्यमबाट आवेदन आह्वान गरी प्रणाली जडान गर्नका लागि योग्य उद्यमको पहिचान गरिनेछ ।

(ग) केन्द्रले खरिद ऐन तथा नियमावली बमोजिम आवेदन आह्वान गरी सम्भाव्यता अध्ययन गराउनेछ ।

(घ) सम्भाव्यता अध्ययन प्रतिवेदन बमोजिम प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले सम्भाव्य प्रणालीको स्वीकृति दिई योग्य आवेदकलाई प्रणाली जडानका लागि अनुदान बाहेकको लगानी सुनिश्चित भएपछि अनुदान रकम स्वीकृत गर्नेछ ।

(ङ) केन्द्र वा सम्बन्धित उद्यमले वस्तु तथा सेवाको खरिद प्रचलित खरिद ऐन तथा नियमावली अनुसार गर्नु पर्नेछ ।

(च) सम्बन्धित उद्यमले स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुरुप आफैले खरिद ऐन तथा नियमावली अनुसार ग्यासिफायर प्लान्ट खरिद तथा जडान गर्न सक्नेछन् ।

(छ) छनौट भएको जडानकर्ता कम्पनी, संस्था वा व्यवसायी र केन्द्र बीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(ज) जडानकर्ताले ग्यासिफायर प्लान्ट सफलतापूर्वक जडान गरिसकेपछि केन्द्रले तोकेको ढाँचामा अनुदान फाराम तथा कार्य सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

(झ) केन्द्र वा स्थानीय तहबाट परीक्षण तथा हस्तान्तरणको कार्य गरिनेछ ।

(ञ) जडित प्रणालीको कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि केन्द्रले कुल अनुदान रकमको १० प्रतिशत सुरक्षण जमानत (रिटेन्सन) कट्टा गरी भुक्तानी गर्नेछ ।

(ट) जडान गरिएको चुलोको सम्बन्धित जडानकर्ता कम्पनीले एक वर्षको प्रत्याभूति (वारेन्टी) प्रदान गर्नुपर्नेछ ।

**४.३ <u>अनुगमन तथा मूल्याङ्कन</u>** : अनुगमन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले जडित प्रणालीको बिक्री पछिको सेवा उपलव्ध गराउने अवधि समाप्त भएपछि स्थलगत अनुगमन गर्नेछ । यस्तो अनुगमन स्थानीय तहबाट समेत गर्न गराउन सकिनेछ ।

(ख) केन्द्रले अनुगमन प्रतिवेदन स्वीकृत गरे पश्चात सो को आधारमा केन्द्रको सिफारिसमा कोषले रिटेन्सन रकम भुक्तानी गर्नेछ ।

(ग) सम्बन्धित कम्पनीले केन्द्रले तोकेको मापदण्ड बमोजिम जडान र बिक्री पछिको सेवा उपलब्ध गराएको नपाइएमा जडानकर्ता कम्पनीलाई विचलनको आधारमा त्रिपक्षीय सम्झौता बमोजिम बिगो तथा क्षतिपूर्ति भराइनेछ ।

**५. पाँच किलोवाट देखि एक सय किलोवाट सम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजना**

५.१ **<u>न्यूनतम योग्यता:</u>** अनुदानको लागि न्यूनतम योग्यताका आधार देहाय बमोजिम हुनेछन् :

(क) राष्ट्रिय प्रसारण लाईन नपुगेका वा घरेलु सौर्य विद्युत प्रणाली बाहेक अन्य माध्यमबाट विद्युतीकरण नभएका स्थान ।

(ख) लघु तथा साना जलविद्युतबाट विद्युतीकरणको सम्भावना नभएका र सौर्य मिनीग्रिड आयोजनाबाट विद्युतीकरणको सम्भावना न्यून भएका स्थान ।

(ग) जैविक ऊर्जाका स्रोतको पर्याप्त उपलब्धता रहेका स्थान ।

५.२ **अनुदान परिचालन** : अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले तोकेको प्राविधिक मापदण्ड पूरा गरी जडान गरिएका आयोजना मात्र अनुदानका लागि योग्य हुनेछन् ।

(ख) इच्छुक आयोजना प्रवर्द्धक वा आयोजना विकासकर्ताले पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सहित केन्द्रले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा आवेदन पेश गर्नुपर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहले पेश भएका आवेदन तोकिएको आवश्यक मापदण्ड बमोजिम भए नभएको मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण गरी उपयुक्त आयोजनाको माग सिफारिसका साथ केन्द्रमा पठाउनु पर्नेछ ।

(घ) केन्द्र समक्ष सिफारिस भई आएका आयोजनामध्ये उपयुक्त आयोजनाको छनौट गरी केन्द्रले विस्तृत सम्भाव्यता अध्ययन गराउनेछ ।

(ङ) आयोजना प्रवर्द्धक वा आयोजना विकासकर्ता स्वयंले स्वलगानीमा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेछन् ।

(च) प्राप्त विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई मूल्याङ्कन गर्न देहाय बमोजिमको प्राविधिक पुनरावलोकन समिति रहनेछ :

| | |
|---|---|
| (अ) प्रमुख, सम्बन्धित शाखा | –संयोजक |
| (आ) केन्द्रले तोकेको सम्बन्धित विषयको विज्ञ | –सदस्य |
| (इ) केन्द्रले तोकेको वातावरणीय तथा सामाजिक सुरक्षण विज्ञ | –सदस्य |
| (ई) केन्द्रले तोकेको प्राज्ञिक संस्थाको प्रतिनिधि | –सदस्य |
| (उ) अधिकृत, सम्बन्धित शाखा | – सदस्य सचिव |

(छ) खण्ड (च) बमोजिमको प्राविधिक पुनरावलोकन समितिमा आवश्यकता अनुसार थप विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(ज) प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रद्वारा स्वीकृत गरेका सम्भाव्य आयोजनाको जानकारी आयोजना विकासकर्ता वा प्रवर्द्धकलाई गराइनेछ ।

(झ) खरिद प्रक्रिया शुरु गर्नु अगाडि केन्द्रबाट प्राप्त हुने अनुदान बाहेकको लगानीको स्रोतको सुनिश्चितता आयोजना विकासकर्ता वा प्रवर्द्धकले गर्नुपर्नेछ ।

(ञ) केन्द्रले सार्वजनिक खरिद प्रक्रिया बमोजिम आयोजना निर्माणकर्ता कम्पनी छनौट गर्नेछ ।

(ट) आयोजना विकासकर्ता वा प्रवर्द्धक, निर्माणकर्ता कम्पनी र केन्द्रबीच आयोजनाको निर्माण सम्बन्धी सम्झौता गरिनेछ ।

(ठ) आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि निर्माणकर्ता कम्पनीले आयोजनाको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तहको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ड) केन्द्रले प्राप्त कार्य सम्पन्न प्रतिवेदनको चेकजाँच गरी उत्पादन परीक्षण र हस्तान्तरण गर्नेछ ।

(ढ) भुक्तानी प्रक्रिया सम्झौता बमोजिम हुनेछ ।

(ण) आयोजनाको प्रत्याभूति अवधि समाप्त भएपछि केन्द्र वा स्थानीय तहबाट अनुगमन गरी रिटेन्सन बापतको रकम भुक्तानी एवं कार्य सम्पादन जमानत फुकुवा गरिनेछ ।

(त) जुनसुकै माध्यमबाट प्राप्त भएको गुनासोको सम्बोधन गर्नको लागि आवश्यकता अनुसार केन्द्र वा सम्बन्धित स्थानीय तहले अनुगमन गर्नसक्नेछन् ।

(थ) आयोजना सम्पन्न भएको पाँच वर्ष पश्चात आयोजनाको प्रभाव अध्ययन गरिनेछ ।

**५.३ <u>ऊर्जा खपत (किलोवाट घण्टा) मा आधारित अनुदान परिचालन</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको पहिचान, सम्भाव्यता अध्ययन तथा निर्माण कार्य आयोजना विकासकर्ता स्वयंले गर्नुपर्नेछ ।

(ख) आयोजना निर्माण गर्नुपूर्व आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन र व्यावसायिक योजना प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले स्वीकृत गर्नुपर्नेछ ।

(ग) आयोजनाको ऊर्जा खपत केन्द्रले तोकेको मापदण्ड बमोजिम प्रमाणित गर्नुपर्नेछ । अनुदानको भुक्तानी त्रैमासिक रुपमा प्रमाणित ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा पाँच वर्ष सम्म गरिनेछ ।

**अनुसूची ६**

**वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणाली**

**{दफा ६.३ (१) (च) सँग सम्बन्धित}**

**१. अनुदानको लागि न्यूनतम योग्यता :**

वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुदानको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

(क) राष्ट्रिय प्रसारण लाईन वा अन्य सामुदायिक विद्युत प्रणालीबाट विद्युतीकरण नभएको हुनुपर्नेछ ।

(ख) विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक वायु तथा सौर्य ऊर्जाको स्रोत सम्बन्धी तथ्याङ्क संकलन, विश्लेषण न्यूनतम तथ्याङ्क प्रणाली वा स्याटेलाइटबाट प्राप्त द्वितीय तथ्याङ्क अध्ययनमा आधारित रही गर्नुपर्नेछ ।

**२. अनुदान परिचालन प्रक्रियाः** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले प्राप्त माग र पूर्व सम्भाव्यता अध्ययनको आधारमा आयोजनाको पहिचान र छनौट गर्नेछ ।

(ख) छनौट भएका आयोजनाको केन्द्रले विस्तृत सम्भाव्यता अध्ययन गर्नेछ वा आयोजना विकासकर्ताले स्वलगानीमा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन केन्द्रले तोकेको मापदण्ड बमोजिम गर्न सक्नेछन् ।

(ग) अनुसूची ३ को खण्ड १.३ बमोजिमको प्राविधिक पूनरावलोकन समितिबाट आयोजनाको मूल्याङ्कन गरी केन्द्रले प्राविधिक स्वीकृति प्रदान गर्नेछ ।

(घ) प्राविधिक पुनरावलोकन समितिको सिफारिसमा केन्द्रद्वारा स्वीकृत गरेका सम्भाव्य आयोजनाको जानकारी आयोजना विकासकर्तालाई गराइनेछ ।

(ङ) खरिद प्रक्रिया शुरु गर्नु अगाडि केन्द्रबाट प्राप्त हुने अनुदान बाहेकको लगानीको स्रोतको सुनिश्चितता तथा आवश्यक जग्गाको व्यवस्था आयोजना विकासकर्ताले गर्नुपर्नेछ ।

(च) केन्द्रले सार्वजनिक खरिद प्रक्रिया बमोजिम आयोजना निर्माणकर्ता कम्पनी छनौट गर्नेछ ।

(छ) आयोजना विकासकर्ता, निर्माणकर्ता कम्पनी र केन्द्रबीच आयोजनाको निर्माण तथा जडान सम्बन्धी सम्झौता गरिनेछ ।

(ज) आयोजनाको निर्माण तथा जडान कार्य सम्पन्न भएपछि निर्माणकर्ता कम्पनीले आयोजनाको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तहको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ ।

(झ) केन्द्रले प्राप्त कार्य सम्पन्न प्रतिवेदनको चेकजाँच गरी उत्पादन परीक्षण र हस्तान्तरण गर्नेछ ।

(ञ) भुक्तानी प्रक्रिया सम्झौता बमोजिम हुनेछ ।

(ट) आयोजनाको प्रत्याभूति अवधि समाप्त भएपछि केन्द्र वा स्थानीय तहबाट अनुगमन गरी रिटेन्सन बापतको रकम भुक्तानी एवं कार्य सम्पादन जमानत फुकुवा गरिनेछ ।

(ठ) जुनसुकै माध्यमबाट प्राप्त भएको गुनासोको सम्बोधन गर्नको लागि आवश्यकता अनुसार केन्द्र वा सम्बन्धित स्थानीय तहले अनुगमन गर्नेछ ।

(ड) आयोजना सम्पन्न भएको पाँच वर्ष पश्चात आयोजनाको प्रभाव अध्ययन गरिनेछ ।

## अनुसूची ७

## उत्पादनमूलक ऊर्जा प्रयोग

## {दफा ६.३ (१) (छ) सँग सम्बन्धित}

**१. लघु, साना र मझौला उद्योग एवं व्यवसाय**

**१.१ अनुदानको लागि न्यूनतम योग्यता :** उत्पादनमूलक ऊर्जा प्रयोगका लागि अनुदान प्राप्त गर्न न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) तापीय, विद्युत र यान्त्रिक प्रयोगको लागि राष्ट्रिय प्रसारण लाईनमा नजोडिएका नवीकरणीय ऊर्जाका प्रविधि प्रयोग गरिरहेका र प्रचलित कानून बमोजिम दर्ता भएका लघु, साना र मझौला उद्योग एवं व्यवसाय हुनुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमका उद्योग एवं व्यवसायले अनिवार्य रुपमा स्थानीय तहको सिफारिस सहित दिर्घकालीन व्यावसायिक योजना पेश गरेको हुनुपर्नेछ।

**१.२ अनुदान परिचालन प्रक्रिया** : अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले तोकेको ढाचाँमा अनुदानको लागि आवेदन दिनुपर्ने छ।

(ख) प्राप्त आवेदनको चेकजाँच गरी सूची प्रकाशन गरिनेछ।

(ग) छनौट भएका उद्यमी वा व्यावसायीले केन्द्रले तोकेको ढाँचामा व्यावसायिक योजना पेश गर्नुपर्नेछ।

(घ) केन्द्रले देहाय बमोजिमको व्यावसायिक योजना पुनरावलोकन समिति मार्फत व्यवसाय स्वीकृत गर्नेछ।

| | | |
|---|---|---|
| (अ) | प्रमुख, सम्बन्धित महाशाखा | संयोजक |
| (आ) | प्रतिनिधि, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | सदस्य |
| (इ) | केन्द्रले तोकेका सम्बन्धित क्षेत्रका विज्ञ | सदस्य |
| (ई) | शाखा प्रमुख, सम्बन्धित शाखा | सदस्य |
| (उ) | अधिकृत, सम्बन्धित शाखा | सदस्य सचिव |

(ङ) खण्ड (घ) बमोजिमको व्यावसायिक योजना पुनरावलोकन समितिको बैठकमा आवश्यकता अनुसार केन्द्रको सम्बन्धित शाखा र अन्य विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(च) व्यावसायिक योजना पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले व्यावसायिक योजना स्वीकृत गरी सम्बन्धित उद्यमी वा व्यावसायीलाई जानकारी गराउनेछ।

(छ) सम्बन्धित उद्यमी वा व्यावसायीले अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गर्नुपर्नेछ।

(ज) केन्द्रबाट स्वीकृत व्यावसायिक योजना, लागत र अनुदानको अधिनमा रही आवश्यक यन्त्र तथा उपकरण खरिद गरी सक्कलै बिल बिजक, सम्बन्धित व्यावसाय वा उद्योगको नाममा वाणिज्य वा विकास बैंकमा रहेको बैंक खाताको विवरण सहित अनुदान भूक्तानीको लागि केन्द्रमा पेश गर्नुपर्नेछ।

(झ) प्राप्त कागजातको चेकजाँच पछि दश प्रतिशत रिटेन्सन बापतको रकम कट्टा गरी अनुदान भूक्तानी गरिनेछ।

(ञ) अनुदान भूक्तानीको मितिले एक वर्षपछि केन्द्र वा सम्बन्धित स्थानीय तहबाट अनुगमन गरी उपयुक्त देखिएमा रिटेन्सन बापतको रकम भुक्तानी गरिनेछ।

**२. स्थापित सामुदायिक विद्युतीकरण आयोजनालाई व्यावसायको रुपमा सञ्चालन**

**२.१ <u>अनुदानको लागि न्यूनतम योग्यता</u> :** अनुदान प्राप्त गर्न न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) सामुदायिक विद्युतीकरण आयोजना उपभोक्ता समिति वा सहकारी वा कम्पनीको रुपमा दर्ता र नवीकरण भएको ।

(ख) आयोजनाको वार्षिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइ भएको ।

(ग) व्यावसाय संचालनको लागि सम्बन्धित निकायको सहमति प्राप्त भएको ।

**२.२ <u>अनुदान परिचालन प्रक्रिया</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले तोकेको ढाँचामा व्यावसायिक योजना र स्थानीय तहको सिफारिस सहित आवेदन पेश गर्नुपर्नेछ ।

(ख) प्राप्त आवेदनको चेकजाँच गरी खण्ड १.२ (घ) बमोजिमको व्यावसायिक योजना पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले व्यावसायिक योजना स्वीकृत गरी सम्बन्धित व्यावसायीलाई जानकारी गराउनेछ ।

(छ) सम्बन्धित व्यावसायीले अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गर्नुपर्नेछ ।

(ज) केन्द्रबाट स्वीकृत व्यावसायिक योजना, लागत र अनुदानको अधिनमा रही आवश्यक यन्त्र तथा उपकरण खरिद गरी सक्कलै बिल बिजक, सम्बन्धित व्यावसायको नाममा वाणिज्य वा विकास बैंकमा रहेको बैंक खाताको विवरण सहित अनुदान भूक्तानीको लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(झ) प्राप्त कागजातको चेकजाँच पछि दश प्रतिशत रिटेन्सन बापतको रकम कट्टा गरी अनुदान भूक्तानी गरिनेछ ।

(ञ) अनुदान भूक्तानीको मितिले एक वर्षपछि केन्द्र वा सम्बन्धित स्थानीय तहबाट अनुगमन गरी उपयुक्त देखिएमा रिटेन्सन बापतको रकम भुक्तानी गरिनेछ ।

**३ लघु जलविद्युतबाट सञ्चालित पम्पिङ्ग सिँचाइ आयोजना**

**३.१ <u>अनुदानको लागि न्यूनतम योग्यता</u> :** अनुदान प्राप्त गर्न न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कम्पनी, उपभोक्ता समिति, सहकारी वा अन्य सामुदायिक संस्था ।

(ख) लघु जलविद्युतबाट सञ्चालित पम्पिङ्ग सिँचाइ आयोजनाको सम्भाव्यता रहेको र सोको लागि आवश्यक व्यावसायिक योजना पेश गरेको ।

**३.२ <u>अनुदान परिचालन प्रक्रिया</u> :** अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले तोकेको ढाचाँमा अनुदानको लागि आवेदन दिनुपर्नेछ ।

(ख) प्राप्त आवेदनको चेकजाँच गरी सूची प्रकाशन गरिनेछ ।

(ग) छनौट भएका व्यावसायीले केन्द्रले तोकेको ढाँचामा व्यावसायिक योजना पेश गर्नुपर्नेछ ।

(घ) केन्द्रले खण्ड १.२ (घ) बमोजिमको व्यावसायिक योजना पुनरावलोकन समिति मार्फत व्यवसाय स्वीकृत गर्नेछ ।

(ङ) व्यावसायिक योजना पुनरावलोकन समितिको सिफारिसमा केन्द्रले व्यावसायिक योजना स्वीकृत गरी सम्बन्धित व्यावसायीलाई जानकारी गराउनेछ ।

(च) सम्बन्धित व्यावसायीले अनुदान बाहेकको रकमको स्रोत सुनिश्चितता गर्नुपर्नेछ ।

(छ) केन्द्रबाट स्वीकृत व्यावसायिक योजना, लागत र अनुदानको अधिनमा रही सार्वजनिक खरिद प्रक्रियाबाट आयोजनाको निर्माण तथा जडान कार्य सम्पन्न गर्नुपर्नेछ ।

(ज) आयोजनाको निर्माण सम्पन्न प्रतिवेदन र स्थानीय तहको सिफारिस सहित अनुदान भूक्तानीको लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(झ) केन्द्रले आयोजनाको निर्माण सम्पन्न प्रतिवेदनको आधारमा स्थलगत परीक्षण गरी उपयुक्त देखिएमा दश प्रतिशत रिटेन्सन बापतको रकम कट्टा गरी अनुदान भूक्तानी गर्नेछ ।

(ञ) आयोजनाको स्थलगत परीक्षण सम्पन्न भएको मितिले एक वर्षपछि केन्द्र वा सम्बन्धित स्थानीय तहबाट अनुगमन गरी उपयुक्त देखिएमा रिटेन्सन बापतको रकम भुक्तानी गरिनेछ ।

**अनुसूची ८**

**कर्जा परिचालन प्रक्रिया**

**{दफा ६.३ (१) (ज) सँग सम्बन्धित}**

१. **कर्जाको माग सिर्जना :** कर्जाको माग सिर्जना देहाय बमोजिम गरिनेछ :

(क) नवीकरणीय ऊर्जा प्रविधिका उपभोक्ता, उद्यमी, व्यावसायी तथा भायबिलिटी ग्याप फण्डिङ्गका लाभग्राहीमा कर्जाको माग सिर्जना गर्न प्रचार प्रसार तथा अभिमुखीकरण सम्बन्धी कार्य गरिनेछ ।

(ख) नवीकरणीय ऊर्जामा कर्जा प्रवाहलाई विस्तार गर्न स्थानीय तह र वित्तीय संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

२. **कर्जाका लागि न्यूनतम योग्यता :** कर्जा प्राप्त गर्नका लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) अनुदान नीति बमोजिम अनुदानको लागि योग्य सम्पूर्ण नवीकरणीय ऊर्जा प्रविधि, उद्योग र व्यावसाय ।

(ख) नवीकरणीय ऊर्जा प्रविधि उत्पादन, जडान तथा निर्माण गर्न केन्द्रबाट मान्यता प्राप्त कम्पनी वा कोषको प्रचलित सञ्चालन निर्देशिका बमोजिमका योग्य आवेदक संस्था ।

३. **कर्जाको आवेदन तथा परिचालन प्रक्रिया** : कर्जाको आवेदन तथा परिचालन प्रक्रिया कोषको प्रचलित सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।